
कि त यो किताबले तपाईंलाई उथलपुथल पार्नेछ,
नत्र तपाईंले यो किताबलाई हुत्याउनुहुनेछ।
जागृति
किन ढिलो हुँदैछ?
लियोनार्ड रेभेनहिल

# जागृति किन ढिलो हुँदैछ ?

लियोनार्ड रैभनहिल

**प्रकाशक**
**ट्याबरनेकल अफ गड मिनिस्ट्रीज**
**बाह्रबिसे - ९, सिन्धुपाल्चोक,**
**नेपाल**
**Visit us : www.togmission.com**
**email: togmission@gmail.com**

**पहिलो प्रकाशन : वि.सं. २०७६ (२०२० A.D.)**
**संशोधित दोस्रो प्रकाशन : वि.सं. २०८२ (२०२५ A.D.)**

अनुवादक : के.एम.दास
टाइपिङ : सहदेव श्रेष्ठ

**Original English Edition:**
**Title:** Why Revival Tarries
**Author:** Leonard Ravenhill
**First Publication:** 1959
**Published by:** RAVENHILL BOOKS

*All our books are available for free download on our website.*

# विषय सूची


| | विषय | पृष्ठ |
|---|---|---|
| १. | तिम्रो सारा प्राप्तिले अभिषेक प्राप्त गर | ७ |
| २. | प्रार्थनाले अनन्ततालाई पक्रन्छ | १३ |
| ३. | पुलपिटमा अभिषेक र विश्वासीहरूमा कामको आह्वान ! | १९ |
| ४. | परमप्रभु परमेश्वरका एलियाहरू कहाँ छन् ? | २९ |
| ५. | हाडै-हाड भएको बेँसीमा जागृति | ३७ |
| ६. | जागृति ढिलो हुँदैछ— किनभने | ४९ |
| ७. | के प्राणमा आगो भएको प्रचार एउटा हराएको कला हो? | ५७ |
| ८. | अविश्वास गर्ने विश्वासीहरू | ६३ |
| ९. | आवश्यकता— न्यायको दिनको लागि भविष्यवक्ताहरू | ६९ |
| १०. | आगोले आगो जन्माउँछ | ७७ |
| ११. | तिनीहरू किन आफैलाई जगाउँदैनन्? | ८५ |
| १२. | उडन्ता संसारमा एउटा उडन्ता मण्डली | ९३ |
| १३. | आवश्यकता— प्रचारकहरूलाई प्रचार गर्ने भविष्यवक्ता | १०३ |
| १४. | परमेश्वरको लागि साम्राज्य निर्माण गर्ने व्यक्ति | ११३ |
| १५. | ख्रीष्टको निम्ति छाप लगाइएका ! | १२१ |
| १६. | "मलाई सन्तान दिनुहोस्, नत्र म मर्छु" | १२९ |
| १७. | "संसारको फोहोर" | १४१ |
| १८. | प्रार्थना परमेश्वर जत्तिकै विशाल छ | १४९ |
| १९. | जता मण्डली, उतै संसार | १५७ |
| २०. | नरकमा परिचित | १६५ |

# भूमिका

सर्वप्रथम यो असल काम गर्न प्रेरणा दिनुभएकोमा परमप्रभु परमेश्वरलाई हामी अन्तस्करणदेखि धन्यवाद दिन चाहन्छौँ र यसको सबै श्रेय उहाँलाई नै दिन्छौँ। जागृतिको बारेमा लेखिएका पुस्तकहरूमध्ये यो एउटा उत्कृष्ट पुस्तक हो। यस पुस्तकका लेखक लियोनार्ड रेभनहिल बीसौं शताब्दीका मण्डलीहरूमा भएका काँडाहरूलाई उखेल्न परमप्रभुले पठाउनुभएको मानिस हुनुहुन्थ्यो। परमेश्वरको प्रेरणाद्वारा उहाँले लेख्नुभएको यस पुस्तकले दिने शिक्षा त्यो शताब्दीमा मात्र होइन, तर ख्रीष्टको मण्डली रहिरहने समयसम्म नै मण्डलीलाई अत्यावश्यक पर्ने शिक्षा हो।

लेखकले यो पुस्तक लेख्नुको कारण तल दिएका शब्दहरूमा व्यक्त गर्नुभएको छ: “मेरो प्रभु अपमानित हुनुभएको छ र उहाँको मण्डली उपेक्षित भएको छ। विश्वास गर्नुहोस्, यी दुई वटा चोटले म घाइते भएको छु। मण्डलीका शत्रुहरू धेरै छन्, यस्तो अवस्थामा मेरो हातको तरबार (कलम) निदाउन दिन मिल्छ त? कदापि हुँदैन!”

यो पुस्तकलाई यहाँसम्म ल्याउनको लागि प्रार्थना गरिदिनुहुने हरेकप्रति हामी आभारी छौँ। यस दोस्रो संस्करण प्रकाशन गर्नको लागि प्रेरणा दिनुहुने ब्लेसिङ युथ मिसनका डा. आर. स्टचान्ली ज्यूलाई पनि हामी धन्यवाद दिन चाहन्छौँ।

*विद्वत्ता, शुद्ध बोल्ने शैली, विवेकको दृष्टिकोणको फराकिलोपन, सुवक्ताको फूलबुट्टा र असल व्यक्तित्व, यी कुराहरूले आगोको अभावलाई पूर्ति गर्न सक्दैन। आगोले प्रार्थना माथि जान्छ। ज्वालाले प्रार्थनालाई प्रवेश र साथै पखेटा दिन्छ, स्वीकृति र साथै शक्ति दिन्छ। आगोविना धूप छैन; ज्वालाविना प्रार्थना छैन। — इ.एम. बोउन्ड्स*

*लत्रेका हातहरूलाई विश्वास र प्रार्थनाद्वारा माथि उठाओ र कमजोर घुँडाहरूलाई थाम। तिम्रो कुनै प्रार्थना र उपवासको दिन छ ? अनुग्रहको सिंहासनलाई घेरा लगाऊ र त्यहीँ दृढतासाथ लागिरह, र कृपा ओर्ली आउनेछ।*
*— जोन वेस्ली*

*ग्यालन्युकिर्चनमा एउटा शक्तिशाली जागृति सुरु हुनुभन्दा अगाडि मार्टिन बोसले धेरै दिनहरू र धेरै रातहरू घण्टौँ एकान्तमा वेदनाको अन्तर्बिन्ती गर्नुभयो। त्यसपश्चात् उहाँले प्रचार गर्दा उहाँका शब्दहरू ज्वाला जस्तै थिए र मानिसका हृदयहरू घाँस जस्तै भए। — डी.एम. म्याकइन्टायर*

*कति प्रार्थना गर्न नसक्ने इसाईहरू छन्, जसले "अन्तर्बिन्ती भन्ने पवित्र कला" विकास गर्नको लागि परिश्रम, सङ्कल्प र प्रार्थनाको झुण्डमा सहभागी हुनु भन्ने जस्तो माध्यमद्वारा प्रयास गर्छन्; तर यी सबै प्रयासहरूले कुनै लाभ ल्याउने छैन। उहाँहरूको लागि र अरू सबैको लागि — प्रार्थनामय जीवनको रहस्यचाहिँ – "पवित्र आत्माले भरिनु हो" जो "अनुग्रह र अन्तर्बिन्तीको आत्मा हुनुहुन्छ"। — रेभ. जे. स्टुआर्ट होल्डन*

# अध्याय - १

# तिम्रो सारा प्राप्तिले अभिषेक प्राप्त गर

आजका मण्डलीहरूमा तुच्छ ठानिएको नोकर्नीचाहिँ 'प्रार्थना सभा' हो। यो परमेश्वरको दासीलाई कसैले प्रेम गरेनन् र कसैले खोजेनन्, किनभने तिनी ज्ञान भन्ने मोतीले भरिएकी छैन, न त आकर्षक सिद्धान्त शास्त्र पहिरेकी छिन्, न त मनोविज्ञान भन्ने मुकुट लगाएकी छिन्। तिनले घरमा बुनेको इमानदारी र नम्रतालाई पहिरेकी छिन्; त्यसैले तिनी घुँडा टेक्न डराउँदिनन्।

प्रार्थनाको अप्रिय पक्षचाहिँ त्यो दिमागको दक्षतासँग जोडिएको छैन (यसको अर्थ प्रार्थना अल्छीपनको साथी हो भनी मान्नु होइन; अहिलेका दिनहरूमा दक्षताको ठूलो मोल छ)। प्रार्थना एउटै कुराद्वारा विकास हुन्छ, त्योचाहिँ आत्मिक जीवन हो। प्रचार गर्न आत्मिक हुनुपर्दैन; प्रवचन कलाको पूर्णता र व्याख्यात्मक सटीकतासहित प्रचार गर्नु आत्मिक जीवनमा निर्भर हुँदैन। स्मरण शक्ति, ज्ञान, महत्त्वाकाङ्क्षा, असल व्यक्तित्व, धेरै किताबहरू, आत्मविश्वास र मैले सबथोक जानिसकेँ भन्ने भावना, यी सबै भएकोमा तपाईंलाई जहाँ पनि, जहिले पनि पुलपिट पाउँछ। यस्तै प्रकारको प्रचारले मानिसलाई प्रभाव पार्छ, र प्रार्थनाले परमेश्वरलाई प्रभाव पार्छ। प्रचारले समयलाई प्रभाव पार्छ, प्रार्थनाले अनन्तकाललाई प्रभाव पार्छ। पुलपिटचाहिँ हाम्रो प्रतिभालाई प्रदर्शन गर्ने मञ्च बन्न सक्छ, तर प्रार्थना कोठा देखावटीपनलाई मार्छ।

यो अन्तिम समयहरूको विडम्बनाचाहिँ पुलपिटमा हामी धेरै **मृत** मानिसहरूलाई पाउँदछौँ, जसले धेरैवटा **मृत** प्रचारहरू **मृत** (विश्वासीहरू) मानिसहरूको बीचमा प्रचार गर्छन्, हाय! यो भयानक छ। सूर्यमुनि मैले देखेको एउटा अनौठो कुरा छ, कट्टरपन्थीहरूको (बाइबलको एक-एक शब्दलाई पूर्ण रूपमा सत्य मान्ने सिद्धान्त - Fundamentalism) बीचमा पनि, त्योचाहिँ अभिषेकविना प्रचार गर्नु हो।

अभिषेक के हो ? मलाई थाहा भएको अति नै थोरै मात्र हो। तर त्यो के चाहिँ होइन भनी मलाई थाहा छ (अथवा, कमसेकम त्यो मेरो प्राणमा नहुँदा मलाई थाहा हुन्छ)। अभिषेकविनाको प्रचारले जीवन दिनुको सट्टामा मार्छ। अभिषेकविनाको प्रचारक "मृत्युको लागि मृत्युको गन्ध" हो। प्रचारकमाथि अभिषेक छैन भने वचन जीवित रहँदैन। हे प्रचारक, तिम्रो सारा प्राप्तिले अभिषेक प्राप्त गर।

भाइ हो, हामी दुई गुणा आत्मिक भएको भए, अहिलेको आधुनिक संसारमा आधा बुद्धि (अहिलेको संसारले बुद्धि भनी ठान्ने नक्कली बुद्धि) भए तापनि जिउन सक्छौँ। प्रचार आत्मिक काम हो। दिमागमा जन्मेको प्रचार दिमागमा पुग्छ, हृदयबाट जन्मेको प्रचारचाहिँ हृदयमा पुग्छ। परमेश्वरको राज्यमा एउटा आत्मिक प्रचारकले आत्मिक कुराहरूमा ध्यान दिने मानिसहरूको उत्पादन गर्छ। प्रचारकको प्राणको ढोका बाहिर पखेटाले ढोका ढकढकाइरहेको कोमल ढुकुर होइन अभिषेक, तर पछ्याएर पाउनुपर्ने कुरा हो। अभिषेक सिक्ने कुरा होइन, तर प्रार्थनाद्वारा पाउने कुरा हो। अभिषेक प्रार्थनामा लडेर विजय पाउने सिपाही-प्रचारकले पाउने ईश्वरीय उपाधि हो। विजय, ज्ञान अथवा चलाखीपनका गोलीहरूलाई हानेर पुलपिटबाट पाउने कुरा होइन, तर कोठाभित्र प्रार्थनामा पाउने कुरा हो; हार अथवा जित प्रचारकको खुट्टा पुलपिटमा टेक्नुभन्दा अगाडि नै निर्णय गरिन्छ। अभिषेक एउटा विस्फोटक पदार्थ जस्तो हो। अभिषेक बिशपको हातबाट आउँदैन, न त प्रचारकलाई झ्यालखानामा हाल्दा ओसिन्छ। अभिषेकले छेड्छ र भित्र पस्छ; त्यसले नरम र रसिलो तुल्याउँछ। तर्कशास्त्र भन्ने हथौडाले र मानवीय जोस भन्ने आगोले बज्र हृदयलाई खोल्नुमा असफल हुँदा अभिषेक सफल हुन्छ।

आजकल मण्डली भवन बनाउनुमा कति जोस देखिन्छ! तर अभिषिक्त प्रचारकहरूबिना यी पुलपिटहरूले पापले चिन्तित भएर अगाडि आउनेहरूलाई कहिल्यै देख्नेछैन। आधुनिक यन्त्रहरू भएको एउटा माछा मार्ने जहाज हरेकपल्ट रित्तै फर्केर आयो भने, हामीले के बहाना गर्न सक्छौँ होला ? तापनि हजारौँ मण्डलीहरूले हप्तैपिच्छे वर्षौंहरूसम्म रित्तो वेदी देखिरहेका छन्, तर यो बाँझोपनलाई, "मेरो वचन पनि त्यस्तै हुनेछ; त्यो मकहाँ रित्तो फर्किंदैन" भन्ने परमेश्वरका वचनको गलत अर्थ लगाएर



तिम्रो सारा प्राप्तिले  - अभिषेक प्राप्त गर !

लुकाइन्छ। (संयोगवश, युगवादीहरूले (Dispensationalists) हामीलाई 'यो यहूदीहरूलाई लेखिएको हो' भनी बताउन बिर्सेको थोरै पदहरूमध्ये यो पनि एउटा हो जस्तो देखिन्छ!)

नराम्रो सत्यचाहिँ यो हो कि वेदीको आगो निभ्यो, अथवा धेरै मधुरो बलिरहेछ। प्रार्थना सभाहरू मरेका अवस्थामा छन् अथवा मर्दैछन्। परमेश्वरले आत्माद्वारा सुरु गर्नुभएको कामलाई शरीरद्वारा सिद्ध तुल्याउन सक्छौँ भनी प्रार्थनालाई बेवास्ता गर्ने हाम्रो मनोभावद्वारा हामीले परमेश्वरलाई भन्दछौँ। कुन मण्डलीले सेवक नियुक्ति गर्नुभन्दा अघि तिनीहरूले प्रार्थनामा कति समय बिताउँछन् भनी सोध्ने गरेको छ। प्रार्थनामा दैनिक दुई घण्टा बिताउन नसक्ने सेवक कुनै महत्त्वको हुँदैन, स्नातक पाएको होस्, या नपाएको होस्।

पापले मस्कोको (Moscow) सडकलाई शासन गर्दै सबै मनोहर र तारिफ गर्न योग्य कुराहरूको विरोधमा धम्की दिँदै गमक्क भएर हिँडिरहेको हुँदा, मण्डली चिन्तित र निराश भएर सडकको पेटीमा उभिएर हेरिरहेको छ। त्यसको पछि सडकमा बैजनी वस्त्र लगाउँदै, रमिता देखाउँदै रोमको पोपको समूह हिँडिरहेछ। शैतानले नयाँ जन्मको सट्टामा पुनर्जन्म, पवित्र आत्माको सट्टामा भूतप्रेतको आत्मा, स्वर्गीय चङ्गाइको सट्टामा ख्रीष्टिय विज्ञान, साँचो ख्रीष्टको सट्टामा ख्रीष्ट–विरोधी, र साँचो मण्डलीको सट्टामा रोमको मण्डली राखिदिएको छ।

कम्युनिजम र रोमानिजम, यी दुई वटा दुष्टताको विरुद्धमा मण्डलीसँग दिनलाई के छ? अलौकिक कुराहरू खोइ? मण्डलीमा असत्यको विरोधमा हुने विद्रोहलाई एउटा गहिरो निद्राले जित्यो। रोमले अब हामीलाई प्रोटेस्टेन्ट (विद्रोही) भनी भन्न छोड्यो; तर अहिले हामी सार गुमाएको गैर–क्याथोलिक (क्याथोलिक नभएकाहरू) भन्ने नाम पाएका छौँ! यो "वेश्याहरूकी आमा" उक्साइँदा, नरकको क्रोध पनि समान हुँदैन। सदाको निम्ति सुम्पिएको विश्वासको निम्ति यत्नपूर्वक सङ्घर्ष गर्नेहरू कहाँ छन्? अभिषेकले भरिएका परिवर्तन ल्याउने प्रचारकहरू कहाँ गए? मानिसहरूलाई पक्रनुपर्ने प्रचारकहरू अहिले प्रशंसा खोजिरहेका छन्। बिउ छर्नुपर्ने प्रचारकहरूले ज्ञानको मोती छरिरहेका छन् (मोती छरेको खेतलाई सम्झेर हेर्नुहोला!)।

यो पक्षाघात लागेको र शक्तिहीन प्रचारलाई हटाऔँ, त्यसले मानिसहरूको हृदयलाई हल्लाउन सक्दैन, किनभने त्यो पाठेघरबाट जन्मिनुको सट्टामा चिहान घरबाट जन्मेको छ र आगो र प्रार्थनाहीन प्राणबाट पोषण पाएको छ। हामी प्रचार गर्दै नाश हुन सक्छौँ, तर प्रार्थना गर्दै नाश हुन सक्दैनौँ। परमेश्वरले हामीलाई सेवाको लागि बोलाउनुभएको छ भने, मेरा प्रिय दाजुभाइहरू, म पक्का भन्न सक्छु, हामीले अभिषेक पाउनुपर्छ। ***तिम्रो सारा प्राप्तिले अभिषेक प्राप्त गर***, ताकि बाँझो वेदीहरू हाम्रो अभिषेकहीन बुद्धिबाट आएको प्रचारको चिन्ह नहोस्।

*नथाकिने शक्ति, अस्वीकार नहुने अटलता र हार नखाने साहससहित प्रार्थनामा लागिरहनुपर्छ। — इ.एम. बउन्ड्स*

*तर प्रियहरू हो, तिमीहरूले चाहिँ आफ्नो परमपवित्र विश्वासमा आफ्नै उन्नति गर, पवित्र आत्मामा प्रार्थना गर (KJV)। — यहूदा*

*ओहो! आज पृथ्वीमा ख्रीष्टको कार्यको शिथिल अवस्था, शत्रुको अतिक्रमण र उसले सियोनमा ल्याएको भयानक विनाश देखेर हामी अझ गहिरो गरी विचलित हुन सकेको भए! हाय! उदासीनताको आत्मा, वा कम्तीमा भाग्यवादी तटस्थताले हामीमध्ये धेरैलाई कब्ज्याइरहेको छ। — ए. डब्लु. पिंक*

*प्रार्थना गर्नु नै उहाँको जीवनको सर्वश्रेष्ठ काम हुन्थ्यो। — एड्वर्ड पेसनको जीवन चरित्र लेखक*

*सबै पतनको सुरुवात भित्री कोठाबाट हुन्छ; परमेश्वरसँगको प्रशस्त गुप्त कुराकानीविना कुनै पनि हृदय फस्टाउँदैन, र यसको अभावलाई अरू कुनै कुराले पूर्ति गर्न सक्दैन। — बेरिज*

*म पूरै दिनहरू र हप्ताहरू भुईँमा घोप्टो परेर शान्त रूपमा र सानो स्वरले प्रार्थना गरिरहेँ। — जर्ज व्हाइट फील्ड*

*उहाँ सिधै स्वर्गभित्र गएर परमेश्वरमा आफैलाई हराउनुभएको जस्तै मलाई लागेको थियो; तर धेरैपल्ट प्रार्थना सकेर निस्कँदा भित्ता जतिकै सेतो देखिनुहुन्थ्यो। — टेर्सटीगेन(Tersteegen)को साथी*

# अध्याय - २

## प्रार्थनाले अनन्ततालाई पक्रन्छ

कुनै पनि मानिस आफ्नो प्रार्थनाको जीवनभन्दा ठूलो होइन। प्रार्थना नगर्ने पास्टरले सेवामा खेलबाड गर्दैछ; मानिसहरू जो प्रार्थना गर्दैनन्, तिनीहरू बाटो बिराउँदैछन्। पुलपिट कसैको प्रतिभालाई देखाउने मञ्च बन्न सक्छ, तर प्रार्थना गर्ने भित्री कोठामा कुनै देखावटीपनको अनुमति छैन।

अहिलेको मण्डली धेरै कुरामा दरिद्र भएको छ, सबैभन्दा बढी प्रार्थनामा हो। हामीकहाँ धेरै आयोजकहरू छन्, तर अरूको लागि वेदनाले भरेकाहरूचाहिँ थोरै छन्; बाजावाल र पैसावाल धेरै छन्, तर प्रार्थना गर्नेहरूचाहिँ थोरै; धेरै गायकहरू छन्, तर परमेश्वरलाई पक्रिनेहरूचाहिँ थोरै छन्; धेरै पास्टरहरू छन्, तर थोरै लड्नेहरू; धेरै डरहरू छन्, तर थोरै आँसुहरू; धेरै फेशन, तर थोरै जोस; धेरै बाधा ल्याउनेहरू छन्, तर थोरै अन्तर्बिन्ती गर्नेहरू; धेरै लेखकहरू, तर थोरै सिपाहीहरू। यी कुराहरूमा असफल हुने हामी अरू सबै कुराहरूमा असफल हुन्छौँ।

सफल ख्रीष्टिय जीवनको लागि दुई वटा पूर्वावश्यकहरूचाहिँ दर्शन र जोस हो, यी दुवैको जन्म र निरन्तरता प्रार्थनाद्वारा नै हुन्छ। प्रचार गर्ने सेवाको मौका थोरैलाई हुन्छ; तर प्रार्थना गर्ने सेवा सबैको लागि खुला छ, जुनचाहिँ सबै प्रकारको सेवा र कामभन्दा उच्च छ। आत्मिक जीवनमा किशोरहरूले भन्छन्: "आज राति म मण्डलीमा जाने छैन, त्यो प्रार्थना सभा मात्र हो।" शैतान प्रवचनहरूसँग डराउने कारण थोरै मात्र हुन्छ होला, तर उसको पुरानो अनुभवले उसलाई चिल्ने भएकोले आफ्नो सम्पूर्ण दुष्ट सेनालाई प्रार्थना गर्नेहरूको विरोधमा युद्ध गर्नलाई खडा गराउँछ। अहिलेको इसाईहरूलाई बाँध्नु र फुकाउनुको बारेमा थोरै मात्र थाहा हुन्छ, तर दायित्व हामीमाथि नै छ "***तिमीले*** पृथ्वीमा जे बाँध्छौँ..........."। तपाईंले अहिले भर्खरैको समयहरूमा यस्तो केही काम

गर्नुभएको थियो? परमेश्वर आफ्नो शक्ति जथाभावी खर्चनुहुन्न, तर उहाँको लागि धेरै गर्न, उहाँसँग धेरै रहनुपर्छ।

यो संसार नरकको बाटोमा यति छिटो अगाडि बढ्दैछ, कि हामीसँग भएको सबैभन्दा छिटो चल्ने हवाईजहाज पनि त्यसको तुलनामा कछुवा जस्तो देखिन्छ। हाय! तर संसारलाई हल्लाउने खालका जागृतिको लागि परमेश्वरको उपस्थितिमा पर्खँदै रातको निद्रालाई गुमाएकाहरू थोरै मात्र होला। हाम्रा हृदयहरू दयाले भरेको छैन। हामी खटलाई नै भवन ठान्ने भूल गर्छौं। खलबललाई नयाँ सृष्टि, हल्लिनुलाई अभिषेक र होहल्लालाई जागृति भनी हामी झुक्किने कारण, स्वर्गीय शक्तिलाई फिक्का रूपमा व्याख्या गर्ने अहिलेका प्रचारहरू नै हुन्।

प्रार्थना गर्नुमा भएको रहस्यचाहिँ गुप्तमा प्रार्थना गर्नु हो। पाप गर्ने मानिसले प्रार्थना गर्न छोड्छ; प्रार्थना गर्ने मानिसले पाप गर्न छोड्छ। हामी दयनीय र दरिद्र भएका छौं, तर हाम्रा आत्माहरू तोडिएको छैन, न त अलिकति झुकेको छ।

प्रार्थना गहिरो रूपमा सरल छ, र सरल रूपमा गहिरो छ। प्रार्थनाचाहिँ उच्चारण गर्न प्रयास गर्ने एउटा बालकले बोल्न सक्ने साधारण वाक्य हो, तर यति गहिरो कुरा पनि हो कि त्यो सबै विषयभन्दा विशाल छ र मानिसको शब्दसंग्रह त्यसमा रित्तिन्छ। बलिरहेको शब्दहरूलाई बाढी जस्तै खन्याएको कारणले परमेश्वर प्रभावित हुनुभयो भनी भन्न सक्दैन। पुरानो करारको एउटा अन्तर्बिन्ती कर्तालाई भाषा थिएन, "*तिनका ओठ चले तापनि स्वरचाहिँ सुनिँदैनथ्यो*" यहाँ कुनै भाषा विज्ञ छैन! "*शब्दहरूले उच्चारण गर्न नसक्ने सुस्केराहरू*" मात्र छन्।

हाम्रा पुर्खाहरूको ऐतिहासिक विश्वासलाई बुझ्न नसक्ने, तर हाम्रा वरिपरि भएकाहरूको उन्मादक विश्वासलाई मात्र बुझ्न सक्ने गरी हामी के नयाँ करारको इसाइत्वको स्तरबाट तल गिरिसकेका छौं त? व्यापारीको लागि पुँजी जति महत्त्वको हुन्छ, विश्वासीको लागि प्रार्थना त्यति नै महत्त्वको हुन्छ।

आजका मण्डलीहरूको मुख्य चिन्ताको विषय पैसा हो भन्ने कुरालाई



प्रार्थनाले अनन्ततालाई पक्रन्छ

कसैले इन्कार गर्न सक्छ त ? तर अहिलेका मण्डलीहरूलाई जुन कुराले बढी परीक्षामा पारिरहेको छ, त्यो कुरा सुरुका मण्डलीहरूलाई सबैभन्दा कम असर पार्ने कुरा थियो। हामीले विशेष ध्यान पैसालाई दिन्छौँ, तिनीहरूले प्रार्थनालाई दिन्थे। हामीले पैसा दिँदा ठाउँ किनियो; उनीहरूले प्रार्थना गर्दा ठाउँ हल्लियो!

नयाँ करारका कुराहरूमा नरकलाई हल्लाउने, संसारलाई उथलपुथल पार्ने आत्माद्वारा प्रेरित प्रार्थनाप्रति यति ठूलो बेवास्ता यति धेरै मानिसहरूद्वारा अहिले जस्तै कहिल्यै भएको थिएन।

यस्तो प्रकारको प्रार्थनाको विकल्प अरू केही छैन। हामी त्यो गर्छौं नत्र मर्छौं!

*भावना र उत्तेजनाले मात्र भरिएको धर्म मानिसहरूमाथि आउन सक्ने सबै श्रापहरूभन्दा डरलाग्दो श्राप हो। सत्यको अनुपस्थिति नै धेरै दुःख लाग्ने कुरा भइसक्यो, अझ ढोंग गर्नु डरलाग्दो पाप हो। — एस. च्याडविक*

*विश्वास छानिएको कुनै मानिसहरूको आत्मिक बहादुरीपन हो भन्ने धारणालाई हटाउनु असल हुन्छ। विश्वासद्वारा बहादुर भएकाहरू छन्, तर विश्वासचाहिँ बहादुरहरूको लागि मात्र होइन। योचाहिँ आत्मिक रूपमा प्रौढ (पुरुष) बन्नु हो र परिपक्वताको कुरा हो। — पी.टि. फोर्सिथ*

*परमेश्वरले आफ्ना मानिसहरूको लागि महान् अनुग्रह दिन चाहँदा उहाँले गर्ने पहिलो काम तिनीहरूलाई प्रार्थना गर्न लगाउनु हो। — म्याथ्यु हेन्री*

*उत्साहविनाको सत्य, संवेगविनाको नैतिकता र प्राणविनाको विधि-विधान — यी कुराहरूलाई ख्रीष्टले कडा रूपमा इन्कार गर्नुभएको छ। आगोविना, यी कुराहरू ईश्वरहीन दर्शनशास्त्र, एउटा नैतिक प्रणाली र अन्धविश्वास मात्र हुन्।*

*— एस. च्याडविक*

*क्रूसको बोलावटचाहिँ ख्रीष्टको यो दुःखभोगमा प्रवेश गर्नु हो। हामीले आफूमाथि त्यो काँटीको छाप बोक्नुपर्छ। — गोर्डन वाट*

*मेरो आवश्यकता र तपाईंको महान् पूर्णताको भेट हुन्छ, मैले चाहेको सबै थोक तपाईंमा छ। — अज्ञात*

*मैले यस्ता अनुहारहरू देखेको छु जसमा (पवित्र आत्माको) ढुकुर प्रस्ट देखिने गरी बसिरहेको थियो। — चार्ल्स ल्याम्ब (क्वेकरहरूका बारेमा)*

*जोशमा पछि नहट, पवित्र आत्मामा प्रज्वलित होओ। — पावल*

# अध्याय - ३


## पुलपिटमा अभिषेक र विश्वासीहरूमा कामको आह्वान !

वर्षौंहरूदेखि परम्परागत इसाई जीवन बिताउँदै आएको मानिस अचानक आत्मिक कुराहरूमा जागरणशील हुँदा, ऊ परमप्रभुको लडन्तमा उकासिन्छ र मरिरहेकाहरूको निम्ति एउटा ननिभ्ने जोस बोक्छ, त्यसको कारण छ। (तर हामी सामान्य अवस्थाभन्दा पनि यति तल छौँ, कि नयाँ करारको सामान्य अनुभवहरू हाम्रो लागि असामान्य देखिरहेका छन्।) हामीले भर्खरै बताएको यो *"द्रुतगति लिएका मानिसको"* रहस्यचाहिँ, *ऊ कुनै बेला याकूब जस्तै गरी परमेश्वरसँग लड्यो र सबै सिद्धिएर बाहिर निस्क्यो, तर त्यही बेला "पवित्र आत्माद्वारा बलियो पारियो।"*

सफल इसाई जीवनको लागि नभई नहुने दुई वटा मुख्य कुराहरू छन्, त्योचाहिँ दर्शन र जोस। मानिसहरूले आलोचना भन्ने महा–समुद्रसँग लड्छन् र शैतानका विरोधहरू भन्ने कठोर उचाइहरूलाई आक्रमण गरेर निष्ठुरताको वासस्थानमा ख्रीष्टको क्रूसलाई गाड्छन्। किन? किनभने तिनीहरूले दर्शन पाए र एउटा जोस उनीहरूमा सरेर आयो।

बढी स्वर्गीय कुराहरूमा मन लगाएर तिमीहरू संसारको लागि केही लाभको नहोला भनी हामीलाई कसै–कसैले चेतावनी दिन्छन्। भाइ हो, यो पुस्ताको प्रायः विश्वासीहरू यस्तो जटिल समस्यामा छैन। प्राणलाई हल्लाउने डरलाग्दो सत्यचाहिँ हामी यति बढी संसारमाथि मन लगाएका छौँ कि स्वर्गको लागि केही लाभको छैनौँ।

साथी, तिम्रो व्यापारलाई विकास गर्नुमा जति असल छौँ त्यति आफ्नो प्राणको विकासमा पनि भएको भए, तिमी शैतानको लागि हानिकारक हुन्थ्यौ; तर तिमी जति आत्मिक जीवनमा दरिद्र छौ, त्यति व्यापारमा भएको भए, रोटीको लागि तिमीले भिख माग्नु पर्थ्यो।



पुलपिटमा अभिषेक - विश्वासीहरूमा काम

जर्ज डिकिनले यो आत्मिक सत्यलाई धेरै वर्ष अगाडि मेरो मनमा बलियो रूपमा हालिदिनुभयो; काम नभएको दर्शनले कल्पनामा जिउने बनाउँछ; दर्शन नभएको काम झ्याउलाग्दो हुन्छ; दर्शनसितको कामले मिसनरी बनाउँछ। *"उज्जियाह मर्दा यशैयाले दर्शन देखे!"* यो असल वचन! तपाईंले परमप्रभुलाई पूर्ण रूपमा देख्न नसक्ने गरी कुनै व्यक्तिले तपाईंको जीवनमा उहाँलाई छेक्दै हुनुहुन्छ होला। आत्मिक वृद्धि महँगो छ, र कतिपल्ट दुःखदायी पनि हुन्छ। तपाईंको 'साथी अथवा कामलाई गुमाउनु' भन्ने महँगो दाम तिरेर दर्शन देख्न तयार हुनुहुन्छ ? प्राणको नवीकरणको मूल्य घटाइने छैन। उद्धार पाउनु, शुद्ध हुनु र सन्तुष्ट हुनु यी कुरा मात्र तपाईंले चाहनुहुन्छ भने, परमप्रभुको युद्धमा तपाईंको आवश्यकता छैन।

यशैयाले तीन वटा आयामहरूमा दर्शन देखे। यशैया अध्याय ६ को एकदेखि नौसम्मको पदलाई ध्यान दिनुहोस्। पाँच पदमा **'हाय'**, पश्चात्ताप गर्ने शब्द; पद सातमा **'हेर'** शुद्ध गर्ने शब्द; नौ पदमा **'जाऊ'**, काममा नियुक्ति गर्ने शब्द।

त्यो एउटा *मास्तिरको* दर्शन थियो, तिनले परमप्रभुलाई देखे; एउटा *भित्रतिरको* दर्शन थियो, तिनले आफैलाई देखे र एउटा *बाहिरतिरको* दर्शन थियो, तिनले संसारलाई देखे।

त्यो एउटा *उचाइको* दर्शन थियो, उनले परमप्रभुलाई अग्लो र उच्च स्थानमा देखे। त्यो एउटा *गहिराइको* दर्शन थियो – उनले आफ्नो हृदयको गहिराइलाई देखे। त्यो एउटा *फराकिलो* दर्शन थियो – उनले संसारलाई देखे।

त्यो एउटा *पवित्र* दर्शन थियो। मेरा प्रियहरू, परमेश्वरलाई उहाँको सम्पूर्ण पवित्रतामा देख्ने आवश्यकता आजको पुस्ताका विश्वासीहरूलाई कति बढी छ! त्यो एउटा *भयानक* दर्शन थियो – "म नाश भएँ...... अशुद्ध छु" र त्यो एउटा *आशाहीन* अवस्थाको दर्शन थियो, जसलाई यी शब्दहरूले दर्साउँछ, "हाम्रो निम्ति को जाला ?"

यस घडीमा– साधारण मण्डलीले प्रार्थनाभन्दा बढी प्रवर्द्धनको बारेमा जानेको छ; र प्रतिस्पर्धालाई पाल्दै पवित्रतालाई बिर्सेको र सुसमाचार

फैलाउनुको सट्टामा प्रचारबाजी गरिरहेको छ– यो त्रिएक दर्शन अनिवार्य छ।

"जहाँ दर्शन छैन, त्यहाँ *मानिसहरू* नाश हुन्छन्"। जहाँ तृष्णा छैन, त्यहाँ मण्डली नाश हुन्छ, त्यो ढोकासम्मै भरेको मण्डली भए तापनि।

एक जना विश्व प्रख्यात प्रचारक जसलाई परमेश्वरले शक्तिशाली रूपमा जागृतिको लागि (जुनचाहिँ ठूलो भीड भेला गर्ने सुसमाचार प्रचारभन्दा धेरै फरक कुरा हो) प्रयोग गर्नुभएको थियो, उहाँले लेखकलाई आफूले पनि त्यस्तै प्रकारको तीन आयाम भएको दर्शन देखेको कुरा भन्नुभयो। आफूले देखेको कुरा सपना हो कि अथवा दर्शन, र शरीरमा हुँदा हो कि अथवा उठाइ लगेको अवस्थामा भन्ने कुराहरू स्पष्ट थाहा नहुँदा, उहाँ बोलिरहँदा उहाँको मुहारमा भएको त्रासलाई मैले (लेखक) देखेको थिएँ। गन्न नसकिने एउटा ठूलो भीड आगोले घेरेको एउटा ठूलो खाडलभित्र, ब्रह्माण्डको पागलखाना अर्थात् नरकभित्र थुनिएको उहाँले देख्नुभएको थियो। त्यो दिनदेखि त्यो प्रचारक पहिलेको जस्तै रहन सक्नुभएन। नबदलीकन कसरी रहन सकिन्छ होला?

परमेश्वरले हामीलाई विश्वास गरेर यस्ता मुटुलाई फुटाउने खालका दर्शनहरू दिन सक्नुहुन्छ त? यसरी प्राणलाई वेदनाले भर्ने खालको दर्शनलाई थाम्न सक्ने गरी हामी गुप्तको प्रार्थनामा र कष्टको विद्यालयबाट स्नातक प्राप्त गरेका छौँ त? यस्तो दर्शन जसलाई परमेश्वरले दिनुहुन्छ, त्यो मानिस धन्यको हो।

कुनै पनि मानिस आफ्नो दर्शनभन्दा बढी बाँच्न सक्दैन। ईश्वरशास्त्र पण्डितहरूले अन्धविश्वास र अन्धकार भन्ने फलामका ढोकाहरूलाई खोल्न सक्दैनन्, जसको पछाडि हजारौँ वर्षहरूदेखि करोडौँ मानिसहरू मरेर गए। बुद्धि कम भए तापनि दर्शन गहिरो भएका मानिसहरूले मात्र यो गर्न सक्छन्।

आत्मामा मन लगाउनुचाहिँ आनन्द र शान्ति हो। यद्यपि त्यसको साथ तथ्याङ्कमा मन लगाउनुचाहिँ अशान्ति हो। यो पढ्नुहोस् र रुनुहोस्।

**जापान** – सरकारको तथ्याङ्कअनुसार जनसङ्ख्या आठ करोड सत्तरी लाख पुगिसक्यो। देशको जनसङ्ख्या वर्षमा दश लाखको दरमा बढिरहेको छ। यस्तो हो भने, विगतको पाँच वर्षभित्र अख्रीष्टियानहरूको सङ्ख्यामा पचास लाख बढेको छ। तपाईंको प्रार्थनाको सूचीमा यो कुरालाई लेखिराख्नुहोस्।

**उत्तर कोरिया** – यहाँको जनसङ्ख्या नब्बे लाख छ। प्रायः मानिसहरू दैनिक भोजनको अभावमा जिइरहेका छन्। झ्यालखानामा रहेका इसाईहरूको सङ्ख्या मात्रै पचास हजारभन्दा बढी छ।

**भारत** – करोडौँ मानिसहरू अन्धकारमा मृत्युको छायामुनि छन्।

**अरबी देशहरू** – लाखौं अरबी शरणार्थीहरू ख्रीष्टविना छन्।

**चीन** – भागेका दस लाखमध्ये एक तिहाइ कम्युनिस्ट चीनका हुन् र हङकङमा सुकुम्बासीहरूको झुपडीमा जिइरहेका छन्।

यी सबैको साथ अझै करोडौँ मानिसहरूले, जसको लागि ख्रीष्ट येशू मर्नुभयो, सुसमाचार सुन्न पाएका छैनन्। संसारमा हरेक हप्ता लगभग दश लाख मानिसहरू ख्रीष्टविना मरिरहेका छन्। यी सबै तपाईंले फिक्री गर्नुपर्ने कुराभित्र पर्दैन त ?

यो पापको दलदलले भरेको अवस्थाले पुलपिटमा अभिषेक र विश्वासीहरूमा काम हुन बोलाउँदै छ। नक्कली धर्म हट्नुपर्छ। मण्डलीमा 'आमेन' भन्ने जोसिला स्वर भएकाहरू बिती गए; खुला ठाउँमा गरिने सभाहरूको (क्याम्प मिटिङ) महिमा हरायो; सडकमा गरिने सभाहरूको जोस मेटियो।

हुन सक्छ – कसलाई थाहा छ ? – ईश्वर छैन भन्नेहरूप्रति भन्दा हामीप्रति परमेश्वर बढी क्रोधित हुनुहुन्छ होला। तपाईंलाई अचम्म लाग्यो ? सुसमाचार कहिल्यै नसुनेका, कहिल्यै बाइबल नदेखेका, कहिल्यै आत्मिक प्रसारण नसुनेका लाखौँ ईश्वरहीन मानिसहरूको बारेमा ध्यानसित विचार गर्नुहोस्। मण्डलीमा जान सकेको खण्डमा तिनीहरू जान्थे।

पापीले भयानक नरकको दर्शन देख्न सकोस् भनी लगातार गरिने प्रार्थना गलत हो। त्यसको सट्टामा उसलाई चाहेको चाहिँ कलवरीको दर्शन हो, जहाँबाट कष्ट भोगिरहेको उद्धारकर्ताले पश्चात्ताप गर्न उसलाई बोलाइरहनुभएको छ। कलवरीको घटना पछाडि पनि ऊ किन मर्नुपर्छ ? मानवले नरकमा अनन्तकाल भोग्नुपर्ने पीडा देख्नको लागि, आफ्नो सिपाहीहरूलाई (सेवकहरूलाई) चौबिस घण्टा नरकमाथि झुन्ड्याएर तालिम दिन मिल्ने भए दिन्थेँ भनी स्याल्वेसन आर्मीको स्थापक विलियम बुथले भन्नुभएको थियो। नरकको दर्शनचाहिँ खास मण्डलीलाई चाहेको हो। फोस्रा कुरा गर्ने सुसमाचार प्रचारकलाई यो दर्शन अझै बढी आवश्यक छ।

चार्लि पीस भन्ने एउटा बेलायतको अपराधी कैदमा पऱ्यो, र उनलाई मृत्युदण्ड घोषणा भयो। उनको मृत्युदण्डलाई पूरा गर्न लिएर जाँदा झ्यालखानाको एक जना पादरी नियमअनुसार नै बाइबलका पदहरूलाई अल्छीलाग्दो र नामधारी रूपमा पढ्दै अगाडि हिँड्नुभयो। त्यो अपराधीले पादरीलाई रोकेर उहाँले पढ्दै गरेको के हो भनी सोधे, पादरीले जवाफ दिनुभयो: "धार्मिक सान्त्वना।" नरकको बारेमा पादरीले आफ्नो पेसामा सिपालु भएको मानिसले जस्तै पढेको देखेर अपराधी चकित भए। सह–मानवलाई मृत्युमा लाँदै गर्दा ऊ पर्न गइरहेको खाडलको बारेमा आँखामा आँसुविना हृदयमा कुनै भावनाहीन कुनै मानिसले पढेर सुनाउन सक्छ त? पर्नेहरूलाई सखाप पार्ने यस्तो एउटा अनन्तकालको आगो छ भनी विश्वास गर्दा–गर्दै यो पादरीले अलिकति पनि दुःखित नभईकन यी कुरालाई पढ्न सक्नुहुन्छ होला ? यी सबै कुरा अपराधीको लागि सहन नसक्ने कुरा थियो, त्यसैले तिनले प्रचार गरे। तिनी नरकको मुखमा हुँदा गरेको प्रचार सुन्नुहोस्:

"साहेब, तपाईं र मण्डलीले विश्वास गर्छौं भनी जे कुरालाई बताउनुहुन्छ, त्यसलाई मैले विश्वास गरेको भए, बेलायत पूरै नै फुटेको सिसाका टुक्राहरूले भरेको भए तापनि म त्यसको एकापट्टिको किनारदेखि अर्कोपट्टिको किनारसम्म हिँड्थेँ; आवश्यक परेमा हात र घुँडाहरू टेकेर पनि हिँड्थेँ, र यस्तो अनन्त नरकबाट एउटा आत्मालाई बचाउनको लागि मात्र जिउनु पनि अर्थपूर्ण जीवन हुन्छ भनी ठान्थेँ।"

यसलाई पढिरहेको मेरा प्रिय मित्र, मण्डलीले पवित्र आत्माको आगोलाई गुमाएको कारण मानिसहरू नरकको आगोमा गइरहेका छन् ! पवित्र परमेश्वरको एउटा दर्शनको आवश्यकता हामीलाई छ। परमेश्वर मूलतः पवित्र हुनुहुन्छ। करूबहरू र सराफहरूले, "सर्वशक्तिमान्! सर्वशक्तिमान् परमप्रभु" अथवा "सर्वव्यापी र सर्वज्ञानी परमप्रभु!" भनी प्रशंसा गरेनन्, तर "पवित्र! पवित्र! पवित्र!" भनी प्रशंसा गरे। यो फराकिलो हिब्रू ज्ञान हाम्रो प्राणभित्र पस्नुपर्छ : "मैले पातालमा आफ्नो ओछ्यान बनाएँ तापनि, म बिहानका पखेटाहरूमा उडेर गए तापनि – तपाईं त्यहाँ हुनुहुन्छ।" हामी जुनसुकै समयमा जहाँ गए तापनि उहाँकै अधीनतामा रहन्छौँ, उहाँबाट हामी उम्कन सक्दैनौँ, उहाँ हाम्रो लागि अनन्तमा पर्खिरहनुभएको छ। *यहाँ रहँदा नै* उहाँसँग मिलापमा रहनु र *अहिले नै* उहाँको इच्छामा जिउनु नै हाम्रो लागि असल हुन्छ।

दैनिक काममा जानुभन्दा अगाडि, यो तीन गुणा पवित्र भएको परमेश्वरको उपस्थितिमा कम्पसाथ पर्खिनु प्राणको लागि पुष्टकारी हो। परमेश्वरसँग डराउने मानिस कुनै पनि मानिससँग डराउँदैन। परमेश्वरको अगाडि घुँडा टेक्ने मानिस सबै परिस्थितिमा खडा रहन्छ। हरेक दिन पवित्र परमेश्वरको एउटा झलक पायौँ भने, उहाँको सर्वव्यापीत्त्वले हामीलाई नम्र बनाउँछ, उहाँको सर्वशक्तिपनले हामीलाई काम्न लगाउँछ, उहाँको सर्वज्ञानीपनले हामीलाई शान्त तुल्याउँछ र *उहाँको* पवित्रताले हामीलाई पवित्र बनाउँछ। उहाँको पवित्रता हाम्रो पवित्रता हुन पुग्छ। पवित्रतालाई प्रचार गर्दा–गर्दै अपवित्र भएर जिउनु नै अहिलेको विनाशको कारण हो। रबेर्ट मुर्रे मेक्चेइनले भन्नुभयो: "पवित्र परमेश्वरको हातमा एउटा पवित्र सेवक डरलाग्दो हतियार हो।"

अध्याय ६ मा आइपुग्नुभन्दा अघि यशैयाले धेरै मानिसहरूको बारेमा हाय! हाय! भन्दै आएको हामी देख्छौँ; अब उसले आफैलाई देख्यो र भन्न थाल्यो; "हाय *मलाई*!" "*मलाई नै हो, मलाई नै हो* प्रभु, प्रार्थनाको आवश्यकता छ!" यो कुरा कति सत्य छ! हाम्रो दिमागको कुनै कोठाहरूमा अश्लील तस्बिरहरू झुन्डिरहेका छन्? हाम्रो हृदयका दराजहरूमा कंकालहरू राखेका छौँ कि? हाम्रो प्राणका गल्लीहरूमा पवित्र आत्मालाई हामीले हात समातेर लैजान सकिन्छ त? कुनै गुप्त

मूलहरू र हामीलाई नियन्त्रण गर्ने गुप्त उद्देश्यहरू र हाम्रो प्राणलाई शासन गर्ने अशुद्ध कुराहरूले भरिएको गुप्त कोठाहरू हामीमा छैनन् त? हामी हरेकमा तीन वटा व्यक्तिको वास हुन्छ: पहिलो, आफैलाई आफूले देख्ने अनुसारको व्यक्ति, दोस्रो, आफूलाई अरूले देखे अनुसारको व्यक्ति, र तेस्रो, आफू को हो भनी परमेश्वरले चिन्नुभए अनुसारको व्यक्ति।

साँचो विजय पाउने तीव्र इच्छा बोकेनौँ भने, हामी आफूप्रति नरम र अरूप्रति कठोर हुन पुग्छौँ! स्वयम्ले स्वयम्लाई प्रेम गर्छ, यद्यपि जेरार्ड मजेलाको बारेमा यसो भनिएको थियो कि अनुग्रहद्वारा *'उनले जेरार्ड मजेला (आफै) बाहेक सबै मानिसहरूलाई प्रेम गरे'*। आफ्नो जीवनको अवस्थाले आफैलाई सताउनुहुँदैन भन्ने कारणले हामी आफैलाई आफूबाट धेरैपल्ट लुकाउँछौँ। हामीभित्र भएको कलङ्कित, दुराचार, दुर्गन्ध स्वयम्लाई भेट्टाउनको लागि परमेश्वरको तलास गर्ने आँखाहरूलाई निम्तो दिऊँ। हामी पापको कमारा नहुनको लागि त्यो स्वयम् हामीबाट निकालियोस् र क्रूसमा टाँगियोस्।

पापलाई अर्को नाम दिनुमा कुनै लाभ छैन। उसको चाहिँ शैतानबाट आएको क्रोध हो; मेरोचाहिँ धार्मिकताको रिस हो। उनी रिसाहा छिन्; मेरो रिसको कारणचाहिँ मेरो तनाव हो। ऊचाहिँ लोभमा छ; मैलेचाहिँ मेरो व्यापारलाई बढाएको मात्र हो। ऊ अटेरी छ; मचाहिँ आफ्नो सिद्धान्तमा अडिग छु। उनी घमन्डी छिन्; मचाहिँ उच्च चाहना बोक्ने व्यक्ति हुँ। यसरी नाम दिएर लुकाउने हो भने सबै कुरालाई लुकाउन एउटा-एउटा कारण पाउँछ।

परमेश्वरको अचुक परीक्षणमा पर्न हामीलाई दियौँ भने परमेश्वरको आत्माले हामीलाई ढाँट्नुहुन्न र हाम्रो कुनै पनि पापलाई छोड्नुहुन्न। येशू ख्रीष्टले [अन्धो मानिसलाई] भन्नुभयो: "तिमी के चाहन्छौ, म तिम्रो निम्ति के गरूँ?" त्यस अन्धो मानिसले उहाँलाई भन्यो, "रब्बी, म दृष्टि पाऊँ।" हामीले पनि दृष्टि पाउनको लागि प्रार्थना गरौँ - *माथितिर, भित्रतिर, बाहिरतिर!* त्यसपछि यशैयाले जसरी *माथितिर* हेर्दा, हामीले परमेश्वरलाई उहाँको पूर्ण पवित्रतामा देख्छौँ, *भित्रतिर* हेर्दा, हामीले आफैलाई देख्छौँ, र शुद्धीकरण र शक्तिको आवश्यकता हामीमा भएको देख्छौँ, र *बाहिरतिर* हेर्दा, नाश भइरहेको संसार र उद्धारकर्ताको आवश्यकतालाई देख्छौँ। "हे

परमेश्वर, *मलाई* जाँच्नुहोस्, र *मेरो* हृदयलाई जान्नुहोस्। मलाई जाँच्नुहोस्, र *मेरा* विचारहरूलाई जान्नुहोस्। हेर्नुहोस्, ममा कुनै खराब चाल छ कि, र *मलाई* अनन्तको मार्गमा डोऱ्याइदिनुहोस् (भजनसंग्रह १३९:२३–२४)।" त्यसपछि मात्र *पुलपिटमा अभिषेक र मण्डलीमा काम हुनेछ*।

*के हामी हाम्रो दिनमा शारीरिक शक्तिमा अलि बढी नै भर पर्दैनौं र? के पहिले जस्तै आश्चर्यकर्महरू अहिले पनि हुन सक्दैनन् र? आफ्नो भरोसा उहाँमा राख्नेहरूतर्फ आफैलाई बलियो देखाउन के परमप्रभुका आँखाहरू अझै पनि सारा पृथ्वीभरि घुमिरहँदैनन् र? ओहो, परमेश्वरले मलाई उहाँमाथि अझ बढी व्यावहारिक विश्वास देऊन्! एलियाका परमप्रभु परमेश्वर अहिले कहाँ हुनुहुन्छ? उहाँलाई पुकारा गर्ने एलियालाई उहाँ पर्खिरहनुभएको छ।*

*— जेम्स गिलमोर (मंगोलियाका मिसनरी)*

*प्रार्थनाको समयमा हामीलाई विचलित गराउने दुष्ट आत्माहरूको प्रयासबाट हामी प्रार्थनाको उपयोगिता थाहा पाउँछौं; र हाम्रा शत्रुहरूको पराजयमा हामी प्रार्थनाको फल अनुभव गर्छौं। — जोन क्लिमाकस*

*जब हामी प्रार्थनाद्वारा परमेश्वरकहाँ जान्छौं, शैतानलाई थाहा हुन्छ कि हामी उसको विरुद्धमा शक्ति प्राप्त गर्न जाँदैछौं, र त्यसैले उसले सकेजति हाम्रो विरोध गर्छ। — आर. सिब्स*

*मैले एउटा मानिस खोजें। — इजकिएल २२:३०*

*एलिया (साधारण) मानिस थिए। — याकूब ५:१७*

# अध्याय - ४

## परमप्रभु परमेश्वरका एलियाहरू कहाँ छन् ?

"एलियाका परमप्रभु परमेश्वर कहाँ हुनुहुन्छ?" भन्ने प्रश्नको उत्तर हामीले दिन सक्छौँ, "जहाँ उहाँ सधैँ रहनुहुन्छ – सिंहासनमा।" तर "परमप्रभु परमेश्वरका एलियाहरू कहाँ छन्?" भन्ने प्रश्नको उत्तर के छ त? हामीलाई थाहा छ कि "एलिया पनि हामीहरूको जस्तै स्वभाव भएका मानिस थिए।" तर हाय! हामी उनी जस्तै प्रार्थना गर्ने मानिस छैनौँ। परमेश्वरको साथमा प्रार्थना गर्ने एक जना मानिस उभिँदा त्यही नै बहुमत हो। आज परमेश्वरले धेरै मानिसहरूलाई छोडेर जानुहुन्छ, तिनीहरू धेरै अज्ञानतामा भएकोले होइन, तर तिनीहरू धेरै आफैमा पर्याप्त भएकोले हो। मेरा भाइ हो, हाम्रो सक्षमता नै हाम्रो अशक्तता र हाम्रो प्रतिभा नै हाम्रो बाधा हो।

गुप्त बासबाट एलिया पूर्ण रूपमा बढेको मानिस भएर पुरानो करारको मञ्चमा आए। नरककी छोरी रानी इजबेलले परमप्रभुका पूजाहारीहरूलाई भगाएर त्यसको सट्टामा झूटा देवताहरूका थानहरू राखिन्। अन्धकारले देशलाई ढाक्यो र घोर अन्धकारले मानिसहरूलाई ढाक्यो, र तिनीहरूले अधर्मलाई पानी जसरी पिउँथे। अन्यजातिहरूको मन्दिर र मूर्ति पूजाको अनुष्ठानहरूले दूषित भएको त्यो देशले दैनिक हजारौँ निष्ठुर वेदीहरूबाट माथि जाने धुवाँलाई हेरिरहन्थ्यो।

यी सबै अब्राहामलाई आफ्नो पिता भनी दाबी गर्ने मानिसहरूको बीचमा भएको थियो, जसका पिता–पुर्खाहरूले आफ्नो सङ्कष्टमा परमप्रभुलाई पुकारे, र उहाँले तिनीहरूलाई तिनीहरूका सबै कष्टबाट छुटाउनुभएको थियो। कसरी महिमाको परमेश्वर हट्नुभयो! नुनले आफ्नो स्वाद गुमाएको छ! सुन निस्तेज भएको छ! तर यसरी विशाल रूपमा मानिसहरू पछि हटेको समयमा परमेश्वरले एक जना मानिसलाई खडा गराउनुभयो; एउटा समितिलाई होइन, एउटा कुललाई होइन, एउटा

स्वर्गदूतलाई होइन– तर एक जना **मानिसलाई**, र त्यो पनि हामी जस्तै स्वभावका मानिसलाई! परमेश्वरले *"एक जना मानिसलाई खोज्नुभयो"*, प्रचार गर्नको लागि होइन, तर *"धाँदोमा उभिनको लागि"*। अब्राहाम जसरी नै एलिया *"परमप्रभुको अगाडि उभे"।* त्यसै भएकोले पवित्र आत्माले एलियाको जीवनलाई दुईवटा शब्दहरूमा लेख्नुभयो: तिनले *"प्रार्थना गरे।"* त्योभन्दा बढी अरू कुनै मानिसले परमेश्वरको लागि अथवा मानिसहरूको लागि केही गर्न सक्दैन। आजको मण्डलीमा जति सल्लाहकारहरू छन्, त्यति नै अन्तर्बिन्ती गर्नेहरू भएको भए, हामीले एक वर्षभित्र जागृति देख्न पाउँथ्यौँ।

यसरी प्रार्थना गर्ने मानिसहरूले सधैँ नै देशभरिको लागि भलाइ ल्याउँछन्। एलिया त्यस्ता प्रकारको मानिस थिए। उनले आवाज सुने, दर्शन देखे, शक्तिलाई चाखे, शत्रुलाई नापे र परमेश्वरसँग मिलेर विजय ल्याए। उनले बगाएको आँसु, भोगेको प्राणको वेदना, व्यक्त गरेका सुस्केराहरू यी सबै कुरा परमप्रभुको इतिहासको किताबमा अभिलिखित छन्। अन्तमा एलिया स्वर्गीय अचुकतासहित भविष्यवाणी बोल्न निस्के। उनलाई परमेश्वरको मन थाहा थियो। त्यसैले उनी – एक्लो मानिस – देशको घाँटी निमोठे र प्रकृतिको नियमलाई नै बदलिदिए। यो पहरा जस्तो भएको मानिस हल्लाउन नसक्ने बलियो गिलादको पर्वतजस्तै उभिएर एक शब्दले आकाशलाई थुनिदिए। विश्वासको साँचोले, जुन सबै ताल्चामा लाग्छ, एलियाले आकाशलाई बन्द गरिदिए, चाबी आफ्नो खल्तीमा राखे र आहाबलाई काम्न लगाए। परमेश्वरले एउटा मानिसलाई पक्रनु अति राम्रो कुरा हो, तर एउटा मानिसले परमेश्वरलाई पक्रिँदा पृथ्वीले एउटा आश्चर्य काम देख्छ। परमेश्वरको मानिसले *"पवित्र आत्माद्वारा आफ्ना सुस्केराहरूलाई पोखाओस्"*; परमेश्वरले *"मलाई छोडिदेऊ"* भनी चिच्याउनुहुन्छ। हामी एलियाको प्राप्तिलाई मन पराउँछौँ, तर निर्वासलाई चाहिँ मन पराउँदैनौँ!

भाइ हो, हामी परमेश्वरको कामलाई परमेश्वरकै तरिकाले परमेश्वरकै समयमा परमेश्वरकै शक्तिद्वारा गर्छौं भने, हामीले परमप्रभुको आशिष् पाउँछौँ र शैतानको श्राप पाउँछौँ। परमेश्वरले आशिष् दिनको लागि स्वर्गका ढोकाहरू खोल्दा, शैतानले अनिष्ट ल्याउनको लागि नरकका



एलिया

ढोकाहरू खोल्छ। परमेश्वर मुस्कुराउनुभयो भने शैतानले आँखा तर्छ!

साधारण प्रचारकले जसलाई पनि सहायता गर्न सक्छ होला र कसैलाई चोट पार्दैन; तर भविष्यवक्ताले सबैलाई जगाउँछ र कसै–कसैलाई रिसले पागल हुने ठाँउमा पुऱ्याउँछ। प्रचारक भीडको साथ–साथ जान्छ; तर भविष्यवक्ता त्यसको *विरोधमा* खडा हुन्छ। छुटकारा पाएको, आगो सल्काएको र परमेश्वरले भरिएको मानिस देशको पापको विरोधमा बोल्ने भएकोले –देश विरोधी; उसको जिब्रो दुई धारे तरबार भएकोले –निर्दयी मानिस; सबै प्रचारको विपरीत भएकोले –असन्तुलन भएको व्यक्ति भन्ने नाम पाउँछ। प्रचारकको जयजयकार गरिन्छ; भविष्यवक्तालाई खेदिन्छ।

हे मेरा प्रचारकहरू, लुथर, बन्यन (Bunyan), वेस्ली, एसबरी (Asbury) जस्ता विगतका सन्तहरू, मिसनरीहरू, सुधारवादीहरू, रक्त साक्षीहरूलाई हामी प्रेम गर्छौं। तिनीहरूको जीवन चरित्र लेख्छौँ; तिनीहरूलाई आदर गर्छौं, उनीहरूका चिहानमा लेखिएका शब्दहरूलाई लेखिराख्छौँ र तिनीहरूको लागि सम्झनाका चिन्हहरू बनाउँछौँ – उनीहरूको देखासिकी गर्नु बाहेक अरू जे पनि गर्छौं। उनीहरूको रगतको अन्तिम थोपालाई हामी कदर गर्छौं, तर आफ्नो रगतको पहिलो थोपालाई पनि जोगाउँछौँ!

बप्तिस्मा दिने यूहन्ना ६ महिनासम्म जेलमा नपरेको नै ठूलो कुरा हो। उहाँ र एलिया अहिलेका सहरहरूमा ६ हप्तासम्म पनि झ्यालखाना नपरीकन सेवा गर्न सक्दैनन्। पापको विरोधमा न्याय गरेको र आफ्नो सन्देशलाई नरोकेको कारण तिनीहरूलाई झ्यालखानामा अथवा पागलखानामा थुनिन्छ।

आजका सुसमाचार प्रचारकहरूले कम्युनिजमको शक्तिलाई ठूलो आँखाले हेरिरहेका छन्, तर रोमानिजमले (रोमन क्याथोलिक) ल्याउने खतराको अगाडि मुख बन्द गरेका छन्। यदि पवित्र आत्माले अभिषेक गरिएको कुनै प्रचारकले रोमन क्याथोलिक मण्डलीको विरुद्धमा कडा प्रहार गर्ने हो भने चौबिस घण्टाभित्र अमेरिकाको एक कुनादेखि अर्को कुनासम्म हल्लिनेछ! बेलायतमा हामी झन् खराब छौँ। हामी निष्ठुर, अर्ध–सभ्य विद्रोही समूह माउ माउ (जो साँच्चै दुष्ट छन्!) को विरुद्धमा

राष्ट्रिय चासो जगाउँछौँ, तर रोमन क्याथोलिक मण्डलीसँग चाहिँ साँठगाँठ र चाकडी गर्छौँ! मानिसहरूको प्राणलाई लठ्याउने पादरीहरू, मूर्ति पूजाहरू, मरियमलाई गर्ने प्रार्थनाहरू, यी सबैमा परेर जीवन र मृत्यु दुवैमा लुसिफरको जालसाजीद्वारा ठगिएर नाश भइरहेका यी लाखौँ मानिसहरूलाई देख्दा पनि आँसुसहित अन्तर्बिन्ती गर्न र परमेश्‍वरप्रतिको जोशले भरिन हामी सकेका छैनौँ; जसको समान परिस्थितिमा हुँदा एलिया परमेश्‍वरप्रतिको जोशले भरिएका थिए। शत्रु बाढी जस्तै आइसकेको छ; उसको विरोधमा झन्डा फरफराउनलाई परमेश्‍वरको सारा अस्त्र उठाएका र पवित्र आत्माले भरिएका कुनै प्रचारकहरू आज छैनन्? एउटा ठाउँले मात्र हाम्रो हृदयलाई तृष्णाले भर्छ, र हाम्रा आँखालाई दर्शनमा अडिरहन लगाउँछ, त्यो प्रार्थना गर्ने ठाउँ हो। ज्वालामुखी जस्तै हृदय भएको, चटयाङ जस्तै स्वर भएको मानिस एलिया, अहिलेको जस्तो बिग्रेको परिस्थितिको लागि नै त्यति बेला देशमा आएका थिए।

सुसमाचारको विरोधमा भएका कुराहरू अनगिन्ती छन्। तर साहसी मानिसको अगाडि सङ्कटहरू बाटो छोड्छन्।

*"तर्न नसक्ने कुनै नदीहरू छन्?*
*छेड्न नसक्ने कुनै पहाडहरू छन्?*
*असम्भव कुराहरूलाई सामना गर्नुमा परमेश्वर विशेषज्ञ हुनुहुन्छ,*
*अरू कुनै शक्तिले गर्न नसक्ने काम उहाँले गर्न सक्नुहुन्छ।"*

मूल्य बढी छ, परमेश्‍वर हामीसँग साझेदार बन्न चाहनुहुन्न, तर हाम्रो स्वामी बन्न चाहनुहुन्छ।

एलियाले परमेश्‍वरसँगै जीवन बिताए। उनले *परमेश्वरले जस्तै* नै देशको पापको बारेमा सोचे; परमेश्‍वर जस्तै नै पापको लागि दुःखित भए; *परमेश्वरले जस्तै* नै पापको विरोधमा बोले। उनी प्रार्थनामा तृषित थिए, र देशको दुष्टतालाई सार्वजनिक रूपमा तिरस्कार गर्नुमा जोशिलो थिए। उनका प्रचारहरू नरम थिएनन्; जोशले उनको प्रचारमा आगो ल्यायो, र उनका शब्दहरू आगोले पगालेको फलाम जस्तै भएर मानिसहरूको हृदयभित्र पस्यो।

तर "असल मानिसका पाइलाहरू परमप्रभुद्वारा नै सुव्यवस्थित हुन्छन्" (भजनसंग्रह ३७:२३क)। परमेश्वरले एलियालाई भन्नुभयो: "लुकिबस्" फेरि भन्नुभयो: "आफूलाई देखाऊ।" हामीले उहाँको खातिर राजाहरूलाई हप्काउन परेको हुँदा लुकिबस्नु गलत हो; पवित्र आत्माले हामीलाई प्रार्थनामा पर्खिरहन बोलाउँदा प्रचार गर्न जानु गलत हो। हामी दाउदसँग सिक्नुपर्छ, "हे मेरो प्राण, परमेश्वरमा मात्र विश्राम गर"(भजनसंग्रह ६२:५)। हामीमध्येमा कसले आफूलाई थाम्ने खम्बाहरूलाई काटिदिने निम्तो परमेश्वरलाई दिन सक्छौं? परमप्रभुको मार्ग हाम्रो मार्ग होइन। उहाँका मार्गहरूलाई खोजेर पत्ता लगाउन सक्दैन, तर उहाँले उहाँको आत्माद्वारा ती कुराहरू हामीलाई प्रकट गराउनुहुन्छ। परमेश्वरले एलियालाई पहिले करीत जान भन्नुभयो, त्यसपछि सारपातमा जान भन्नुभयो –विलासी होटेलमा बस्नको लागि हो? होइन! यो परमप्रभुको भविष्यवक्ता र धार्मिकताको प्रचारकले एउटी दयनीय विधवाको घरमा बस्ने आज्ञा पाए!

कर्मेल डाँडामा एलियाले गरेको प्रार्थना, छोटो प्रार्थनाको लागि एउटा उत्कृष्ट नमुना हो। "*मलाई जवाफ दिनुहोस्, हे परमप्रभु, जवाफ दिनुहोस्, र यी मानिसहरूले जानुन्, कि तपाईं परमप्रभु नै परमेश्वर हुनुहुन्छ, र तपाईंले नै तिनीहरूका मन फर्काउँदै हुनुहुन्छ*" (१राजा १८:३७)।" साझा रूपमा गरिने छोटो शक्तिशाली प्रार्थनाहरू, गुप्त रूपमा गरिने लामो अन्तर्बिन्तीको परिणाम हो भनी इ.एम. बाउन्ड्सले भन्नुभएको कुरा सत्य हो। एलियाले प्रार्थना गरे, मूर्ति पूजा गर्ने पूजाहारीहरूको विनाशको लागि होइन, न त अटेरी इस्राएल जातिलाई सखाप पार्न स्वर्गबाट चटचाङ आउनको लागि, तर परमप्रभुको महिमा र शक्ति प्रकट हुनको लागि गरेका थिए।

हामी कतिपल्ट गाह्रो परिस्थितिहरूमा परमेश्वरलाई सहायता गर्न प्रयास गर्छौं। अब्राहामले यो काम गरेको सम्झिनुहोस्, र आजको दिनसम्म त्यो मूर्खताले संसार इश्माएलद्वारा श्रापित भएको छ। तर एलियाले चाहिँ कामलाई सक्दो गाह्रो बनाए। एलियालाई आगोको आवश्यकता थियो, हुँदाहुँदै उनले बलिलाई पानीले भिजाए! परमेश्वर त्यस्तो प्रकारको पवित्र साहस हाम्रो प्रार्थनामा भएको मन पराउनुहुन्छ। "मसँग माग, र म जातिहरूलाई तिम्रो उत्तराधिकार तुल्याइदिनेछु, र

समस्त पृथ्वी तिम्रो निजी सम्पत्ति तुल्याइदिनेछु।" (भजनसंग्रह २:८)

हे मेरा सेवकहरू हो, हाम्रो प्रार्थनाको प्रायः भागहरू परमेश्वरलाई सल्लाह दिनुमा नै बित्दैछ! हाम्रा प्रार्थनाहरू, हाम्रो लागि अथवा हाम्रो सम्प्रदायको लागि हामीले बोक्ने स्वार्थीपनले गर्दा धमिलो भएको छ। ती धारणाहरूलाई नाश पार्नुहोस्! परमेश्वरको इज्जतमा कलङ्क लागेको छ; उहाँको छोराको बेवास्ता भएको छ; उहाँका कानुनहरू तोडिएको छ; उहाँको नाम दूषित भएको छ; उहाँको किताब बिर्सिएको छ, र उहाँको घर सामाजिक कामहरू हुने तमाशा घर भएको छ।

परमेश्वरलाई आफ्ना मानिसहरूप्रति धैर्यता बढी चाहेको समय तिनीहरूको प्रार्थनाको समयभन्दा अरू कुनै छ त? के गर्नुपर्छ, र कसरी गर्नुपर्छ भनी हामीले उहाँलाई सिकाउँछौँ। भएका कुराहरूमा हामी न्याय गर्छौं, र कुनै कुरालाई प्रशंसा गर्छौं–यी सबै प्रार्थनाको समयमा। छोटकरीमा भन्नुपर्दा प्रार्थना गर्नु बाहेक अरू सबै गर्छौं। कुनै ईश्वरशास्त्र उच्च विद्यालयले यो कला सिकाउँदैन। कुन ईश्वरशास्त्र उच्च विद्यालयको पाठ्यक्रममा प्रार्थना भन्ने विषय छ? धर्मशास्त्रमा मानिसले पढ्नुपर्ने सबैभन्दा महत्त्वपूर्ण भाग प्रार्थना हो। तर यो कहाँ सिकाइन्छ? अन्तिम कपटलाई पनि खुलस्त पारिदिऊँ, र स्वीकार गरौँ कि हाम्रा अध्यक्षहरू र शिक्षकहरू प्रार्थना गर्दैनन्, आँसु बगाउँदैनन्, र वेदनाको अनुभव गरेका छैनन्। तिनीहरूले नै नजानेको कुरा हामीलाई सिकाउन सक्छन् त?

त्यो मानिस, जसले विश्वासीहरूलाई प्रार्थना गर्न लगाउन सक्छ, उसले परमेश्वरको अधीनतामा रहेर संसारले नदेखेको महान् जागृतिलाई ल्याउँछ। परमेश्वरमा गल्ती छैन। उहाँको लागि सबै कुरा सम्भव छ। परमेश्वरले *"हामीभित्र काम गर्ने उहाँको शक्तिअनुसार हामीले मागेको वा चिताएको भन्दा ज्यादै प्रशस्त मात्रामा गर्न सक्नुहुन्छ।"* आज परमेश्वरको समस्या कम्युनिजम (कम्युनिस्टको सिद्धान्त) अथवा रोमानिजम अथवा स्वतन्त्र–विचारवाद (उदारवाद) होइन; तर मृत अक्षरशःवाद (कट्टरपन्थीवाद) हो।

*जागृति र सुसमाचार प्रचार, एकअर्कासँग नजिकबाट जोडिएका छन्, तर तिनलाई एउटै भनेर अलमलिनु हुँदैन। जागृति मण्डलीभित्रको अनुभव हो; सुसमाचार प्रचार मण्डलीको अभिव्यक्ति हो। — पल एस. रीस*

*परमेश्वरले आफ्नो मण्डली नास हुने खालको भक्तीलाई जोगाएर राख्ने फ्रिज (Refrigerator) जस्तो होस् भन्ने कहिल्यै चाहनुभएन। उहाँले त यसलाई नयाँ विश्वासीहरू जन्माउने इन्क्युबेटर (Incubator) जस्तो होस् भन्ने चाहनुभएको थियो। — एफ. लिन्सिकोम*

*प्रभु, के त्यो म हुँ? — चेलाहरू*

*के तिमीसँग तर्न नसक्ने ठानेका कुनै नदीहरू छन्?*
*के तिमीसँग छेडेर जान नसक्ने कुनै पहाडहरू छ?*
*असम्भव ठानिएका कुराहरूमा परमेश्वर विशेषज्ञ हुनुहुन्छ,*
*र अरू कुनै शक्तिले गर्न नसक्ने काम उहाँले गर्न सक्नुहुन्छ।*

*परमेश्वरले हामीलाई त्यस्तो ठाउँमा लोकप्रियता खोज्न सहायता गर्नुहुन्छ जहाँ त्यसको महत्त्व हुन्छ—परमेश्वरको दरबारमा! — जेप (Zepp)*

# अध्याय - ५

## हाडै-हाड भएको बेँसीमा जागृति

*"परमप्रभुको हात ममाथि पर्‍यो, अनि उहाँले मलाई परमप्रभुको आत्माद्वारा ल्याउनुभई हाडै-हाड भएको बेँसीमा राख्नुभयो.... र मैले त्यस बेँसीको जमिनमा थुप्रै हाडहरू देखेँ। ती हाडहरू असाध्य सुकेका थिए.... तब उहाँले मलाई भन्नुभयो, यी हाडहरूलाई भविष्यवाणी कहेर भन्, 'हे सुकेका हाड हो, परमप्रभुको वचन सुन!'.... तब उहाँले आज्ञा गर्नु भएझैँ मैले भविष्यवाणी कहन लागेँ र सास तिनमा पस्यो। तिनीहरू जीवित भएर आ-आफ्ना खुट्टामा उभिए, र त्यहाँ एक अत्यन्तै ठूलो सेना भयो"* (इजकिएल ३७)।

इतिहासमा योभन्दा दयनीय दृश्य कतै थियो त? यसलाई नैराश्यताको स्वरूप भन्न सकिन्छ। यस्ता श्रोताहरूको बीचमा कसले कहिले परिश्रम गरेको छ त? सम्भव भएका कुराहरूको बीचमा प्रचारकहरूले परिश्रम गर्छन्, तर भविष्यवक्ताहरू असम्भव भएका कुराहरूको बीचमा परिश्रम गर्छन्। देश चोटहरू र सइनले भरेको यशैयाले देखे, तर रोगले तीव्र गतिमा मृत्युमा पुर्‍यायो, मृत्युले कुहिन लगायो, र अब यो टुटेका हड्डीहरूले नैराश्यताको प्रभावलाई फैलाइरहेका छन्। त्यो परिस्थितिमाथि ठूलो अक्षरले असम्भव भन्ने शब्द लेख्यो। सम्भव हुने कुराहरूलाई गर्न विश्वासको आवश्यकता छैन भन्ने कुरा स्पष्ट छ; असम्भव कुराहरूलाई गर्न विश्वास भन्ने अणु शक्ति थोरै मात्र भए पुग्छ; किनभने रायोको दानाको आकारमा भएको विश्वासले हामीले सोचेको र कल्पना गरेको सबैभन्दा अझ बढी काम गर्छ। मानिसले जे गर्न सक्छ त्यसलाई गर्न परमेश्वरले भन्नुहुन्न, तर जे गर्न सक्दैन त्यसलाई गर्न नै बारम्बार भन्नुहुन्छ। कुनै पनि मानव शक्ति अथवा बुद्धिले काम भएको होइन, तर काम उहाँको सामर्थ्यबाट भएको भनी प्रमाणित गराउन असम्भव भन्ने शब्द उनीहरूको शब्दसंग्रहबाट नै हटाइन्छ।

भविष्यवक्ताहरू एक्लो रहने मानिसहरू हुन्: तिनीहरू एक्लै हिँड्छन्,



हाडै-हाड भएको बेँसी

एक्लै प्रार्थना गर्छन्, र परमेश्वरले तिनीहरूलाई एक्लो बनाउनुहुन्छ। तिनीहरूलाई बनाउन कुनै ढाँचा छैन, परमेश्वरले नै तिनीहरूलाई बनाउनुहुन्छ, स्वर्गीय छनोटका सिद्धान्तहरू अगम्य छन्। तर कसैले धेरै वृद्ध भएँ भनी नभनोस् र कोही पनि निराश नहोस्; हामी परमेश्वरको हातमा प्रयोग भएको हुन सक्छौँ, नभएको पनि हुन सक्छौँ। दासत्वमा परेको दयनीय मानिसहरूलाई नेतृत्व गर्ने जिम्मा मोशाले पाउँदा उनी असी वर्षका थिए। जर्ज म्युलर सत्तरी वर्ष पुगेपछि मात्रै विश्वभरि धेरै देशहरूमा धेरैपल्ट यात्रा गर्नुभयो, र रेडियोको सहायताविना लाखौँ मानिसहरूलाई प्रचार गर्नुभयो।

इजकिएलले समिति बनाएनन्, र प्रार्थना पत्रहरू पठाएनन्; पैसा सङ्कलन गरेनन्, र प्रसिद्धिको लोभ गरेनन्। तर योचाहिँ जीवन र मृत्युको परिस्थिति थियो। (आजको सुसमाचार प्रचार पनि यस्तै छ – त्यसैले हरेक प्रचारक होसियारी होस्, ताकि उसको ईश्वरशास्त्रीय छल पूर्ण कौशल सुन्नेहरूलाई, “यो मानिस चलाख छ!” भन्दै पूर्ण आत्मिक अन्धकारमा नै घर फर्किन नलगाओस्)। हड्डीहरू भएको पहाडलाई “*हटिजाऊ*” भनी इजकिएलले भन्नुपर्थ्यो, उनले त्यस्तै भने, र त्यस्तै हुन आयो। त्यहाँ श्राप थियो –यसलाई हटाउने उपाय उनीसँग थियो त? त्यहाँ मृत्यु थियो – उनले जीवन ल्याए त? यहाँ सिद्धान्त फैलाउने ठाउँ केही छैन। प्रिय विश्वासीहरू, सुन्नुहोस्; संसारले सुसमाचारको नयाँ परिभाषाको लागि पर्खिरहेको छैन, तर सुसमाचारको शक्तिलाई प्रदर्शन गर्ने नयाँ कामको लागि पर्खिरहेको छ। आशा गर्न नसक्ने राजनीतिक अवस्था, बिग्रेको नैतिकता र आत्मिक नैराश्यताले भरेको यी दिनहरूमा सिद्धान्तको होइन, तर विश्वासका मानिसहरू खोइ? नरकको अशुद्धताका छालहरूले तटबन्धलाई नाघेर यो पुस्तालाई डुबाइसक्यो भन्ने कुरालाई तथ्याङ्कसहित देखाउन र अन्धकारलाई सराप्न विश्वासको आवश्यकता छैन। यो रोग, दुःख र पापले भिजिएको र शारीरिक अभिलाषामा डुबिएको संसार भोकले मरिरहेको हुँदा हामीसँग सिद्धान्तहरू चाहिँदो र बढी पनि छन्।

उदासको यो घडीमा संसार अन्धकारमा सुतिरहेको हुँदा मण्डली ज्योतिमा सुतिरहेको छ; ख्रीष्ट येशूलाई *“मित्रहरूको घरमा चोट लागेको छ” (जकरिया १३:६)।* लङ्गडो भएको 'लडाकु मण्डली' लाई खिसी गरेर

'शक्तिहीन मण्डली' भन्न थालिएको छ। हरेक वर्ष पहाड जति कागजहरू र नदी जतिको मसीहरू मरेका मानिसहरूको दिमागका विचारहरूलाई छाप्न प्रयोग हुँदैछ, तर जिउँदो पवित्र आत्माले यस्ता मानिसहरूलाई खोज्दै हुनुहुन्छ, जसले आफूले हासिल गरेको शिक्षालाई खुट्टामुनि कुल्चिएर, फुलेको अहमको हावालाई फुस्काएर आफू अन्धो भएको कुरालाई स्विकार्छन्। यस्ता मानिसहरू फुटेको हृदय र बडो क्रन्दन र आँसु भन्ने मूल्य चुकाएर आफू देख्नको लागि आफ्नो आँखामा मलम लगाउन चाहन्छन्, जुनचाहिँ आफ्नो आत्माको दरिद्रतालाई इमानदारीसाथ स्वीकार गर्नु भन्ने मूल्य तिरेर किनिन्छ। कुनै वर्ष अगाडि एक जना सेवकले आफ्नो मण्डली अगाडि यस्तो लेखिएको पाटी राख्नुभयो, "यो मण्डलीमा जागृति हुनेछ, अथवा अन्त्येष्टि!" त्यस्तो उदासले परमेश्वरलाई प्रसन्न पार्छ, नरकलाई चिन्तित तुल्याउँछ। यो पागलपन भनी भन्नुहुन्छ? सही भन्नुभयो। नमात्तिएको मण्डलीले कुनै असल काम गर्न सक्दैन। यो घडीमा हामीलाई पवित्र आत्माले मात्तिएका मानिसहरूको आवश्यकता छ। परमेश्वरले आफैले आफैलाई जित्नुभयो? जोन वेस्ली, जर्ज ह्वाइट्फिल्ड, चार्ल्स फिनी, हड्सन टेइलर यी मानिसहरू के परमेश्वरका विशेष संस्करणहरू हो र? कदापि होइन! मैले प्रेरितको किताबलाई सही तरिकाले बुझेँ भने यिनीहरू सबै साधारण मानिसहरू नै थिए भनी बुझ्न सक्छु।

अणुबमले सबै कुरालाई हल्लाएको रहेछ –मण्डली बाहेक। परमेश्वरको सार्वभौमिकतालाई बढाइचढाइ गरेर, र 'यो युग नै शक्तिहीन समय हो' भन्ने शिक्षाहरूमा अल्झिँदै, हामी आफ्नो आत्मिक टाट पल्टिएको अवस्थालाई सुरक्षित राख्छौँ। यस्तै रहुन्जेल नरक भरिँदै जान्छ। संसारमा कम्युनिजम फैलिरहेको हुँदा, मण्डलीमा आधुनिकता फैलिरहेको हुँदा र अक्षरशःवादीहरूलाई मनतातोपनले कुँजो बनाइरहेको हुँदा, इजकिएल जसरी धाँदोमा उभिने मानिसलाई परमेश्वरले व्यर्थमा खोज्नुहुन्छ होला र? मेरा प्रचारक भाइहरू हो, अहिलेका दिनहरू प्रसवपीडाभन्दा प्रस्थानलाई (यात्रालाई) मनपर्ने दिनहरू भयो, त्यसैले जन्माउन सकेन। परमप्रभु, हामीलाई चाँडै नै भविष्यवक्ता पठाउनुहोस्, जो घुँडो खुस्केका मण्डलीहरूको कदममा हिँड्दैन।

अर्को एउटा नयाँ सम्प्रदाय जन्मिनको लागि समय ढिलो भइसक्यो। भक्तिहीनतासँग (त्यो धर्मको मुकुन्डो लगाएका मानिसहरू अथवा राजनीतिक मानिसहरू, जो भए पनि) अन्तिम लडन्त लड्नको लागि परमेश्वरले आफ्ना एलियाहरूलाई तयार गर्दै हुनुहुन्छ। अब पवित्र आत्मा खन्याइने कारणले हुने अन्तिम जागृतिचाहिँ साम्प्रदायिकता भन्ने पुरानो थोत्रो छालाको मशकलाई फुटाउने नयाँ दाखमद्य हुनेछ। हल्लेलूयाह!

याद गर्नुहोस्, इजकिएल आत्माद्वारा चल्ने व्यक्ति थिए। एउटा मानिसको रूपमा इजकिएलले पहाडजस्तो सुकेका हड्डीहरूलाई देख्दा उनी कामेको हुनुपर्ने। तर इजकिएलको विश्वास भन्ने मानेमा (चक्र) हजारौँ मानिसहरूको भविष्य घुमिरहेको थियो – याद गर्नुहोस्, विश्वास भन्ने मानेमा घुमेको हो, प्रार्थना भन्ने मानेमा होइन। धेरैले प्रार्थना गर्छन्, तर थोरैलाई मात्र विश्वास छ। यो दृश्यलाई देख्दा कस्तो प्रकारको पवित्र कम्पन उनको प्राणमा भयो होला! स्वर्ग र नरक मात्र यो दृश्यलाई देख्ने दर्शक थिए। इजकिएल आजका दिनहरूमा जिएको भए, यो घटनाको तस्बिर खिचेर पत्रिकामा छाप्थे! दोस्रो, तथ्याङ्क प्रेमी भएर हड्डीहरूको गन्ती निकाल्थे, साथै त्यो सबै हल्लिन थाल्दा त्यो काम उनले गरेको भनी अरूले देख्नको लागि अरूलाई पनि बोलाउँथे (ताकि राष्ट्रिय सुसमाचार प्रचारकहरूको बीचमा उनलाई उचित ठाउँ दिन मानिसहरूले नबिर्सिओस्!)। तर इजकिएल त्यस्ता व्यक्ति थिएनन्। यो कुरा सुन्नुहोस्: *"मलाई आज्ञा भएअनुसार मैले भविष्यवाणी कहेँ"* (यही नै यो घटनाको जड हो – उनी परमप्रभुको लागि मूर्ख भएका थिए); *"हे सुकेका हड्डीहरू हो, परमप्रभुको वचन सुन।"* यो पागलपन हो? हो, निष्कलङ्क पवित्रताको पागलपन! उनले हड्डीहरूलाई देखेर तिनीहरूका कान नहुँदा–नहुँदै पनि भने, *"सुन!"* इजकिएललाई जे आज्ञा भयो त्यही गरे। हामी हाम्रो गौरवलाई जोगाउनको लागि परमेश्वरका आज्ञाहरूलाई फेर्छौं, तर अन्तमा गौरवलाई गुमाउँछौँ। तर इजकिएल आज्ञाकारी भए, र परमेश्वरले सदा गरेजस्तै नै काम गर्नुभयो: *"त्यहाँ एउटा ठूलो आवाज आयो।"* असल भयो –हामीजस्तै मानिसहरूलाई आवाज आयो भने पुग्छ। तर इजकिएलले खलबललाई नयाँ सृष्टि, हल्लिनुलाई अभिषेक र होहल्लालाई जागृति भनी गलत बुझेनन्।

परमप्रभुले उहाँको सर्वशक्ति भएका ओठहरूबाट आउने *एउटै* सासले यी हड्डीहरूको थुप्रोलाई जीवित *पार्न* सक्नुहुन्थ्यो, तर त्यस्तो भएन, त्यहाँ धेरै वटा कामहरू भए। पहिलो *"हड्डीहरू एक-अर्कासित जोडिन लागे - हरेक हड्डी आफ्नै हड्डीसँग।"* अब हड्डीहरूको थुप्रो छैन। यस्तो घटनालाई हामीले देख्यौँ भने हामी मुर्छा पर्छौं, तर इजकिएल स्थिर रहे। तर अस्थिपञ्जरहरूले के लाभ हुन्छ र? यिनीहरूले परमप्रभुको लडन्त लड्न सक्छ र? यो अवस्थामा यिनीहरूले परमप्रभुको नाउँको लागि महिमा ल्याउन सक्छ र? धेरैपल्ट आजका अन्धा अगुवाहरूले वेदीमा आउने अस्थिपञ्जरलाई गनी बस्छन् – साँच्ची नै चलेको हो, तर जन्मेको चाहिँ छैन। तिनीहरूले थोरै आँसु बगाउने बित्तिकै, "यो प्रतिज्ञालाई विश्वास गर्नुहोस्" भनी हामी भनिहाल्छौं। तर तिनीहरूमा जीवन नै छैन। त्यसरी नै अस्थिपञ्जरहरूमा मासु पलाउनुपर्छ, मासुलाई छालाले ढाक्नुपर्छ, र परिणामचाहिँ – उपत्यका भरिको मुर्दा पायौं! परमेश्वरलाई के लाभ भयो त? अझै छैन। तिनीहरूका आँखा छन्, तर देख्न सक्दैनन्, तिनीहरूका हात छन्, तर लडाई गर्न सक्दैनन्, खुट्टा छन्, तर हिँड्न सक्दैनन्। *"मैले फेरि भविष्यवाणी कहेँ"* (KJV) भन्ने ठाउँमा आइपुगुन्जेल सभाहरूमा उठेर अगाडि आएकाहरू पनि यस्तै हुन्छन्। इजकिएल आफूमा उत्पन्न हुने शङ्कालाई विरोध गर्दै लागि रहे। अस्थिपञ्जर र मुर्दालाई देखेर निराश हुनुको सट्टामा परमेश्वर आफ्नो साथमा हुनुहुन्छ भनी उनी स्थिर रहे। परमेश्वरद्वारा नै तिनले विजय पाए। *"उनले आफैलाई आज्ञा भएअनुसार भविष्यवाणी गरे, र सास तिनमा पस्यो, र तिनीहरू जीवित भए!"*

तर आज कसले भन्न सक्छ, *"मलाई आज्ञा भएअनुसार मैले भविष्यवाणी गरेँ, र तिनीहरू जीवित भए"*? हामीले भीडलाई थुपार्न सक्छौं। हाम्रो चिप्लो कागजमा छापेका विज्ञापनहरू, कला, ध्वनिका सामग्रीहरू यी सबै कुरा हाम्रो लागि बढी महत्त्वको भएका छन्। भाइहरू हो, सेवामा उत्रिन परमेश्वरले हामीलाई आज्ञा गर्नुभयो कि भएन भन्ने पनि हामीलाई थाहा छैन। मरिरहेका मानिसहरूको लागि हाम्रो हृदयमा पीडा छ त? एक मिनेटमा ख्रीष्टविना पचासी जना मर्छन् भन्ने तथ्याङ्कले हाम्रा हड्डीहरूमा भएको चिसोपनलाई सुकाउँदैछ त? र प्रशंसाको वस्त्रको सट्टामा पीडाको वस्त्र दिँदैछ त? हामी माथि आँखा उठाएर जिउँदो परमेश्वरलाई (उहाँले

तल हामीलाई हेर्दै हुनुहुन्छ) हेरेर "सुसमाचार प्रचार गरिनँ भने मलाई धिक्कार छ" भनी भन्न सक्छौँ त? "परमप्रभुको आत्मा ममाथि हुनुहुन्छ", प्रचार गर्न मलाई अभिषेक गर्नुभएको छ भनी हामीले साँच्ची नै भन्न सक्छौँ त? नरकले हामीलाई चिनेको छ त? अर्थात् शैतानका आत्माहरूले येशूलाई मैले चिनेको छु, र पास्टर.......... लाई पनि चिनेको छु भनी घोषणा गर्छन् कि, अथवा हामीले प्रचार गर्दा "तिमी को हौ?" भनी सोध्छन्।

राजनीतिको भविष्य बताउनेहरूले हामीलाई कुनै सुखद भविष्यवाणी दिँदैनन्, र विश्वका वरिष्ठ राजनेताहरू आफ्नो साहस जोगाइराख्न सुसेली हालिरहेका छन्। रसेलका अनुयायीहरू (Russellites), मिलेनियल डनिस्टहरू (Millennial Dawnists) र यहोवाका साक्षीहरूले (Jehovah's Witnesses) ढोका-ढोकामा आफ्नो विष बेचिरहेको देखेर, एउटा साधारण नागरिक रमिता हेर्ने दर्शक जस्तै अलमलमा परेको छ। क्रिश्चियन साइन्स (Christian Science)—जुन न त क्रिश्चियन हो न त वैज्ञानिक—रोमन क्याथोलिकहरू र सेभेन्थ डे एड्भेन्टिस्टहरूसँग मिलेर उसलाई स्वर्ग पुऱ्याउने अधिकार दाबी गर्न तँछाडमछाड गर्दैछन्। साधारण नागरिकले कानले सुसमाचार त सुनेको छ, तर उसका आँखाहरूले कहिल्यै देखेका छैनन् र उसको प्राणले कहिल्यै स्वर्गीय उपस्थितिको शक्ति महसुस गरेको छैन। 'तिनीहरूका परमेश्वर कहाँ हुनुहुन्छ?' भनी सोध्ने उनीहरूसँग पूर्ण अधिकार छ। हामी तिनीहरूलाई के उत्तर दिने?

मैले थाहा पाएको सबैभन्दा बढी पीडा ल्याउने एउटा कुराचाहिँ सत्यलाई सामना गर्नु हो। हामी सबै सिद्धान्तमा सक्षम भएका छौँ। एउटा साधारण प्रचारकले अब के भन्नेछ भनी हामी प्रायलाई थाहा हुन्छ। तर सत्य भन्ने आत्माको तरबार अगाडि छुरा पनि बोधो हुन्छ। संसारको विभिन्न भागमा भएका सेवकहरू दुःखित हुने कुराचाहिँ आजको सुसमाचारको प्रभावहीन अवस्था हो। अहिलेको सुसमाचार झिलिकमिलिक बत्ती (फ्ल्यास लाइट) जस्तै छ - एक छिनको लागि उज्यालो तर एकै छिनमा पूर्ण अन्धकार!

हुन सक्छ, हामी मण्डलीमा जीवनको सास (जागृतिको छुवाइ) भएको अनुभव गर्छौं होला, तर ईश्वरहीन भएर जिइरहेका करोडौँ

मानिसहरूका आँखा खोलेका छैनन्। हाम्रो सुसमाचारका सभाहरूमा भेला हुने भीड प्रायः विश्वासीहरू अथवा मण्डलीमा जानेहरूको हुन्छ, तर सफल र धनी पापीहरू र साथै असफल र गरिब पापीहरू सबैको बीचमा जानको लागि हामीलाई जनरल विलियम बुथ जस्ता मानिसहरूको आवश्यकता छ। पुरानो एउटा भजनले यसो भन्छ,

*"हृदय फुटेकाहरू धन्यका हुन्,*
*जो पापको निम्ति साँच्ची नै शोक गर्छन्।"*

तीन वटा महत्त्वपूर्ण कुराहरूको बारेमा यहाँ बताइएको छ: फुटेको हृदय, शोक गर्नु र पाप; "टुटेको र पश्चात्तापले चूर्ण हृदयलाई परमेश्वरले तुच्छ ठान्नुहुन्न"; यथार्थमा परमेश्वरले फुटेको कुरालाई नै प्रयोग गर्नुहुन्छ। उदाहरणको लागि येशू ख्रीष्टले त्यो ठिटोको रोटी लिनुभयो, र त्यसलाई भाँच्नुभयो; त्यसपछि मात्र भीडलाई खुवाउन सक्नुभयो। भुँडुल्कोलाई फुटाउनुपर्छ, पछि मात्र त्यसको सुगन्ध निस्कन्छ, र घरभरि फैलिन्छ – विश्वभरि जान्छ। येशूले भन्नुभयो: "यो मेरो शरीर हो, जो तिमीहरूका निम्ति तोडिएको छ"। हाम्रो कप्तानको बाटो यो हो भने हामी उहाँका नोकरहरू त्यही बाटोमा हिँड्नु परेन त? हाम्रो जीवनलाई बचाउन खोज्दा हामीले त्यसलाई गुमाउनुको साथ अरू मानिसहरूलाई पनि गुमाउँछौँ।

दोस्रो कुरा, पापको लागि शोक गर्नु! यर्मियाले कराएर भने, "मेरो शिर पानीको मूल भए हुन्थ्यो", र भजनसंग्रह लेखक भन्नुहुन्छ: "मेरो आँखाबाट आँसुको धारा बग्छन्।" मेरा प्रिय भाइहरू हो, हाम्रा आँखाहरू सुख्खा छन्, किनभने हाम्रा हृदयहरू सुख्खा छन्। हामी दयाविना भक्ति गर्न सक्ने दिनहरूमा बाँचिरहेका छौँ, यो अनौठो कुरा हो। आफूले जति प्रयास गरे पनि केही परिणाम देख्न सकेन भनी कुनै स्याल्वेसन आर्मीका सेवकहरूले विलियम बुथलाई पत्र पठाउँदा उहाँले जवाफ दिनुभयो, "आँसुलाई प्रयोग गरी हेर्नुहोस्!" तिनीहरूले गरे, र जागृति पाए।

ईश्वरशास्त्र विद्यालयहरूले "आँसु" को बारेमा सिकाउँदैनन्। यथार्थमा सिकाउन सक्दैनन्। यो पवित्र आत्माले सिकाउने कुरा हो; एउटा प्रचारकले जति उपाधिहरू पाए तापनि उच्च शिक्षाहरू हासिल गरे तापनि आजका दिनहरूको पापलाई देखेर हुनुपर्ने प्राणको वेदनाको बारेमा थाहा

छैन भने ऊ खासै धेरै अगाडि बढेको छैन। डेविड लिविङ्स्टनको बारम्बारको प्रार्थना यही नै थियो, "प्रभु, यो संसारको पापको घाउ कहिले निको हुन्छ?" तर हामीले प्रार्थनामा वेदनाको अनुभव गरेका छौँ त? जोन वेल्कले गरेझैँ प्राणको वेदनाले आफ्ना सिरानीहरूलाई भिजाएका छौँ त? भट्टी र चलचित्र मन्दिरहरूबाट राति मानिसहरू फर्किंदा, विद्वान् एन्ड्रयु बोनरले आफ्नो ओछ्यानमा, हृदय पीडाले भरेको अवस्थामा, तिनीहरूलाई देखेर "हे नाश हुनेहरू हो! हे नाश हुनेहरू हो!" भनी कराउनुहुन्थ्यो। हाय! मेरा भाइहरू, हामीले ख्रीष्टलाई त्यसरी चिनेका छैनौँ। हामीमध्येमा धेरैलाई चतुर तर आँसुहीन, दयाहीन, प्राणहीन प्रचार मात्र थाहा छ, जसमा हामी सन्तुष्ट हुन्छौँ।

तेस्रो कुरा, पाप। धर्मशास्त्रले बताउँछ: "मूर्खहरूले पापलाई ठट्टामा उडाउँछन्"(KJV)। मण्डलीका विद्वानहरूले पापलाई सात वटा घातक पापहरू भनी वर्गीकरण गरेका छन्। हामीलाई थाहा छ कि, उहाँहरू गलत हुनुहुन्छ, किनभने सबै पापहरू घातक नै हुन्छन्। सत्तरी गुणा सत्तरी लाख पापहरूचाहिँ ती सात वटा पापहरूबाट नै जन्मेको हो। ती सात वटा पापहरू एउटै राक्षसका सात वटा टाउकोहरू हुन्, जसले यो पुस्तालाई डरलाग्दो गतिमा सखाप पारिरहेको छ। हामीले घमण्डले अन्धा भएका र अभिलाषामा लठ्ठ परेका भएका जवान जवानीलाई सामना गर्न परेको छ। यिनीहरूले झुटो ज्ञानमा भरोसा राखी आत्मिक कुराहरूलाई बेवास्ता गरी संसारले सिकाउने नैतिकतामा घमण्ड गरिरहेका छन्।

एउटा पौराणिक ग्रिक कथालाई सम्झिनु असल हुन्छ। इपीएस भन्ने देशको राजा अगिएस थियो, जो एकदम धनाढ्य थियो। उसले आफ्नो देवताको लागि पवित्र मान्ने बाह्र वटा सेतो गोरुहरू पाल्थ्यो। धेरै वर्षसम्म यी गोरुहरू बस्ने गोठ सफा गरिएन। पछि एरितिएसले त्यो गोठलाई सफा गर्ने जिम्मा हेर्कुलसलाई दियो, र समय एक दिन मात्र थियो। हेर्कुलसले यो काम अल्फेएस र पिनिएस नदीहरूलाई फर्काएर गोठभित्र बग्न लगाएर पूरा गरे।

इसाईहरू हो, त्यसरी नै हामी आफ्ना घुँडाहरू टेकौँ। आज मानिसहरूको बीचमा विश्वभरि फैलिएको पापको क्रियालाई हटाउन गुलाफजल छर्काउने मूर्खतालाई छोडेर प्रार्थनामा बग्ने आँसु र प्रचारमा हुने

अभिषेक भन्ने नदीहरूलाई यो सडेको अवस्था पूर्ण रूपमा शुद्ध नहुन्जेल त्यसको विरोधमा बग्न दिऊँ।

*छाउनीभित्र पाप छ, आज त्यहाँ देशद्रोह छ !*
*के त्यो ममा छ ? के त्यो ममा छ ?*
*हाम्रो पङ्क्तिमा हार र ढिलासुस्तीको कारण छ;*
*हे प्रभु, के त्यो ममा छ ?*
*केही स्वार्थपन, वस्त्र वा सुन;*
*केही बाधा, जवान वा वृद्धमा;*
*केही कारण, जसले गर्दा परमेश्वरले आफ्नो आशिष् रोक्नुहुन्छ;*
*हे प्रभु, के त्यो ममा छ?*
*के त्यो ममा छ ? के त्यो ममा छ ?*
*हे प्रभु, के त्यो ममा छ ?*

*आजको महान् आवश्यकताचाहिँ माथिबाट आउने शक्ति हो। —चार्ल्स फिनी*

*यदि येशू ख्रीष्टले प्रचार गर्न जानुभन्दा अघि अभिषेक पाउन पर्खिनुभएको हो भने, कुनै पनि जवान मानिसले आफू पनि पवित्र आत्माको अभिषेक नपाउन्जेल प्रचार गर्नुहुँदैन। — एफ.बी. मेएर*

*परमेश्वरको वचनको बारेमा विवाद गर्नुबाट होसियार होऊ — तर त्यसको पालन गर। — आस्वाल्ड चेम्बेर्स*

*मेरो प्राण बचाउन म काम गर्न सक्दिनँ,*
*किनकि त्यो मेरा प्रभुले गरिसक्नुभयो;*
*तर म कुनै दासले झैँ काम गर्नेछु,*
*परमेश्वरको प्रिय पुत्रको प्रेमको खातिर। — अज्ञात*

*क्रूसको प्रकाशमा मलाई भन्नुहोस् त, आज तपाईं र म जसरी जिइरहेका छौं, के यो एउटा लज्जास्पद कुरा होइन र ? — एलन रेडपाथ*

*हामीले रगत बगाउन छोड्ने बित्तिकै अरूको लागि आशिष्को मूल बन्न छोड्छौँ। — डा. जे.हेच. जावेत*

# अध्याय - ६

# जागृति ढिलो हुँदैछ— किनभने

हार्नेक भन्ने इसाई इतिहासकारले इसाइत्वको बारेमा भन्नुभयो: "साधारण कुरा तर महान् कुरा हो: परमेश्वरको दृष्टिमुनि र उहाँको सहायताले अहिले र अनन्तकाल जिउनु नै इसाइत्व हो।"

विश्वासीहरूले अनन्तकालको जीवनलाई ध्यानमा राखी जिएको भए कति असल हुन्थ्यो! हामी हरेक दिनको हरेक क्षण परमेश्वरको दृष्टिमुनि जिउन पाउने भए, हामीले गरेको हरेक काम उहाँको न्याय आसन अगाडि गरेको भए, हामीले बेच्ने हरेक चिज उहाँको न्याय आसनको अगाडि बेचेको भए, हरेक प्रार्थना उहाँको न्याय आसनलाई ध्यानमा राखी गरेको भए, हाम्रो सबै कुराको दशांश न्याय आसनको अगाडि भएर दिएको भए, हरेक प्रचार तयार गर्दा एउटा आँखा विनाशमा जाने मानिसहरूमाथि, अर्को आँखा न्याय आसनमाथि राखेर तयार गरेको भए - संसारलाई उथलपुथल पार्ने पवित्र आत्माको जागृति तुरुन्तै सुरु हुन्थ्यो, र करोडौँ प्राणहरूलाई छुटाउँथ्यो।

यो घडीको जिद्दी, घमन्डले फुलेको, आत्मसंयम नभएको, मेल गर्न नचाहेको मानवको अवस्थालाई देख्दा हामीले चेतावनी पाउनुपर्छ। संसारमा मानिसहरू तीन वर्गका मात्र छन् भन्ने कुरा सही हो: डराउनेहरू, डराउनुपर्ने कारण थाहा नपाएकाले नडराउनेहरू र आफ्नो बाइबल धर्मशास्त्रलाई बुझेकाहरू। सदोम, जहाँ बाइबल थिएन, प्रचारकहरू थिएनन्, पर्चाहरू थिएनन्, प्रार्थना सभाहरू थिएनन्, मण्डली थिएन; आफ्नो पापको कारण तहसनहस भयो। त्यस्तो हुँदा लाखौँ बाइबलहरू भएर पनि, हजारौँ मण्डलीहरू भएर पनि, अनगिन्ती प्रचारकहरू भएर पनि पापमा जिइरहेको हाम्रो देश सर्वशक्तिमान् परमप्रभुको क्रोधबाट कसरी उम्किन सक्छ होला?

मानिसहरूले मण्डली भवन बनाउँछन्, तर त्यसभित्र प्रवेश गर्दैनन्, बाइबल छाप्छन्, तर त्यसलाई पढ्दैनन्, परमेश्वरको बारेमा कुरा गर्छन्, तर विश्वास गर्दैनन्, ख्रीष्टको बारेमा बोल्छन्, तर उद्धारको लागि उहाँमाथि भरोसा राख्दैनन्, भजन गाउँछन्, तर त्यसले बताएको सत्यलाई बिर्सन्छन्। हामी यी सबैबाट कसरी उम्कने होला?

अहिले हुने प्रायः सबै सम्मेलनहरूमा अहिलेको मण्डली एफिसी मण्डली जस्तै हो भनी घोषणा गरिन्छ। हामी शारीरिक भएर पापमा जिइरहेको हुँदा-हुँदै पनि, ख्रीष्ट येशूसँग स्वर्गमा बसालिएका छौँ भनी सिकाइन्छ। हाय! कति ठूलो झूट! हामी एफिसीहरू हौँ भनी मान्छौँ, ठिक छ, तर प्रकाशको किताबमा एफिसी मण्डलीको बारेमा बताएको जस्तै नै आफ्नो पहिलो प्रेमलाई छोडेका छौँ। हामी पापलाई तृप्त पार्न खोज्छौँ, तर विरोध गर्दैनौँ। यस्तो चिसो, शारीरिक, र डराएको मण्डली अघि यो असंयमित, अनैतिक र कामुक पुस्ता कहिल्यै पनि समर्पित हुँदैन। आफ्नो गल्तीको दोष अरूमाथि लगाउन छोडिदिऊँ। घटिरहेको नैतिकताको कारण रेडियो अथवा टेलिभिजन होइन। विश्वभरि फैलिएको पतन र भ्रष्टाचारको दोष मण्डलीको ढोका अगाडि छ! अहिले मण्डली संसारको काँडा भन्ने स्थानमा छैन। तापनि साँचो मण्डली सधैँ विजय पाएको चाहिँ सुख-चैनका समयहरूमा होइन, तर सतावटको समयमा नै हो। यस्तो तल्लो स्तरको इसाई जीवनलाई, येशूको नयाँ करारको स्तर भनी मण्डलीले मानिसहरूको बीचमा प्रस्तुत गर्दा, त्यसलाई विश्वास गर्ने हाम्रो मूर्खता अति नै अनौठो छ।

किन जागृति ढिलो हुँदैछ? उत्तर सजिलो छ, *किनभने सुसमाचार प्रचार ठूलो व्यापार भयो।* विधवा र गरिबहरूको दशांश विलासितामा जिउन सुसमाचार प्रचारकहरूले खर्च गर्दैछन्। ठूलो भीड, उद्धारको खोजीमा अगाडि आएका मानिसहरूको लस्कर, नगरप्रमुखको प्रशंसा, यी सबैको बारेमा स्वर्गसम्मै सुन्ने गरी प्रचार-प्रसार गरिन्छ। सबै कुराको बारेमा विज्ञापन गरिन्छ, उठाएको भेटी बाहेक! परमेश्वरको सेवा गर्दैछु भन्ने विचारमा दिने छलमा परेका विचराहरू ढाँटिँदैछन्, सेवा गर्छु भन्नेहरू सबैले गर्नेचाहिँ आफ्नो प्रसिद्धिलाई बढाउनु मात्र हो; साँघुरो हृदय भएका प्रचारकहरू धनाढ्य भएर जिइरहेका छन्।

तालको छेउमा सुन्दर घर, रमाइलो गर्न एउटा नाउ र बैङ्कमा धेरै रकम भएका प्रचारकहरूले अझै भिख माग्दैछन्। यस्तो लुटाहा र अधर्मी मानिसहरूको हातमा परमेश्वरले पवित्र आत्माको जागृतिलाई विश्वाससहित सुम्पिदिन सक्नुहुन्छ त? यी प्रिय, गुडिया जस्ता प्रचारकहरू दिनको एकपल्ट होइन, तर दुई–तीनपल्ट आफ्नो वस्त्र फेर्छन्। यिनीहरू गाईको गोठमा जन्मेको येशूलाई प्रचार गर्छन्, तर आफूचाहिँ सानदार होटेलहरूमा बस्छन्। आफ्नो प्रचारमा उदाहरण दिनको लागि एक सिक्का छेउको मानिसबाट उधारो लिएको येशूको नाममा यी प्रचारकहरूले आफ्नो अभिलाषा पूरा गर्न सुन्नेहरूको पैसालाई लुट्छन्। गाउँले लुगा लगाएको येशूलाई आदर ल्याउन यिनीहरूले धनाढ्यले लगाउने कोट लगाउँछन्। उजाडमा एक्लै उपवास बसेको उहाँको सम्झनामा यिनीहरू महँगो फलमासु खान्छन्। आज सुसमाचार प्रचारकले आफैलाई ज्यालाको मात्र योग्य ठानेका छैनन्, तर चक्रवृद्धि ब्याजको योग्य ठानेका छन्। न्यायको दिनमा यी सबै कुराहरू कति डरलाग्दो हुन्छ होला!

जागृति ढिलो हुँदैछ, *किनभने सुसमाचारको स्तरलाई घटाएकाले हो।* आज हाम्रो मण्डलीका भजनहरू एकदमै नाच्न मिल्ने तालमा गाइन्छ, र रेडियोहरू, सी.डी.हरू र टेलिभिजनहरूमा पनि त्यही तरिका अपनाइन्छ। ख्रीष्ट येशूको पवित्र रगतले इज्जत पाएको छैन! हामी पवित्र आत्मालाई नचाउन खोज्छौँ! वेदी आज हाम्रो प्रतिभालाई देखाउने मञ्च भएको छ, र सुसमाचारको टिम फेसनदारीहरूको प्रदर्शन जस्तै भएको छ। आजको नरम बोली भएका प्रचारकहरूले मानिसहरूको बीचमा अभिषेकसहित ईश्वरीय भय उत्पन्न गराउने प्रचार गर्छन् भन्ने आशा गर्नुभन्दा, कुनै समयभित्र हाम्रा सभाहरूमा भ्यागुताहरूले वाद्य बजाउँछन् भन्ने आशा गर्नु सजिलो हुन्छ। जे को लागि भए पनि, कसैलाई वेदीमा ल्याउन सक्छ भने आजका सुसमाचार प्रचारकहरू जसको लागि जे पनि बन्न तयार भएका छन्। "कसलाई सहायता चाहिन्छ?" "कसलाई अझै बढी शक्ति चाहिन्छ?" "कसले परमेश्वरसँग घनिष्ठ सम्बन्ध राख्न चाहन्छ?" भनी यी प्रचारकहरूले तन्त्रका कपटी भाषाहरू प्रयोग गर्छन्। यसरी पश्चात्तापविना आशिष्हरूको पछि लाग्नु ख्रीष्टको रगतलाई अनादर गर्नु हो, र वेदीलाई व्यभिचारको निम्ति बेचिएको बराबर भयो। वेदी जिउँदो

बलि दिने ठाउँ हो, त्यो मूल्य चुकाउन नसक्नेले त्यहाँबाट हटिजाओस्।

जागृति ढिलो हुने *कारण बेवास्ता हो।* अनन्तको कुरा पाउन वेदीमा आएका प्राणहरूसँग थोरै समय बिताइन्छ। यता वेदीमा पापीहरू तड्पिरहँदा आफ्ना साथीहरूलाई भेट्नुमा सुसमाचार प्रचारक आनन्द मनाइरहेको छ, र प्रशंसाको महमा तृप्त भइरहेको छ। यसैले देश अन्यौलता र आशाहीन अवस्थाले ढाकिएको छ।

जागृति ढिलो हुने *कारण डर हो।* मानिसहरू उद्धार पाउनको लागि अर्को नाम पनि भएको जस्तै, सुसमाचार प्रचारकहरू झूटा धर्महरूको अगाडि चुप रहन्छन्। तर प्रेरित ४:१२ अझै पनि धर्मशास्त्रमा छ: "मुक्ति पाउनको लागि स्वर्गमुनि मानिसहरूमा *अर्को कुनै नाउँ दिइएको छैन।"* आजका प्रचारकहरूलाई यो के सङ्कीर्णता जस्तै देखियो?

एलियाले बालका भविष्यवक्ताहरूलाई गिल्ला गरे, र उनीहरूको अशक्ततालाई गिल्ला पूर्ण हाँसोमा उडाए। उज्यालोमा परमेश्वरको इच्छालाई पूरा गर्नुमा असफल हुनुको सट्टामा बरु गिदोनले गरेजस्तै अँध्यारोमा पूरा गरिदिऊँ(न्यायकर्ता ६:२५-२७ KJV)। ख्रीष्टलाई हटाएको झूटा सिद्धान्तहरू र च्याउ जस्तै उम्रिएका धर्महरू, यी कुराहरूले यो मध्यरातको समयमा परमप्रभुलाई परीक्षा गरिरहेका छन्। तुरही बजाउने कोही छैन? हामी आजकल प्रोटेस्टेन्टहरू होइनौं, मात्र गैर-क्याथोलिकहरू हौं! हामी कसको र के को विरोधमा लड्दैछौं त, हामीलाई प्रोटेस्टेन्ट(विद्रोही) भन्नको लागि? हामीले आफैलाई जति तातो ठानेका छौं, त्यसको आधा मात्र तातो भएको भए, र जति शक्तिशाली ठान्छौं, त्यसको दसमा एक भाग मात्र भएको भए, हाम्रा इसाईहरूले रगतको बप्तिस्मा पाउँथे, साथ-साथै पानी र आगोमा।

वेस्लीले बेलायतको चर्चका ढोकाहरू आफ्नो लागि बन्द भएको देख्नुभयो। रोल्याण्ड हिलले वेस्लीको बारेमा यसो भन्नुभयो: "ऊ र उसका सिकारु मानिसहरू जो बाटो बढार्छन्, गाडा तान्छन् र फोहोर टिप्छन्, मिलेर मानिसहरूको दिमागमा विष हाल्न अगाडि बढ्दैछन्।" कति निन्दा पूर्ण शब्दहरू! तर वेस्ली न त मानिसहरूसँग, न त शैतानसँग डराउनुभयो। बेलायतमा मञ्चमा वाइटफिल्डलाई नीच व्यवहार गरियो



बाल देवताको वन नष्ट पार्दै गिदोन

भने; नयाँ करारमा इसाईहरूलाई ढुङ्गाले हानियो, र निन्दित तुल्याइयो भने, पाप र पापीहरू नबदलिएको हुँदा आजको समयमा हामी प्रचारकहरूले प्रचार गर्दा किन नरक क्रोधित भएको छैन? हामी किन यसरी नियमित रूपमा चिसो भएका छौँ, र किन यति सानदार रूपमा रित्तो भएका छौँ? हामी जागृतिविनाको हुलदङ्गालाई देख्न सक्छौँ। तर धर्मशास्त्र र मण्डलीको इतिहासको ज्योतिमा हेर्दा हुलदङ्गाविनाको जागृति कहाँ पाउन सकिन्छ र?

जागृति ढिलो हुँदैछ, *किनभने हाम्रा प्रार्थनाहरूमा उत्सुकताको अभाव छ।* एक जना प्रख्यात प्रचारकले एक दिन सभामा यसो भन्नुभयो: "हृदयमा एउटा ठूलो प्रार्थनाको बोझ बोक्दै म यो सभामा आएको छु। मसँग यसमा सहभागी हुन सक्नेहरू हात उठाउनुहोस्; हामी कोही पनि कपटी नहोऔँ।" धेरैले असल प्रतिक्रिया जनाए। तर त्यो हप्ताको अन्ततिर आयोजना गरिएको आधारात प्रार्थनामा त्यो प्रख्यात प्रचारक सुत्न जानुभयो। कति इमानदार मानिस! इमानदारी गुमिसक्यो! गहनता हरायो। पवित्र आत्माको जागृति ढिलो हुनु पछाडिको एउटा सबैभन्दा मुख्य ठूलो कारणचाहिँ प्राणमा वेदना नभएकोले हो। सुसमाचार प्रचारको सट्टामा हामीले विज्ञापन गर्न सुरु गरिसक्यौँ। कस्तो मूर्खता! नयाँ करारले एलियाको बारेमा याकूबको किताबद्वारा एउटा महत्त्वपूर्ण टिप्पणी थपेर बताएको छ, "तिनले प्रार्थना गरेका थिए!" (याकूब ५:१७)। यो नबताएको भए, हामी पुरानो करारको एलियाको घटनामा प्रार्थना छुट्टिएको देखेर भन्थ्यौँ, "एलियाले भविष्यवाणी कहेका थिए!" तर प्रार्थना गरेनन्।

हामी रगत बग्ने गरी प्रार्थनामा अहिलेसम्म लडेका छैनौँ; होइन, लुथरले भने जस्तै, "हामीले एक थोपा पसिना पनि बगाएका छैनौँ।" हामीले, "पाए पनि हुन्छ, नपाए पनि हुन्छ" भन्ने तरिकाले प्रार्थना गर्छौं; मौका पाए मात्र प्रार्थना गर्छौं; हामीले मूल्यहीन कुराहरू मात्र दिन्छौँ! हामीमा बलियो इच्छा पनि छैन, बरु आफूलाई इच्छा लागेको बेलामा प्रार्थना गर्छौं, र छिन-छिनमा बदलिन्छौँ।

परमेश्वरलाई मनाउन सक्ने एउटा मात्र शक्ति प्रार्थना हो। हामीले प्रार्थनाको शक्तिको बारेमा लेख्छौँ, तर त्यसमा हुने लडन्तको बारेमा लेख्दैनौँ। आजको मण्डलीलाई दिनुपर्ने इन्कार गर्न नसक्ने पदचाहिँ "*हामी*

*लड्दैनौँ।*" आफ्ना प्रतिभाहरूलाई अथवा आत्मिक वरदानहरूलाई प्रदर्शन गर्छौं; हाम्रो राजनीतिक अथवा आत्मिक धारणाहरूलाई प्रसारण गर्छौं; भाइको सिद्धान्तलाई सुधार्न प्रचार गर्छौं अथवा किताब लेख्छौँ। तर कसले नरकका किल्लाहरूलाई आक्रमण गर्ने? कसले शैतानलाई हुँदैन भन्ने? कसले असल भोजन वा साथी–सङ्गत वा विश्रामलाई इन्कार गरि शैतानका आत्माहरू लाजमा पर्ने गरी कैदीहरूलाई छुटाउन र नरकको जनसङ्ख्या घटाउन लडन्त लड्ने, जुन वेदनाले मात्र स्वर्गलाई भर्छ?

अन्तमा जागृति ढिलो हुँदैछ, *किनभने परमप्रभुले मात्र पाउनु पर्ने महिमालाई हामीले चोर्दछौँ।* यो अचम्मको कुरालाई सुन्नुहोस्: येशूले भन्नुभयो: "म मानिसहरूबाट महिमा ग्रहण गर्दिनँ", र "तिमीहरू कसरी विश्वास गर्न सक्छौ, जब कि तिमीहरू आपसमा एक–अर्काबाट सम्मान खोज्दछौ, अनि त्यो सम्मानको खोजी गर्दैनौ, जो एक मात्र परमेश्वरबाट आउँदछ?"(यूहन्ना ५:४१,४४)। यो शारीरिक सम्मान र प्रशंसालाई हटाऔँ! *"मेरो रेडियो कार्यक्रम," "मेरो मण्डली," "मेरा किताबहरू!"* यसरी आफैलाई उचाल्न छोडौँ। हाय, पुलपिटमा बोलिने यो शारीरिक घिनलाग्दा शब्दहरू : "उहाँ हाम्रो बीचमा हुनु सौभाग्य हो...."। प्रचारकहरूले(जो त्यो स्थान अनुग्रहले मात्र पाएका छन्) यी सबै कुरालाई स्वीकार गर्छन्, होइन, यी सबैको चाहना गर्छन्। यस्ता मानिसहरू प्रायको प्रचार सुनिसकेपछि हामीले थाहा पाउँछौँ कि त्यसरी परिचय नदिएको भए उनीहरूलाई हामीले महान् ठान्न सक्दैनौँ!

**बिचरा ईश्वर!** यी सबैबाट उहाँले पाउनु धेरै केही छैन! त्यस्तै भएपछि किन परमेश्वरले बताउनुभएको आशिष्मय तापनि डरलाग्दो प्रतिज्ञालाई (प्रकाश ३:१६) पूरा गरेर आफ्नो मुखबाट हामीलाई थुकी दिनुहुँदैन? हामी असफल भएका छौँ। हामी घिनलाग्दा भएका छौँ। हामीले मानिसहरूको प्रशंसालाई प्रेम गर्छौं। हामीले आफ्नै भलाइलाई खोज्छौँ। "हे प्रभु, हामीलाई यो खाल्डोबाट र यो कुहिएको अवस्थाबाट उठाउनुहोस्! फुटेको हृदय भन्ने आशिष् हामीमाथि पठाउनुहोस्! हामी प्रचारकहरूबाट न्याय सुरु होस्!"

*सुसमाचार केवल नयाँ तरिकाले सुनाइएको कुनै पुरानो कथा होइन। यो त अमर प्रेमको ज्वालाद्वारा दन्किएको आत्माको हो; र यदि हाम्रो लापरवाहीले गर्दा हामीभित्र भएको परमेश्वरको वरदानलाई प्रज्वलित गर्न सकेनौँ र त्यो आगो निभ्दै गयो भने हामीलाई धिक्कार छ। — डा. आर. मोफट गौट्रे*

*त्यस दिन (पेन्तिकोस) को सबैभन्दा ठूलो चमत्कार ती पर्खिरहेका चेलाहरूमा आएको परिवर्तन थियो। तिनीहरूको आगोको बप्तिस्माले तिनीहरूलाई रूपान्तरण गरिदियो। — स्यामुएल च्याडविक*

*इसाई धर्मको चिन्ह क्रूस होइन, तर आगोको जिब्रो हो। — स्यामुएल च्याडविक*

*सुसमाचार एउटा सत्य तथ्य हो; त्यसैले यसलाई सरल रूपमा सुनाउनुहोस्। सुसमाचार एउटा आनन्दमय तथ्य हो; त्यसैले यसलाई खुसीसाथ सुनाउनुहोस्। सुसमाचार सुम्पिइएको तथ्य हो; त्यसैले यसलाई इमानदारीपूर्वक (वफादारीसाथ) सुनाउनुहोस्। सुसमाचार अनन्त महत्त्वको तथ्य हो; त्यसैले यसलाई गम्भीरतापूर्वक सुनाउनुहोस्। सुसमाचार असीम प्रेमको तथ्य हो; त्यसैले यसलाई हृदयदेखि (भावनासहित) सुनाउनुहोस्। सुसमाचार धेरैका लागि बुझ्न कठिन तथ्य हो; त्यसैले यसलाई उदाहरणसहित सुनाउनुहोस्। सुसमाचार एक व्यक्तिको बारेमा तथ्य हो; त्यसैले ख्रीष्टको प्रचार गर्नुहोस्।*

*— आर्चीबाल्ड ब्राउन*

*साँचो प्रचार भनेको 'रगतको पसिना बगाउनु' हो। — डा. जोसेफ पार्कर*

# अध्याय - ७

# के प्राणमा आगो भएको प्रचार एउटा हराएको कला हो ?

कैयौँ शताब्दी अघि स्विजरल्याण्डको सुधारवादी ओइकोलम्पिडिएसले (Oecolampadius) भन्नुभयो: "मनतातो भएका सेवकहरूको भीडले पार्ने प्रभावभन्दा थोरै सङ्ख्यामा भएको असल आगोले भरेका मानिसहरूको सेवाले कति बढी प्रभाव पार्छ होला !" बितिगएको समयले बताएको यो सत्यतालाई बदलिदिएको छैन। हामीलाई धेरै असल र प्रज्वलित प्रचारकको आवश्यकता छ। "धिक्कार" भनी चिच्याएको यशैया यस्तो प्रकारको व्यक्ति थिए - "धिक्कार! म नष्ट भएँ, किनभने म अशुद्ध ओठ भएको मानिस हुँ, र अशुद्ध ओठ भएका मानिसहरूका बीचमा म बस्तछु,"। पावल अर्को एउटा यस्तो प्रकारको प्रचारक हुनुहुन्थ्यो, जसले पनि धिक्कार भनी कराउनुभएको थियो: "सुसमाचार प्रचार गरिनँ भने मलाई धिक्कार छ।" आफ्नो कामको विशालपनलाई बुझेको बेलायतको रिचर्ड ब्याक्स्टरले आफूलाई अल्छे हो भनी अरूले खिसी गर्दा यसरी जवाफ दिनुभयो: "तपाईंहरूको लागि मैले सोच्न सक्ने सबैभन्दा ठूलो हानिचाहिँ तपाईंहरूको परिश्रमको सट्टामा मेरो आरामदायी सेवा तपाईंहरूले पाओस् भन्ने हो। आफैलाई सबै सन्तहरूभन्दा सानो ठान्नको लागि कारणहरू छन्, तर मलाई दोष लगाउनेहरूलाई म भन्न डराउँदिनँ, कि मेरो कामको तुलनामा यो सहरमा भएको प्रायः व्यापारीहरूको परिश्रम शरीरको लागि आनन्दमय भएको ठान्दछु, तापनि मेरो यो कामको सट्टामा राजकुमार हुन पाए पनि म त्यसलाई स्वीकार गर्दिनँ।"

"तिनीहरूको परिश्रमले स्वास्थ्यलाई संरक्षण गर्छ, मेरोले चाहिँ स्वास्थ्यलाई नाश पार्छ। तिनीहरू आरामदायी वातावरणमा काम गर्छन्, मचाहिँ निरन्तर पीडामा काम गर्छु। तिनीहरू घन्टौँ मनोरञ्जनमा बिताउँछन्; मलाई खान र पिउन समय पाउन पनि गाह्रो छ। तिनीहरूको परिश्रमको खातिर तिनीहरूलाई कसैले सताउँदैन, तर म जति बढी

परिश्रम गर्छु, त्यति नै बढी घृणा र समस्यालाई आफूमाथि ल्याउँदछु।"

प्रचारप्रतिको यस्तो मनोभाव नयाँ करारको संस्कृतिबाट आएको हो। ब्याक्स्टरले सधैँ एउटा मरिरहेका मानिसले मरिरहेकाहरूको बीचमा प्रचार गरेको जस्तै प्रचार गर्नुभयो। उहाँको जस्तै आत्मा भएका प्रचारकहरूको पुस्ताले नरकको त्यो ठूलो मुखबाट धेरै पापीहरूलाई बचाउँछ।

कहिल्यै नभए जस्तै मण्डलीमा सहभागी हुनेहरूको सङ्ख्या बढी हुन सक्छ, तर त्यही नै बेला आत्मिक अवस्था सबै समयभन्दा कम पनि हुन सक्छ। विगतका दिनहरूमा मानिसहरूलाई बहकाउने भनी उदारवादलाई (Liberalism) सरापेको ठिक होला। अहिलेका समयहरूमा त्यो दोष बोक्नेचाहिँ टेलिभिजन भएको छ, जसले प्रचारकहरूको सराप पाइरहेको छ। यी सबै अभियोगहरूमा सत्य छ भन्ने कुरा थाहा हुँदा, म प्रचारकहरूलाई एउटा प्रश्न सोध्न चाहन्छु: एउटा पुरानो व्यक्तिले स्वीकार गरेझैँ, "गल्ती हामीमा नै छ" भनी हामीले स्वीकार गर्नु परेन? मेरो छुरीजस्तो कलमलाई अझ तिखार्दै प्रचारकहरूको थरथर काम्ने मासुमा त्यसलाई अझ गहिरो गरी धस्न : के महान् तरिकाले प्रचार गर्नु मरिसकेको हो त? प्राणमा आगोसित प्रचार गर्नु हराएको कला हो त? आधुनिक अधैर्य मानिसहरूको इच्छाअनुसार फास्ट-फूड जस्तै प्रचार गर्न हामी पनि सहमत भएको हो त? "आउने युगको शक्ति" लाई हरेक सभामा ल्याउन हामीले प्रयत्न गर्दैछौँ त?

पावललाई हेर्नुहोस्, शक्तिशाली पवित्र आत्माको अभिषेकको साथ तिनले सानो एसिया (Asia minor) लाई उथलपुथल पार्न गए। उनले बजारहरूलाई आक्रमण गरे, सभाघरहरूलाई जगाए, र दरबारहरूभित्र छिरे। सुसमाचारको युद्धको आवाजलाई आफ्नो हृदय र ओठहरूमा बोकेर उनी निस्केका थिए। *"तथ्यहरू जिद्दी हुन्छन्"* भन्ने भनाइचाहिँ लेनिनको हो। यो भनाइ कति सत्य रहेछ भन्ने कुरालाई पावलले हासिल गरेका सफलताहरूद्वारा देख्न सक्छौँ। अहिलेको इसाई पुस्ताको सम्झौतावादलाई देखेर दुःखित बन्न मात्र सक्छौँ। पावल एउटा सहरिया प्रचारक मात्र थिएनन्, सहरलाई हल्लाउने प्रचारक थिए, तापनि गल्लीहरूमा भएका ढोकाहरूलाई ढकढक्याएर त्यहाँ मरिरहेका आत्माहरूको लागि प्रार्थना गर्न पनि उनले समय पाए।



आफ्नो बुबाको चिहानमाथि उभिएर प्रचार गर्दै जोन वेस्ली

हिजोको दिन संसारमा मोजमज्जा गर्नेहरू आज सुसमाचारद्वारा मोजमज्जा गरिरहेका छन्। मैले चिनेको प्रख्यात सुसमाचार प्रचारकले हप्ताको पाँच सय डलर सम्झौतामा चार हप्ता प्रचार गर्न इन्कार गर्नुभयो। मूल्य ठिक भयो भने मात्र यिनीहरू आत्माहरूको लागि रुन्छन् भनी कसैले बताएको कुरा सही नै हो। यिनीहरू यहूदास्करियोत जस्तै नै समय बितिगइसकेपछि रुन्छन्! मण्डलीमा कमजोरपनको कारण पुलपिटमा भएको यो कुचाल होइन त?

जागृति ल्याउने प्रचारको अभिन्न भाग आँसु हो भन्ने कुरामा मेरो विश्वस्तता बढ्दै गएको छ। मेरा प्रचारक दाजुभाइहरू, हामीमा शरम छैन भन्ने कुराको लागि शर्माउनुपर्ने समय हो यो, आँसुको अभावको लागि विलाप गर्नुपर्ने समय हो यो, सेवकमा हुनुपर्ने नम्रता गुमाएकाले आफूलाई होच्याउनुपर्ने समय हो यो, बोझ नभएकोमा विलाप गर्नुपर्ने समय हो यो, शैतानको एकाधिकारप्रति रिस नभएकोमा आफैसँग रिसाउनुपर्ने समय हो यो, संसारले हामीलाई नसताईकन हामीसँग मिल्न सकेकोमा आफैले आफैलाई सताउनुपर्ने समय हो यो।

पेन्तिकोसको अर्थचाहिँ *दुःख* हो, तापनि हामी धेरै खुसी मनाइरहेका छौँ। पेन्तिकोसको अर्थ *बोझ* हो, तापनि हामीले आरामदायीलाई मन पराउँछौँ, पेन्तिकोसको अर्थ *झ्यालखाना* हो, तापनि हामीमध्ये प्रायले ख्रीष्टको खातिर झ्यालखानामा जानुको सट्टा जे पनि गर्न तयार हुन्छौँ। फेरि हामी पेन्तिकोसको जीवन जिउन परेको भए, सायद हामीमध्येका धेरै जना झ्यालखानामा जानुपर्ने हुन्छ। मैले पेन्तिकोस सम्प्रदायको बारेमा कुरा गरेको होइनँ, तर पेन्तिकोसको बारेमा कुरा गरेको हुँ, र कसैलाई आक्रमण गर्नु मेरो इच्छा होइन।

यो शनिवार तपाईंको मण्डलीमा पेन्तिकोसको दिन हो भनी कल्पना गर्नुहोस्।

परमेश्वरले तपाईंलाई पत्रुसलाई जस्तै नै भर्नुभयो, र तपाईंको वचनद्वारा हननिया मऱ्यो, र उसकी श्रीमतीको जीवन पनि गयो! अहिलेका मानिसहरूले यसलाई थाम्न सक्छन् त? फेरि हेर्नुहोस्, यहाँ पावलले एलुमासलाई अन्धो बनाए। अहिलेका दिनहरूमा यस्तो घटनाले

प्रचारकलाई अदालतमा पुऱ्याउँछ। परमेश्वरको उपस्थितिमा मानिसहरू घोप्टो परेर लड्नु, जुनचाहिँ हरेक जागृतिको सभामा भएको घटना थियो, अहिले हामीलाई बदनाम ल्याउँछ। हाम्रो कोमल हृदयहरूले यसलाई पनि सहन सक्दैन, होइन त?

यो अध्यायको सुरुमा बताए जसरी नै, महान् प्रचारको आह्वान गर्न चाहन्छु। साना कुराहरूमा हामी धेरै ध्यान दिएको शैतानले चाहन्छ। *सिंहहरूले* देशलाई निलिरहेको हुँदा हामीचाहिँ गहिरो विश्वासको जीवन भन्दै *मुसाहरूको सिकार* खेल्दछौँ। पावल अरेबियामा हुँदा के भयो भन्ने बारेमा मैले कहिल्यै पत्ता लगाउन सकिनँ, कसैलाई थाहा पनि छैन। नयाँ पृथ्वी र नयाँ स्वर्गमा परमप्रभु राज गरिरहनुभएको कुराको दर्शन तिनले देखे कि मलाई अझै थाहा छैन; तर एउटा कुरा पक्का हो, उनले एसियालाई हल्लाए, यहूदीहरूलाई ईर्ष्याले भरे, रोमीहरूलाई रुष्ट बनाए, शिक्षकहरूलाई सिकाए र झ्यालखानाका हाकिमहरूलाई दया देखाए। यो मानिस पावल र अर्को प्रचारक सिलासले प्रार्थनाद्वारा झ्यालखानाका पर्खालहरूलाई विस्फोट गराएर कर तिर्नेहरूको खर्चलाई बढाए, ताकि तिनीहरू आफ्नो मालिकको काममा अगाडि बढ्न पाओस्।

पावल बन्धित दास, पावल प्रेमको दास, परमेश्वरले सामना गरेका प्राणहरूमध्येमा सबैभन्दा कठोरचाहिँ आफू नै हो भन्ने कुरामा निश्चित भएर वरिपरिका देशहरूलाई परमेश्वरको लागि हल्लाउन निस्के। उनका दिनहरूमा उनले आउने युगको शक्तिलाई पृथ्वीमा ल्याए, शैतानलाई रोके, र पाएको सतावटमा, प्रेममा, र प्रार्थनामा हामी सबैलाई जिते। भाइहरू हो, प्रेरितहरूको समयको भक्ति र शक्तिलाई फेरि देख्नको लागि घुँडामा जाऔँ। मरेका प्रचारहरूलाई हटाऔँ!

*मण्डली कलवरी र पेन्तिकोसको बीचमा कतै अड्कियो। — जे. ब्राइस*

*न्यायको दिनमा मलाई कस्तो महसुस होला, यदि मैले गुमाएका अनगिन्ती अवसरहरू मेरो अगाडिबाट पूर्ण समीक्षासहित बितिजाँदा, मेरा सबै बहानाहरू मेरो कायरता र घमण्डको भेष मात्र थिए भनी प्रमाणित भए भने ?*

*— डा. डब्लु. ई. स्याङ्स्टर*

*हे जिउँदो नदी! हे अनुग्रहको वर्षा! तपाईँलाई पर्खनेहरू कोही पनि व्यर्थमा पर्खँदैनन्। — टर्स्टीजेन*

*जागृति: लास बन्न लागिसकेको शरीरभित्र परमेश्वरको आत्मा बग्नु हो।*

*— डि.एम. प्यानटन*

*जागृति आउनुले पहिले पतन भएको थियो भन्ने जनाउँछ। — चार्ल्स फिनी*

# अध्याय - ८

# अविश्वास गर्ने विश्वासीहरू

कुनै एक दिन कुनै एउटा साधारण मानिसले परमेश्वरको किताबलाई हातमा लिएर पढ्छ, र विश्वास गर्छ। त्यस्तो भएपछि हामी सबै लज्जित हुन्छौँ। बाइबल एउटा व्याख्या गर्नुपर्ने किताब हो भन्ने सजिलो सिद्धान्तलाई हामीले पछ्याउन थालिसक्यौँ, यथार्थमा पहिलो र प्राथमिक कुराचाहिँ बाइबल एउटा विश्वास गर्नुपर्ने किताब हो, र त्यसपछि पालन गर्नुपर्ने किताब हो।

अहिलेका दिनहरूमा मेरो दिमागलाई भरिरहेको एउटा सत्य छ, त्योचाहिँ : परमेश्वरको वचनलाई बुझ्नु र वचनको परमेश्वरलाई बुझ्नुको बीचमा एउटा विशाल भिन्नता छ। हुने सम्मेलनहरूमा हामी घुमी हिँड्दा पुरानै कुराहरू दोहोऱ्याएको सुन्छौँ र विश्वासमा कुनै वृद्धिविना फर्किन्छौँ भन्ने कुरा सत्य होइन त? सायद यस्तो अविश्वास गर्ने विश्वासीहरूजस्ता फसल परमेश्वरले कहिल्यै पाउनुभएको थिएन होला। कति अपमानजनक कुरा!

हामी आत्मिक सम्पत्तिप्रति मोहित भएका छौँ त? हातमा एक सिक्काविना अट्ल्यान्टीक समुद्रमा यात्रा गर्ने समुद्री यात्री आफूमुनि डुबेको लुसिटानिया जहाजमा करोडौँ डलरहरू छ भन्ने कुरा थाहा पाउँदा, त्यसलाई लिन नसक्दा ऊ विचलित हुन्छ। ऊ र त्यो धनको बीचमा भएको कुरा एक अथवा दुई माइलको पानी मात्र हो! त्यसरी नै बाइबल पनि महिमित परमेश्वरबाट दिएका इसाईहरूको चेक बुक हो, जसले भन्छ, "सबै थोक तिमीहरूकै हुन्.....र तिमीहरू ख्रीष्टका हौ, अनि ख्रीष्टचाहिँ परमेश्वरका हुनुहुन्छ।" हामी विश्वासीहरू आत्मिक रूपमा दरिद्र भएको देख्दा म असन्तुष्टिको अनुभव गर्छु।

हामी प्रार्थना सभाहरूमा जाँदा प्रायः हामीले सुन्ने वाक्य "(कुनै

आवश्यकताको बारेमा बताएर) प्रभु तपाईंले यो गर्न सक्नुहुन्छ"। तर *यो* विश्वास हो? होइन। योचाहिँ परमेश्वरको सर्वशक्तिलाई स्वीकार गर्नु मात्र हो। म विश्वास गर्छु कि जिउँदो अपरिवर्तनशील परमेश्वरले मैले लेख्नको लागि प्रयोग गरिरहेको टेबललाई सुन बनाउन सक्नुहुन्छ। पानीलाई दाखमद्य बनाउनु र काठलाई सुन बनाउनु, यी सबै उहाँको सामर्थ्यभित्र पर्ने कुराहरू नै हुन्। उहाँले पानीलाई दाखमद्य बनाउनुभयो, त्योचाहिँ त्यहाँको *आवश्यकतालाई* पूरा गर्नको लागि हो। तर "उहाँले यो गर्न सक्नुहुन्छ" भनी भन्नु, काठलाई सुनको रूपमा परिवर्तन गर्दैन; त्यसैले मेरो खाँचो पूरा पनि भएन। यदि मैले अझै अगाडि बढेर "**उहाँले यो टेबललाई सुन बनाउनुहुनेछ**" भनी बोलेँ भने, मेरो समस्याको समाधान भयो।

विश्वास, आशा र प्रेममध्येमा महान् कुराचाहिँ विश्वास *होइन* भनी हामी सबैलाई थाहा छ। तर किन सानो कुरालाई पनि बेवास्ता गर्ने? शुद्ध विश्वास आज कहाँ पाइन्छ त? साँचो विश्वासको बारेमा आजकल कति झूटा व्याख्याहरू दिइँदो रहेछ। यस्तो भाषण हामी सुन्छौँ: "हामी विश्वास गर्छौं कि परमेश्वरले हामीलाई अझै दस वटा रेडियो स्टेसनबाट प्रसारण गरेको चाहनुहुन्छ; हाम्रो आवश्यकताहरूको लागि हामी उहाँमाथि भरोसा राख्छौँ; अर्को हप्ताभन्दा अगाडि आफ्ना पत्रहरू (भेटी प्रतिज्ञा) हामीलाई पठाउनुहोस्!" यो विश्वास र आफ्नो आवश्यकताको बारेमा *सङ्केत दिनु* दुवै हो, यसलाई पूर्ण परमेश्वरमाथिको भरोसा भनी भन्न मिल्दैन। हामी इसाईहरूले सत्यताविना घोषणा गर्छौं, "मेरो परमेश्वरले तिमीहरूको *सबै* खाँचो पूरा गरिदिनुहुनेछ"; तर साँच्ची नै हामी यसलाई विश्वास गर्छौं त?

हिब्रू एघार अध्यायको महत्त्वलाई नघटाईकन हामीले हड्सन टेइलर, जर्ज म्युलर, रिस हवेल्स र अन्य मानिसहरूको नामलाई त्यसमा थप्न सक्छौँ, जसले *विश्वासद्वारा* महान् काम गर्नुभएको थियो। यो विनाशको समयमा रोगी विश्वासीहरू दरिद्रतामा जिइरहेको हुँदा, बौरिउठेको सम्पन्न परमेश्वरको बारेमा हामीले गर्ने ठूला–ठूला कुराहरू सुन्दा म थकित भइसकेँ। परमेश्वरले आदर गर्नुचाहिँ बुद्धि अथवा व्यक्तित्वलाई होइन, तर विश्वासलाई हो। विश्वासले परमेश्वरलाई आदर गर्छ, र परमेश्वरले विश्वासलाई आदर गर्नुहुन्छ। जहाँ विश्वास देखिन्छ, त्यहाँ परमेश्वर जानुहुन्छ। विश्वासले हाम्रो असामर्थ्यलाई उहाँको सर्वशक्तिसँग जोड्छ।



'अर्को हप्ताभन्दा अगाडि आफ्ना पत्रहरू पठाउनुहोस्!'

एक प्रकारले भन्नुपर्दा, विश्वासले आफू भएको ठाउँमा उहाँलाई काम गर्न लगाउँछ।

विज्ञानले ध्वनिको सीमालाई नाघिसक्यो; हाम्रो वरिपरि भएको अनैतिक र कामुक संसार पापको सीमालाई मानिसहरूले नाघिसके भनी हामीतिर चिच्याइरहेको छ। प्रभु हामीलाई दया गर्नुहोस्, हामी अगाडि बढ्दै जान सकौं, र असल विश्वासद्वारा शङ्काको सीमालाई नाघ्न पाऊँ! शङ्काले ढिलो गराउँछ, कतिपल्ट विश्वासलाई नाश पार्छ। विश्वासले शङ्कालाई नाश पार्छ। धर्मशास्त्रले हामीलाई यसरी बताएन; "तिमीले धर्मशास्त्रलाई *व्याख्या* गर्न सक्छौ भने, व्याख्या गर्नेका निम्ति सबै कुरा सम्भव छन्।" परमेश्वर जो हुनुहुन्छ, उहाँलाई समयभित्र सीमित रहेर व्याख्या गर्न सकिँदैन; न त अनन्तकालमा आफू र आफ्ना मार्गहरूको बारेमा हामीलाई उहाँले व्याख्या गर्न प्रयास गर्नुहुन्छ भनी हामी मात्र सक्छौँ। आफ्नो लेखक जसरी नै अपरिवर्तनीय भएको किताबले भन्छ, "तिमी *विश्वास* गर्न सक्छौ भने, विश्वास गर्नेका निम्ति सबै कुरा सम्भव छन्।" (KJV)

आफूले आफैलाई योग्य ठानेको काम नपाउँदा चोट लागेका मानिसहरू प्रायले भन्छन्, "अहिलेका समयहरूमा तिमीले *के जानेका* छौ भन्ने कुरा मुख्य होइन, तर *कसलाई चिनेका* छौ भन्ने नै मुख्य हुन्छ।" व्यापारिक संसारमा यो तर्क कति सत्य हो भनी म जान्दिनँ, तर आत्मिक संसारमा यो एकदम सही हो भनी म पक्का भन्न सक्छु। हामीले परमेश्वरको बारेमा पाएको ज्ञानले, सतही किताबहरूको रूपमा छापिएर हाम्रा पुस्तकालयहरूलाई भर्दैछ। (हामीले यहाँ साँचो शिक्षा र माथिबाट आएको बुद्धिको बारेमा कुरा गरेका होइनौँ)। हामीले *के जानेका* छौँ भन्ने एउटा कुरा हो, र *कसलाई जानेका* छौँ भन्ने कुरा त्योभन्दा फरक कुरा हो। पावलसँग "केही थिएन" तापनि "सबै थोक थियो"। अचम्मको विरोधाभास वाक्य! आशिषित दरिद्रता! यो आशिषित मानिस आत्मिक रूपमा भरिपूर्ण थिए। ख्रीष्टको राज्य बनाउनु र परमेश्वरको वाणी लेख्नु भन्ने कुरामा उनी कहिल्यै पनि असन्तुलन भएको अवस्थामा पुगेनन्। पावलले आत्मिक रूपमा अतुलनीय उन्नति गरेका थिए। तापनि आफ्नो जीवनको अन्तिम चरणहरूमा अझै बढ्न तृष्णा बोकेको हामी देख्छौँ: "म

उहाँलाई र उहाँको पुनरुत्थानको शक्ति जान्न सकूँ, र उहाँको मृत्युमा उहाँजस्तै भई उहाँका दुःख–भोगमा सहभागी हुन सकूँ।"

विश्वासीहरूले परमेश्वरका प्रतिज्ञाहरूलाई मानिसहरूको अगाडि काममा प्रकट गराउन भएको मुख्य बाधा *स्वयम्* भन्ने दयनीय कुरा हो। तर पावल भन्छन्, आफ्नो जीवनको पुरानो राजा स्वयम् *सिंहासनबाट हटाइयो* र *क्रूसमा चढाइयो र मेटाइयो* (गलाती २:२०), त्यसपछि ख्रीष्टलाई सिंहासनमा बसाल्यो। हामी शुद्ध भएर उहाँको अधीनतामा रहन सक्ने अवस्थामा आउनुभन्दा अघि, स्वेच्छा, आफ्नै महिमा, आफ्नै सन्तुष्टि, आफ्नै महत्त्व, आफ्नै उन्नति खोज्नु र आफै धर्मी हुनु, आफैमाथि दया देखाउनु भन्ने जस्ता स्वार्थीपनका कुराहरू मर्नुपर्छ। मानिस *आफैमा को हो* भन्ने कुरा अथवा *के जानेको* छ भन्ने कुरा महत्त्वपूर्ण होइन, तर अगम्य *परमेश्वरको अगाडि ऊ को* हो भन्ने कुरा नै महत्त्वपूर्ण कुरा हो। हामीले परमेश्वरलाई बेखुसी तुल्यायौँ भने अरू कसलाई खुसी पारेको कुरा महत्त्वको हुन्छ? उहाँलाई खुसी पाऱ्यौँ भने अरू कसलाई बेखुसी पार्नु मतलबको कुरा भयो? ख्रीष्ट येशूमा हामी को हुन सक्छौँ भन्नेचाहिँ एउटा कुरा तर हामी आफै को हौँ भन्नेचाहिँ अर्को कुरा। म कस्तो छु भन्ने कुरामा म अति नै असन्तुष्ट छु। सबै कुरामा परिपक्व भइसकेँ भन्ने स्थानमा तपाईं हुनुहुन्छ भने, तपाईंको कमजोर दाजु ममाथि दया गर्नुहोस्, र मेरो लागि प्रार्थना गरिदिनुहोस्।

स्वाभाविक, भौतिक र तार्किक विश्वास पनि छ; आत्मिक विश्वास पनि छ। वचनलाई जीवित पार्नको लागि चाहिने विश्वास हामीमा नहुँदा–नहुँदै वचन प्रचार गऱ्यौँ भने के लाभ छ र? "लिखित अक्षरले त मार्छ।" के हामीले मृत्युमा मृत्यु थप्नु? यो पुस्तालाई सबैभन्दा भलाइ ल्याउने व्यक्ति ऊ नै हुन्छ, जो घमण्डले मत्त तर रोगी भइसकेको प्रोटेस्टेन्ट मार्गमाथि परमेश्वरको असीमित शक्तिलाई ल्याउँछ। प्रतिज्ञा आजको लागि पनि छ: "तर जुन मानिसहरूले आफ्ना परमेश्वरलाई चिन्दछन्, उनीहरू बलवान् हुनेछन्, र बहादुरी गर्नेछन्।" हामीमध्ये कसैले परमेश्वरलाई चिन्नुपर्ने तरिकाले चिनेका छौँ भने, "तँ होसियार बस्, लुसिफर!"।

*जबसम्म आफूलाई रित्याउने (स्वयंलाई तुच्छ ठान्ने) मानिसहरू आत्मिक नेतृत्वमा फर्कदैनन्, तबसम्म हामी प्रचलित इसाई धर्मको गुणस्तरमा वर्षौंपिच्छे क्रमिक ह्रासको अपेक्षा गर्न सक्छौं; जबसम्म हामी त्यो विन्दुमा पुग्दैनौं जहाँ मन्दिरबाट 'शकिना' (महिमा) हटेझैं, दुःखी पवित्र आत्मा पनि हट्नुहुन्छ। — डा. ए. डब्लु. टोजर*

*कोही पनि तबसम्म पूर्ण रूपमा स्वीकार्य हुँदैन, जबसम्म ऊ सबैभन्दा पहिले पूर्ण रूपमा अस्वीकृत हुँदैन। — अज्ञात लेखक*

*मेरो लागि घमण्ड गर्ने ठाउँ छैन... कतै छैन! —बाहेक हाम्रा प्रभु येशू ख्रीष्टको क्रुस, जसद्वारा संसार मेरो लागि र म संसारको लागि क्रुसमा टाँगिएको छु।*

*— गलाती ६:१४ (मोफाटको अनुवाद)*

*यदि मेरा हजारवटा टाउका हुन्थे भने पनि, आफ्ना भनाइहरू फिर्ता लिनुभन्दा म ती सबै काट्न दिनेथिएँ। — लुथर (वर्म्सको सभामा)*

*म न त मानिसको अत्याचारसँग डराउँछु, न त शैतानले मेरो विरुद्धमा रच्न सक्ने कुनै युक्तिसँग नै। — जोन नक्स ("ए गड्ली लेटर" पत्रमा)*

*सत्यको मार्गलाई ज्यान गुमाउन परे पनि छोड्नु हुँदैन, किनकि हामी न त अहिलेको युगको लागि, न त शासकहरूको लागि, तर प्रभुको लागि जिउँछौं।*

*— ज्विङ्ली*

# अध्याय - ९

# आवश्यकता— न्यायको दिनको लागि भविष्यवक्ताहरू

पावलको आधा टाउको सिंहको मुखभित्र गइसक्यो। के भयो त? यो निडर र निर्धक्क चेला पावल अग्रिपासको अगाडि डराएनन् पनि न त भन्नुपर्ने कुराहरूलाई बाँकी राखे! उनी जहिले जहाँ भए तापनि ठट्टा गर्ने प्रचारक बन्दैन थिए। शरीरबाट हुने साहसीपनले मानिसलाई एक प्रकारको हिम्मत दिन्छ; तर नैतिकताबाट आउने साहसीपन जसले मानिसका धारणाहरूलाई तुच्छ ठान्छ, अर्कै प्रकारको हिम्मत दिन्छ। यी दुवै साहसीपनहरूले रोमीहरू भन्ने सिंहको खोरमा पावललाई एउटा *इसाई दानिएल* बनायो। धेरै मानिसहरूले भविष्यवक्ताको शरीरलाई नष्ट पार्न खोज्छन्, तर तिनीहरूले भविष्यवक्तालाई नष्ट पार्न सक्दैनन्।

मैले लेखिरहेको हुँदा घडीको सुई मध्यराततिर पुग्न लागिसक्यो, र झ्यालबाट बाहिर हेर्दा आकाश मखमली कालो रङ्को देखियो। राजनीतिक कुराहरूसँग यो कुरालाई तुलना गर्दा योचाहिँ अगुवाइ गर्ने ताराविनाको आकाश हो। यो मध्यरातको आकाशलाई नैतिक क्षेत्रको रूपमा हेर्दा त्यो अन्धकार अझ बढी नै हुन्छ। अब हामी धार्मिक क्षेत्रमा जाऔँ, प्रख्यात सुसमाचार प्रचारकहरूका टेलिभिजन कार्यक्रमद्वारा सुसमाचार सुन्नेहरूको सङ्ख्या निकाल्नुहोस्; भन्नुहोस् कति वटा ठूला-पालमुनिका सभाहरू अहिले भइरहेका छन्; विगतको सालमा भएका सुसमाचारीय प्रयासहरूद्वारा उद्धार पाएकाहरू कति छन् भनी हेर्नुहोस्; यी सबै कुराको सङ्ख्या तपाईंले मलाई बताउँदा, मैले आँधीको आवाजमा कराएर भन्छु, "नरकतिर लागिरहेको, खीष्टलाई इन्कार गर्ने, न्यायको दिनको लागि हतारिने यो पुस्तामा जागृतिको चन्द्रमा उदाएको छैन।" हामी सियोनमा आरामसँग बसिरहेका छैनौँ, त्योभन्दा अगाडि बढेर सियोनमा सुतिरहेका छौँ। मण्डलीका खाँबाहरू सिरानी भएका छन्।

मैले अघि नै बताए जसरी नै पावल अग्रिपासको अगाडि उभिँदा

उनको आधा टाउको सिंहको मुखभित्र थियो। अन्तिम संस्कार गरिदिनेहरू नजिकै छन् भनी थाहा हुँदा–हुँदै अनैतिक अग्रिपासले, "झन्डै तिमीले मलाई इसाई हुन राजी गराउँदैछौ" भनी भन्ने ठाउँमा पुगुन्जेल पावलले रापलाई बढाएका थिए। फेस्तस आफ्नो सभ्यतालाई बिर्सेर कराए, "हे पावल, तँ बौलाहा होस्, तेरो धेरै विद्याले तँलाई बौलाहा तुल्याएको छ।" पावल प्रतिवाद गरे, "अति आदरणीय फेस्तस, म बौलाहा होइनँ।" (मलाई लाग्छ कि यो स्वरको ध्वनिले सुन्ने पापीहरू बौलाहा हो भन्ने निर्णयमा पुऱ्याउँछ।)

तर मलाई भन्नुहोस्, के आज हामीले अनन्तकालको सुसमाचारलाई प्रचार गर्दा कसैले हामीलाई बौलाहा भन्दैछ त? ठिक विपरीत हामी आफ्नो नाउँ, पाउने भेटी र आउने दिनहरूलाई ध्यानमा राखी मात्र काम गर्दछौँ, होइन त?

पृथ्वीका उच्च ठाउँहरूमा शासन गर्नेहरू भद्र, तर खराब र रगत पिउन तिर्खाउने खालका छन्। श्रीपेच लाउनेहरूको टाउकोमा अशान्ति छ। मारिएकाहरूको चिच्च्याइ यस्तै हुन्छ होला, "अझै कहिलेसम्म तपाईंले पृथ्वीमा रहनेहरूको इन्साफ गर्नुहुन्न र हाम्रो रगतको बदला लिनुहुन्न?" जीवित रहनेहरूको (परमेश्वरको जीवन भित्र वास भएकोले साँच्ची नै जीवित रहेकाहरूको बारेमा म बताउँदछु) चिच्च्याइ यस्तो हुनपर्छ, "मेरो वादीको अगि मेरो न्याय गरिदिनुहोस्। के परमेश्वरले उहाँलाई रात–दिन पुकार्ने आफ्ना चुनिएकाहरूको न्याय गरिदिनुहुन्न र?" अनुग्रह असम्भव हुने र बदला अपरिहार्य हुने घडी निश्चय नै आउँदैछ।

जसलाई धेरै दिएको छ त्यसबाट धेरै मागिने छ। करोडौँ मानिसहरू ज्योति नभएकोले अन्धकारमा हिँडिरहेका छन्; तर प्रजातन्त्रमा जिउनेहरू नै महा–अपराधीहरू हुन्, जसले ज्योति हुँदा–हुँदै पनि त्यसलाई व्यापारको व्यस्तता र अल्छीपनाको ओछ्यान भन्ने पाथीले छोप्छन्। साँच्ची नै यो सदोम बराबरको पाप सदोम बराबरको न्याय पाउन योग्य छ। इजकिएल १६ को ४९ ले भन्छ, "हेर, तेरी दिदी सदोमको अधर्म यही थियो: त्यसमा र त्यसका छोरीहरूमा घमन्ड, रोटीको भरपूरी र प्रशस्त अल्छीपना थियो; अनि त्यसले गरिब र खाँचोमा परेकोको हात बलियो पारिन।" (KJV) यो न्यायको दिनको लागि हामीलाई भविष्यवक्ताहरूको



बप्तिस्मा-दिने यूहन्ना

आवश्यकता छ; परमेश्वरका पवित्र मानिसहरू जसले परमेश्वरको आत्माले दिने प्रेरणाअनुसार बोल्छन्। उहाँले प्रचारकहरूलाई प्रेरणा दिनुभएन भने, हामीले सबै कुरालाई बन्द गर्नु उत्तम हुन्छ। तर उहाँले प्रेरणा *दिइरहनु* भएको छ।

गिदोन अथवा अरू कसैले पनि पाएको आफ्नो दर्शनले गर्दा सतावटमा परेनन्। तर तिनीहरूले गरेका कामले गर्दा चिढिएका शक्तिहरूको क्रोध तिनीहरूमाथि आउँदा सतावटमा परे। एउटा गिदोनले मध्यरातमा गएर बालका  थानहरूलाई काटिदियोस्; त्यसपश्चात् नरकले आफ्नो क्रोधलाई प्रकट गराउँछ। बप्तिस्मा दिने यूहन्नाले पूजाहारीहरूलाई सर्पहरू भनी भनोस् र हेरोदको व्यभिचारको विरोध गरोस्, उनले आफूमाथि मृत्युदण्ड निम्त्याउँछन्। मानिसहरूको झूटो शिक्षाप्रतिको चाहना देख्दा साँच्ची नै अहिलेको यो न्यायको दिनको लागि भविष्यवक्ताहरूको आवश्यकता छ। वाट्च टावर बाइबल एन्ड ट्र्याक्ट सोसाइटीको अध्यक्ष होमर नारले यान्की रङ्गशालालाई १,५०,००० यहोवा साक्षी भेला हुनलाई एक हप्ताको लागि लिनुहुन्छ भन्ने समाचार सन् १९५८ अगस्ट ४ तारिखमा प्रकाशित भएको न्युजवीक पत्रिकाले छापेको थियो। यो आठ दिनको सम्मेलनको अन्तमा ४६०० सेवकहरूको अभिषेक भयो, जसले तिनीहरूको ख्रीष्टलाई इन्कार गर्ने, मानिसले तयार पारिएको, बाइबललाई उल्टाएको धर्मलाई लिएर मानिसहरूलाई परिवर्तन गर्न पृथ्वी र समुद्र दुवैलाई तलबबिना नै घुम्छन्। उनीहरूको मतमा आएको हरेकलाई आफूभन्दा सात गुणा बढी नरकको छोरा बनाउँछन्।

यो व्यवस्थित तर कुँजो भएको आजको इसाइत्व अझै बढी समयसम्म पृथ्वीको लागि भार हुन सक्छ? देशलाई सताइरहेको गहिरो व्यथाको समाधान हामीले पत्ता लगाउन सकिरहेका छैनौँ भनी स्याङ्स्टरले (Edwin Sangster) बताएको कुरा सही होइन त? पश्चात्ताप, पुनर्जन्म, शुद्धीकरण भन्ने पुरानो तरिकालाई हामीले तुच्छ ठानेका छौँ भनी भन्नु अझै सही हुँदैन त?  मेरो मनमा भएको एउटा  हृदयस्पर्शी सान्त्वनालाई तपाईंहरूसँग बाँड्न चाहन्छु। स्वर्गबाट परमेश्वरले जागृति पठाउनुहुँदा, आधुनिक सिद्धान्तहरूले वर्षौंहरू लगाएर स्थापित गरेको ईश्वर–निन्दालाई त्यसले हप्ताँहरूमा नै क्षति पुऱ्याउँछ। पवित्र आत्माको तेजिलो हावाले छलकारी

ईश्वर–शास्त्रीहरूलाई, धर्मशास्त्रको मानवीय व्याख्या भन्ने बालुवामा बनाएको तिनीहरूको घरसहित उडाउँछ। यसलाई तिनीहरूले आफ्नै आँखाले देख्नेछन्। मानवताको शिर रोगी भएको छ, र हृदय दुर्बल भएको छ। मानवले बनाउने योजनाको रेखामा हामी अन्तिम समयमा आइपुगेका छौँ। सबै कुराहरू नष्ट हुनलाई पर्खिरहेको छ। घृणित आधुनिकतावादीहरूले सुरुवाको लागि ख्रीष्टको रगतलाई दिएर तयार पारेको लुटलाई निल्नको लागि नरकले आफ्नो मुख बाएर पर्खिरहेको छ। उच्च समालोचनाले ठूलो भएको टाउको र साँघुरो हृदय भएका यिनीहरूले चाँडै आफ्नो मूर्खतालाई देख्नेछन्।

जाग्, जाग्! हे परमप्रभुको बाहु, शक्ति धारण गर! यो जागृतिको घडी हो। यो न्यायको घडी हो। परमेश्वरका दासहरू कहाँ छन्? भविष्यवक्ताहरूले अचम्मको काम पनि गर्न सक्छन् *होला,* तर तिनीहरूसँग सन्देशचाहिँ *हुनै पर्छ*। बाटो बिराएर अल्मलिरहेको संसारले सोध्दछ, परमप्रभुबाट कुनै सन्देश छ? असल ज्ञानको सन्देश आउन सक्ने स्रोतहरू अरू के छ र? परमेश्वर झूट बोल्न सक्नुहुन्न, त्यसैले योएल २ र मलाकी ३ पूरा हुनेछ। "तब *एक्कासि* ती प्रभु, जसलाई तिमीहरू खोज्दछौ, आफ्नो मन्दिरमा आउनेछन्।" कति सान्त्वनाको सन्देश! अहिले अनिकाल एक–छिनमा एक्कासि छुटकारा। बप्तिस्मा दिने यूहन्ना आउनुभन्दा दश मिनेट अघिसम्म उनी त्यहाँ छन् भनी कसैलाई थाहा थिएन। यो जसरी भयो त्यसरी नै भविष्यमा पनि हुनेछ भन्ने कुरामा म पक्का छु। परमेश्वरले कुनै मानिसको कान, हृदय र इच्छालाई पक्रनुहुन्छ। यो घडीसम्म रहस्यमा लुकिरहेका ती मानिसहरूले अचानक त्यो घडीमा पवित्र आत्माको सामर्थ्यसहित यी मानिसहरूले सुन्नुपर्ने बलिरहेको सत्यलाई बोल्नेछन्। आगोले पग्लेका धातुहरूजस्तै उनीहरूका शब्दहरूले पोल्नेछन्। परमेश्वरले ठूलो धैर्यसहित पर्खिरहनुभएको छ।

तर उहाँ उठ्दा, "उहाँको आगमनको दिन कसले सहन सक्छ?" पवित्र आत्माले काम गर्न सुरु गर्दा दुष्ट्याइँलाई गाडाको डोरीले झैँ तान्ने मानिसहरू बतासको अगाडि मकैको बोटजस्तै झुक्छन्। चीनमा हुने पवित्र आत्माको अलौकिक कामलाई सुनेर रुस काम्नेछ। चीन, रुस र जर्मनीजस्ता कम्युनिस्ट शासनले सताएका देशहरूमा परमेश्वरले

जागृतिको आगो खन्याऊन्। कम्युनिस्ट देशहरूमा जागृति हुनुपर्छ भन्ने कुराको लागि दुई वटा कारणहरू छन्, एउटा, ती देशहरूलाई जागृतिको आवश्यकता छ, दोस्रो, निनवेमा भएको जागृतिले योना सन्किए जस्तो स्वतन्त्र देशहरूलाई सन्काउनको लागि हो। फारो अन्तमा दस वटा विपत्तिको आक्रमणले झुके, र भविष्यवक्ता मोशाद्वारा इस्राएलीहरूले विजय पाए। आज हाम्रो बीचमा विश्वभरि ती विपत्तिहरूभन्दा अझै क्रूर र प्रभावशाली नयाँ दस वटा विपत्तिहरू छन्; यद्यपि यी विपत्तिहरूले पनि अहिलेका मानिसहरूको हृदयलाई पग्लाउन सकेन, तर अझै दुष्ट बनाएको छ।

अहिलेको समयको मोशा छैन? अनैतिकताको बन्धन भन्ने दासत्वमा परेर यो पुस्ता नाश हुँदै गइरहेको देख्दा–देख्दै हामी केही नगरीकन चुप रहने हो त? लुसिफरले लाखौँ मानिसहरूलाई आफ्नो नरकको रथमा बाँधेर अनन्त अन्धकारमा जाने फराकिलो बाटोमा लैजाँदै गर्दा के हामी दर्शक भएर हेरिरहने? हामी ती धन्यका मानिसहरूको जीवनमा भएको रहस्यलाई पत्ता लगाउनुपर्ने भएको छ, जसको बारेमा धर्मशास्त्रले बताउँछ, "तिनीहरूले राज्यहरू कब्जा गरे, र सिंहहरूका मुखहरू थुनिदिए" – (त्यो सिंह जसले कसलाई भेट्टाऊँ र खाइहालूँ भनी खोजिहिँड्छ)। यो न्यायको दिनको लागि कमजोरी, कुँजो र दयनीय प्रोटेस्टेन्ट सम्प्रदायलाई परमेश्वरले भरिएको र परमेश्वरद्वारा सञ्चालित भएका मानिसहरूको आवश्यकता छ – परमेश्वरका भविष्यवक्ताहरू!

*पवित्रताको बप्तिस्मा र ईश्वरीय जीवनशैलीको प्रदर्शन नै हाम्रो समयको सबैभन्दा ठूलो खाँचो हो। — डन्कन क्याम्पबेल*

*उहाँ पृथ्वीमा आगो ल्याउन आउनुभयो;*
*केही हृदयहरूमा यो सल्किसकेको छ,*
*तर आहा! सबैले यो ज्वाला प्राप्त गरून्,*
*र सबैले त्यो महिमामय आनन्दमा सहभागी हुन सकून्।*

*स्वर्गबाट ओर्लिएको परेवा (पवित्र आत्मा) को बप्तिस्मा;*
*मेरो हृदय वेदी होस्, र तपाईंको प्रेम त्यसको ज्वाला। — जर्ज क्रोली*

*आगो भई आउनुहोस् र बलिदानको ज्वालाले हाम्रा हृदयहरू शुद्ध पार्नुहोस्; हाम्रो सम्पूर्ण प्राण हाम्रा उद्धारकर्ताको नाममा अर्पण बनोस्। — एन्ड्रयु रिड*

*तिनै मण्डली सदस्यहरू, जो शनिबार खेल हेर्दा 'कोमान्ची'हरू (जङ्गली आदिवासीहरू) झैं कराउँछन्, आइतबार चर्चमा भने काठका मूर्तिहरू झैं चुपचाप बस्छन्। — भान्स ह्याभनर*

*श्रोताहरूमा जबसम्म 'श्री आमेन' (सहमति जनाउने) र 'श्री रसाएका-आँखा' (पश्चात्तापमा रुने) भेटिँदैनन्, तबसम्म त्यहाँ कुनै जागृति हुन सक्दैन।*
*— चार्ल्स जी. फिन्नी*

# अध्याय - १०

# आगोले आगो जन्माउँछ

प्रार्थना गर्ने मानिसहरू फलामे मानिसहरू हुनुपर्दछ, किनभने हरेकपल्ट शैतानको राज्यलाई आक्रमण गर्ने प्रयास गर्नु अगाडि नै त्यसले तिनीहरूलाई आक्रमण गर्छ।


बिन्तीहरूको सूचीलाई ब्रह्माण्डको शासकको अगाडि लानु भन्ने कुरा धेरै आयाम भएको प्रार्थनाको सिर्फ एउटा सानो भाग मात्र हो। इसाई जीवनको सबै कुरामा हुने जस्तै नै प्रार्थना पनि असन्तुलित हुन पुग्न सक्छ। प्रार्थना कामको विकल्प होइन; त्यसै गरी काम प्रार्थनाको विकल्प होइन भन्ने कुरा पनि सत्य हो। इ.एम. बउन्ड्सले आफ्नो उत्कृष्ट तर थोरै परिचय पाएको, *"प्रार्थना भन्ने हतियार"* किताबमा भन्नुहुन्छ, "बेवास्ताले प्रार्थना गर्न छोड्नुको सट्टामा काम नगरेकाले हानि भोग्नु असल हो।" उहाँ फेरि भन्नुहुन्छ, "ईश्वरीय ज्ञानलाई फैलाउनु र पृथ्वीमा उहाँको काम गर्नु र दुष्टताको छालको अगाडि पर्खालको रूपमा खडा हुनु भन्ने कुराहरूमा अति प्रभावशाली मानिसहरूचाहिँ प्रार्थना गर्ने अगुवाहरू हुन्। परमेश्वर तिनीहरूमाथि निर्भर हुनुभएको छ; उहाँले तिनीहरूलाई नियुक्त गर्नुहुन्छ, र आशिष् दिनुहुन्छ।"

साँच्ची नै जागृति ढिलो हुँदैछ कारण प्रार्थना मकिँदैछ। शैतान र नरक प्रार्थना गर्ने मानिसभन्दा अरू केही कुराहरूसँग बढी डराउँदैन। तर असल जीवन जिउनको लागि लामो समय जिउनुपर्छ भन्ने छैन। एउटा २८ वर्षको मानिस मर्ने बेलामा बुद्धिमा सय वर्ष पुगेर मर्न सक्छ। ड्रागन फ्लाइले (गाइने किरा) आफ्नो काँचुली फेरेर नीलमणिको कवच लगाएर शीत परेका खेतहरूतिर आफ्नो तीर्थ यात्रा गर्छ, त्यसको यात्रा *थोरै दिनहरूको* लागि मात्र हो, तापनि संसारमा भएका कुनै पनि फूलहरूले उसले पाएको जस्तै निलो रङ्ग पाएको छैन। आत्मिक संसारमा पनि यस्तै हो, सुन्दर र महँगो प्राणका वस्त्रहरू प्रार्थना भन्ने तानमा बुनिन्छ र ख्रीष्टका

कष्टहरूलाई पूरा गर्ने वेदनाहरूद्वारा रङ्गाइन्छ। हेन्री मार्टिनको आत्मिक जीवनलाई देख्दा सह–मिसनरीहरूले डाहा गर्थे। एक जनाले उहाँको बारेमा यसरी भन्नुहुन्थ्यो, "अहो! उहाँको उच्च भक्ति, उहाँको उत्सुकता, उच्च गुणहरू, प्राणप्रतिको प्रेम र प्राण बचाउनको लागि सबै कुराहरूलाई असल तुल्याउन उहाँमा भएको व्याकुलता, ख्रीष्टप्रतिको गहिरो बुझाइ र स्वर्गीय कोमलता यी कुराहरूमा बराबर हुन पाउनु कति महत्त्वपूर्ण कुरा!" मार्टिनले भारतमा ल्याएको प्रभाव पछाडिका रहस्यहरू यी नै कुराहरू थिए। मार्टिन आफैले आफ्नो बारेमा यसरी भन्नुभएको छ, "बुद्धिका बाटाहरू पहिलेको भन्दा मिठो र विवेकसङ्गत देख्दछन्, र संसार अझ बढी बेस्वाद र एउटा विरक्तलाग्दो।" उहाँले अझै लेख्नुभएको छ, "मैले शोक गरिरहेको प्रधान कुराचाहिँ मेरो गुप्त प्रार्थनामा शक्ति र उत्सुकताको अभाव भइरहेकोमा हो, विशेष गरी मैले ख्रीष्टहीन मानिसहरूको लागि बिन्ती गर्दा। मैले पाएको ज्योतिको अनुपातमा ममा तातोपन बढेको छैन।" हेन्री मार्टिनलाई ढुङ्गाले हान्नुपर्छ भनी कसैलाई लाग्छ? अन्तर्बिन्ती प्रार्थनामा हामी सबै तातोपनको अभावमा छौँ भन्ने कुरालाई स्वीकार गर्न परेको छैनौँ त?

प्राकृतिक रूपमा आगोले आगो जन्माउँछ। केही ज्वलनशील पदार्थहरू नजिक छन् भने आगोले आगोलाई नै फैलाउँछ। "हेर, एउटा सानो आगोको झिल्काले ठूलो वन पनि स्वाहा पार्दछ।" आगोले कहिल्यै *बरफ* बनाउँदैन, शैतानले *सन्तहरू* बनाउन सक्दैन, न त प्रार्थनाहीन पास्टरले अन्तर्बिन्ती गर्ने योद्धाहरू तयार गर्न सक्छ; यद्यपि फलामको अचानोबाट उछिट्टिएको एउटा आगोको झिल्काले एउटा सहरलाई नै जलाउँछ। एउटा मैन बत्तीबाट दस हजार मानिसहरूले आगो सल्काएर लैजान सक्छन्! डेविड ब्राइनेर्डको अतुलनीय प्रार्थनाको जीवनबाट, आत्मा जित्ने ताराहरूमध्ये उत्कृष्ट ताराहरूले आफ्नो सुरुको ज्योति पाए (जस्तैः विलियम केरी, एड्वर्ड पेसन, आदि)।

विलियम केरीले ब्राइनेर्डको जीवन चरित्र पढ्नुभयो, र उहाँको जवान हृदयभित्र एउटा आगो बल्न थाल्यो, जसले अन्तमा उहाँलाई भारतको समुद्री किनारमा ल्याइपुऱ्यायो। पग्लेको ब्राइनेर्डको प्राणको ज्वालाले परमेश्वरको सहायताद्वारा एड्वर्ड पेसनको हृदयमा एउटा ज्योति ल्यायो।



जेरुशा रोइरहेकी हुँदा, उनन्तीस वर्षको उमेरमा ब्राइनेर्ड मृत्युको ओछ्यानमा

उत्तर–अमेरिकी भारतीहरूको प्रेरित, पीडाले फुटाएको छालाको लुगा लगाएको ब्राइनेर्डको डायरीबाट नै पेसनले उत्प्रेरित पार्ने प्रेरणा पाउनुभयो, र बीस वर्षको उमेरमा प्रार्थनाको जीवन सुरु गर्नुभयो, जुन जीवन झन्डै ब्राइनेर्डको प्रार्थनाको जीवनलाई नै ढाक्न पुगेको थियो। ब्राइनेर्डको अर्को एउटा प्राणको नातेदार, जो प्रार्थनामा उत्कृष्ट हुनुहुन्थ्यो, जो आफ्नो 'वृद्ध आयु' २९ मा लरखराउँदै चिहानमा जानुभयो, हामी रबेर्ट मुर्रे मेक्चेइनको (Robert Murray McCheyne) बारेमा कुरा गर्दैछौँ। यो महान् प्रार्थनाको योद्धा, मानवको प्राणले गर्न सक्ने सबै कामहरूमध्ये अति उच्च काममा ब्राइनेर्डको चरित्र पढेर खिचिनुभयो।

ब्राइनेर्डको शरीरलाई क्षयरोगले नष्ट पारिरहेको हुँदा, अर्को एउटा महान् प्राण जोनाथन एड्वड्र्सले हेरिरहनुभएको थियो (उहाँकी छोरी जेरुशा रोइरहेकी थिई)। भक्त एड्वड्र्सले लेख्नुभयो: "म परमेश्वरलाई धन्यवाद दिन्छु, कि उहाँको पूर्व योजनाअनुसार ब्राइनेर्डको निधन मेरो घरमा भयो, ताकि मैले उहाँका प्रार्थनाहरू सुन्न सकूँ र उहाँको समर्पणको साक्षी दिन पाऊँ र उहाँको उदाहरणबाट प्रेरणा पाउन सकूँ।" ब्राइनेर्डको मृत्यु भइरहेको हुँदा वेस्ली आफ्नो आत्मिक सफलताको उत्कर्षमा हुनुहुन्थ्यो। वेस्लीले बेलायतको सम्मेलनमा बोलेको कुरालाई सुन्नुहोस्। (अध्याय ९ मा मैले उल्लेख गरेको डा. स्याङ्स्टरको भनाइलाई यहाँ याद राख्नुहोस्।) वेस्लीले भन्नुभयो, "मर्किँदै गएको परमेश्वरको कामलाई फेरि जगाउनको लागि के गर्न सक्छ?" प्रश्न उठाएपछि यी तीन राज्यहरूलाई हल्लाएको अथक सुसमाचार प्रचारकले आफ्नो प्रश्नको जवाफ आफै दिएर भन्नुभयो, "हरेक प्रचारकले ब्राइनेर्डको जीवन चरित्रलाई ध्यानसित पढोस्।"

पेसन, मेक्चेइन, केरी, एड्वड्र्स, वेस्ली – यस्ता प्रख्यात मानिसहरू सबै एउटै ज्वालाबाट सल्किएकाहरू हुन्, र सबै यो रोगी तर अन्तर्बिन्तीको योद्धा ब्राइनेर्डका ऋणी छन्।

युगहरूको लडन्त हामीमाथि छ। यो बाइबल विपरीत र बिग्रेको मण्डली भन्ने कुरा, जुनचाहिँ संसारसँग मिसिन्छ, र आफ्नो तथोक्त प्रभुलाई अनादर गर्छ, यो के हो भन्ने कुरा पत्ता लाग्यो, यो एउटा छली हो। साँचो मण्डली माथिबाट जन्मन्छ। त्यसमा पापीहरू छैनन्, त्यसको

बाहिर सन्तहरू छैनन्। त्यसको सदस्यहरूको सूचीमा कसैले अर्को नाम थप्न सक्दैन; र कसैले कसैको नामलाई हटाउन पनि सक्दैन। परमेश्वरलाई धन्यवाद होस्, संसारमा जिउने थोरै बाँकी भएकाहरू यो मण्डलीमा नै छन्, जुन मण्डलीचाहिँ प्रार्थनाद्वारा नै चल्छ, र प्रार्थनाद्वारा नै जीवित छ। प्रार्थना नै यसको प्राणको एक मात्र तृष्णा हो।

जसरी अणुबमले हिरोसिमालाई हल्लाएको थियो, त्यसरी नै प्रार्थनाले मात्र मानिसहरूको हृदयलाई हल्लाउने शक्तिलाई विमोचन गर्न सक्छ। हाम्रा ढोकामा रहेको यो सभ्य मूर्तिपूजा, ती मूर्तिका मन्दिरहरू, र डरले जकडिएकी तथा पापमा मोहित ती लाखौँ आत्माहरू—उनीहरूलाई परमेश्वरतिर फर्काउन सक्ने एक मात्र तरिका भनेको, उनीहरूको हराएको अवस्थाको बोझ बोक्दै, मण्डली स्वयं *परमेश्वरद्वारा* हल्लिनु हो। शैतानले सम्भव भएको सबै तन्त्रहरू प्रयोग गरेर हामीलाई प्रार्थना -कोठाबाट निकाल्छ। किनभने प्रार्थनामा मानिस परमेश्वरसँग जोडिएको हुन्छ, त्यो एकताले शैतानलाई अलमल्ल पार्छ र हराउँछ। उसले यो कुरालाई स्पष्ट जानेको छ; त्यसकारण प्रार्थना कोठा कसिएर बन्द भएको हुँदा, हाम्रो मन विभिन्न प्रकारका न्यायसङ्गत फिक्रीहरू र अनावश्यक कल्पनाहरूले भर्न थाल्छ। यतिखेर नै हाम्रो प्रधान सुरक्षा, रगतको सुरक्षाको लागि बिन्ती गर्नुपर्छ। बरालिने विचारहरूलाई नियन्त्रण गरी प्रार्थनामा केन्द्रित हुनको लागि स्वर निकालेर अथवा ओठ मात्र चलाएर पनि प्रार्थना गर्न सकिन्छ, त्यो धेरै ठूलो आवाज हुनुपर्छ भन्ने छैन।

यसरी शैतानसँगको लडन्तमा दक्षता हासिल गरेपछि हाम्रो अर्को शक्ति "परमेश्वरको अनमोल र महान् प्रतिज्ञाहरू" मा छ, यसमा हामीलाई बलियो जग छ। यी प्रतिज्ञाहरू स्वर्गसँग व्यापार गर्नको लागि प्रयोग हुने मुद्राको रूपमा छन्। यसमा परमेश्वर बाँधिनुभएको छ र हामीले उहाँलाई आदर गरेको सुन्न चाहनुहुन्छ। हामीले यसमा लडन्त लड्दैछौँ, *परमेश्वरसँग* होइन तर *प्रधानताहरूसँग,* किनभने नोक्सान भएकोमा शैतान रमाउने छैन। मानिसहरूका प्राणहरू उसको धन हो। अनन्त मृत्युमा जाने प्राणहरू, शङ्का गर्ने प्राणहरू, मतवालाहरूका प्राणहरू, अनाज्ञाकारीका प्राणहरू, रोगी प्राणहरू, धार्मिक प्राणहरू, जवान मानिसका प्राणहरू, वृद्धका प्राणहरू र पवित्र आत्माको पुनर्जन्मको शक्तिबाट बाहिर रहेका सबै

प्राणहरूमाथि उसले शासन गर्छ, तर शासनको प्रभाव फरक–फरक हुन सक्छ। पुनर्जन्म पाएको र विभिन्न आत्मिक अवस्थामा रहेका प्राणहरू, उसको अग्निबाणका विशेष निशानाहरू हुन्, तर विश्वासको ढालले ती सबैलाई निर्मूल पार्छ र हामीलाई कुनै हानि हुन दिँदैन, परमेश्वरलाई धन्यवाद होस्। प्रार्थना रक्षाको लागि होइन, विश्वासको ढालचाहिँ रक्षाको लागि हो। प्रार्थना हाम्रो गुप्त हतियार हो। प्रभुको जन कतिलाई यो रहस्यमय कुराजस्तै देखिँदैछ। हामीले धेरै कुरा पढेको भए तापनि हामीमध्येमा कसले यो प्रार्थना भन्ने उच्च कामको बारेमा धेरै जानेको छु भनी भन्न सक्छ? प्रार्थना हामीले शैतानलाई जित्नको लागि होइन; ख्रीष्ट येशूले दुई हजार वर्षभन्दा अगाडि नै शैतानलाई जितिसक्नुभयो। शैतानले मूर्ख बनाउँछ र तर्साउँछ, गर्जन्छ र आफू बलियो भएजस्तै देखाएर छल गर्छ, र हामीले कतिपल्ट यी धम्कीहरूलाई हृदयमा लिन्छौँ र "उहाँको सामर्थ्यको अपार महानता हामीप्रति छ" भन्ने कुरालाई बिर्सन्छौँ। प्रार्थनाको गुरुले भन्नुभयो, "मैले तिमीहरूलाई शत्रुको सारा शक्तिमाथि अधिकार दिएको छु।" विजय यही नै हो।

प्रार्थनामा प्राण बनिन्छ। साँचो प्रार्थना लामो समयको हुन्छ। सुरुका अवस्थाहरूमा घडी बिस्तारै चलेको जस्तै लाग्छ; यो पवित्र अभ्यासमा प्राण परिपक्व हुँदै गइसकेपछि समय गएको थाहा हुँदैन। प्रार्थनाले प्राणलाई नरम तुल्याउँछ। ध्यान दिनुहोस्, जसको बारेमा हामीले चुक्ली लगाउँछौँ त्यसको लागि प्रार्थना गर्दैनौँ र जसको लागि प्रार्थना गर्छौं त्यसको बारेमा चुक्ली लगाउँदैनौँ! प्रार्थना एउटा शुद्ध तुल्याउने असल साबुन हो। येशूको रगत प्राणलाई शुद्ध गर्ने एउटा महान् कुरा हो भनी म जान्दछु। तर हाम्रो जीवनमा कुनै दण्डनीय कुराहरू छन् भने त्यसबाट हामीलाई शुद्ध गराउनको लागि, इम्मानुएलको नशाहरूबाट निकालिएको रगत पवित्र आत्माद्वारा प्रार्थनामा बोल्छ।

म विश्वास गर्छु, कि परमेश्वरको वचनबाट पाएको शिक्षाको अभ्यास भएको प्रार्थनामा हामी अगाडि नबढुन्जेल बाइबलीय ज्ञानमा हामी अगाडि बढ्नुमा शैतानले बाधा पनि ल्याउँदैन। हृदय गहिरोपनरहितको हुँदा गहिरो ज्ञानको लाभ के भयो र? परमेश्वरको अगाडि रित्तो हुँदा मानिसहरूको अगाडि भरेको देखेर के फाइदा भयो र? मन र आत्मामा घृणित कुराहरू

हुँदा शरीरलाई सफा राख्नुमा के फाइदा भयो र? प्राणमा कामुकताको वास हुँदा धार्मिक भक्तिको जीवन के लाभको हुन्छ? आत्मामा कमजोरी हुँदा शारीरिक शक्तिमा किन घमन्ड गर्नु? आत्मामा दरिद्र हुँदा सांसारिक धनको लाभ के भयो र? नरकमा अपरिचित छ भने समाजमा प्रख्यात हुनुमा कसले सान्त्वना पाउन सक्छ? प्रार्थनाले यी सबै आत्मिक असन्तुलनको समाधान गरिदिन्छ।

अहिलेका घडीहरूमा हुने झुटा आत्मिक बुझाइहरूबाट स्वतन्त्र हुन चाहेको प्राणले परमेश्वरसँग घनिष्ठ सम्बन्ध राखी शान्त रूपमा स्वर्गीय मनसहित रहनुपर्छ। आत्मिक सम्पत्ति र परमप्रभुको कानको खोजी गर्ने मानिस एक्लोपनसँग धेरै परिचित हुन्छ, र "दुःखको रोटी" बढी खान्छ। परिवार र समाजहरूबाट आउने विरोधहरूको बारेमा उसले धेरै जानेको अथवा नजानेको हुन सक्छ। तर योचाहिँ पक्का कुरा हो, उसले प्राणका लडन्तहरू र मौन रहनु (जसले कतिपल्ट उसप्रति गलत बुझाइ ल्याउँछ), र आफ्नो नजिकका मित्रहरूबाट पनि अलग्गिनु भन्ने कुराको बारेमा धेरै जानेको हुन्छ। प्रेम सम्बन्धमा रहेकाहरू एकान्तमा रहन चाहन्छन् र प्राणका उच्च अवस्थाहरू एकान्तमा नै पुगिन्छ। एउटा कविले भन्नुहुन्छ,

*"मैले एउटा बोलावट सुनेँ,*
*'आऊ पछ्याऊ,' यति नै हो।*
*सांसारिक आनन्दहरू मधुरा भए,*
*मेरो प्राण उहाँको पछि गयो*
*म उठेँ र पछि लागेँ त्यति नै हो।*
*तिमीले पछ्याउँदैनौ*
*यदि यो बोलावट सुन्यौ भने?"*

*– अज्ञात*

*के कुनै नाविक डुब्न लागेको चीत्कार सुनेर हात बाँधेर बस्न सक्छ ?*
*के कुनै डाक्टर बिरामीलाई मर्न दिएर आरामले बस्न सक्छ ?*
*के कुनै दमकलकर्मी मानिसहरू जलिरहँदा पनि सहायता नगरी बस्न सक्छ ?*

*जब तपाईंको वरिपरिको संसार विनाश तिर जाँदैछ, के तपाईं सियोनमा आरामले बस्न सक्नुहुन्छ ? — लियोनार्ड रेभनहिल*

*मलाई त्यो प्रेम दिनुहोस् जसले बाटो देखाउँछ,*
*त्यो विश्वास दिनुहोस् जसलाई कुनै कुराले डगमगाउन सक्दैन,*
*त्यो आशा दिनुहोस् जुन निराशाले कहिल्यै थक्दैन,*
*त्यो जोस दिनुहोस् जुन आगो झैं दन्किन्छ,*
*मलाई माटोको डल्लो मात्र भएर बिलाउन नदिनुहोस्:*
*हे परमेश्वरको अग्नि, मलाई तपाईंको इन्धन बनाउनुहोस्।*

*— एमी विल्सन कारमाइकल*

*"...जुन पुस्ताको बीच संसारमा तिमीहरू ताराहरूझैं चम्कन्छौ; जीवनको वचन दह्रिलो गरी पक्रिराख..."— फिलिप्पी २:१५-१६*

*"तिमीहरू संसारका ज्योति हौ..."— मत्ती ५:१४*

# अध्याय - ११

## तिनीहरू किन आफैलाई जगाउँदैनन्?

अमेरिका पतन हुन सक्दैन—किनकि ऊ पहिले नै पतन भइसकेको छ! यो कुरा बेलायतको हकमा पनि लागू हुन्छ। ऊ दासत्वमा जान सक्दैन—किनकि उसका मानिसहरू यस घडी आफैले रचेको र आफैले रोजेको नैतिक अराजकताको साङ्लोमा जकडिएका छन्। यहाँ लाखौँ मानिसहरू नैतिक रूपमा रोगी छन्, र तिनीहरूमा निको हुने कुनै चाहना छैन। यहाँ मानिसहरू आफ्नो अमर आत्माको मूल्य तिरेर छायाहरू किनिरहेका छन्; यस्ता मानिसहरू, जसले 'सार' (परमेश्वर) लाई इन्कार मात्र गर्दैनन्, तर खुला रूपमा त्यसको खिल्ली उडाउँछन् र व्यंग्य गर्छन्।

आज्ञाहरूलाई तोड्ने, परमेश्वरलाई विरोध गर्ने, र प्राणहरूलाई निर्मूल पार्ने एउटा कहिल्यै नआएको अनैतिक र अन्यायको सुनामी मानव जातिको मामिला भन्ने समुद्रमा आइरहेको छ। योभन्दा अघि कहिल्यै पनि यति ठूलो सङ्ख्यामा मानिसहरूले आफ्नो प्राणलाई यस्तो सस्तो मूल्यमा शैतानलाई बेचेको छैन। "तपाईंलाई पक्रिराख्नको निम्ति आफूलाई जगाउने कोही पनि छैन" (यशैया ६४:७) (KJV)। कस्तो प्रकारको मोहिनीले यिनीहरूलाई पक्रेको छ? कसरी यिनीहरू मुग्ध भए? कसले यिनीहरूको दिमाग घुमायो? किन यिनीहरू ब्युँझेर आफैलाई जगाउँदैनन्?

शैतानको आदेश पाएर संसारले मानवलाई एउटा नयाँ सुई लगाइदिएको छ। आखिरी दिनको एउटा चिन्हचाहिँ मानिसहरू सुख-विलासहरूको प्रेमी हुन्छन् (बहुवचन प्रयोग भएको कुरालाई ध्यान दिनुहोस्)। नरकको सुरुवा कहाँ पकाइन्छ? संसारको रक्सी कारखानाहरूमा बनाइन्छ। सरकारले रक्सी कारखानाहरूलाई कर तिर्नुमा सुविधा दिएको चाहिँ रोजगारी बढाउनको लागि मात्र हो भनी भन्नु एउटा अर्थहीन कारण हो। रक्सी कारखानाहरू प्रसूति गृहहरू हुन्, जसले

हत्याराहरू र मतवाला चालकहरूको जन्म दिन्छ। अदालतले रक्सीले फलाएका *फलहरूसँग* व्यवहार गर्छ; तर जागृतिले यो मृतक रूखको *जरालाई* नै मार्छ।

कामुकता भन्ने रोटे पिङमा चढेर दुष्टताको सुरुवात गर्नको लागि लाखौँ मानिसहरूले आफ्नो पालो पर्खिरहेका छन्। अधर्म अति नै गुलियो हुँदा, पापमा छोपिएको कामुकताले ढालिएको जवान मानिसहरूलाई असल गर्न सोच्नु मतलबको कुरा भएन। ईश्वरशास्त्रीहरूको आधारविनाको अभिप्राय भएको तथाकथित अनन्त जीवनको तुलनामा एक घण्टाको सांसारिक महिमित जीवन (यिनीहरूको भनाइ अनुसार) उत्तम हुन्छ भनी यिनीहरूले तर्क गर्छन्।

अझै एउटा तितो कुरालाई हेर्नुहोस्। मात्ने प्रतियोगिताभन्दा बुद्धिहीन र मानवलाई नसुहाउने कुरा अरू केही हुन सक्छ? पुरस्कार जित्ने मानिसचाहिँ अन्तसम्म आफ्नो खुट्टामा खडा भएको मानिस हुन्छ, अरू सबै सुँगुरहरूजस्तै घुर्दै रक्सीले बेहोस भएर भुईंमा ढलेका हुन्छन्। यो प्रतियोगिता पाषाण युगको होइन; तर शरीरमा तृप्त भएको, प्राणमा कलङ्क लागेको र नियन्त्रणहीन दुष्टता गर्न छोडिएको नयाँ बुद्धिजीवीहरूको हो!

अनियन्त्रित कामुकताले भरिएर, जुवा–तासले रित्तिएर, रक्सीमा बाँधिएका यी मानिसहरूले (जो शरीरमा प्रौढ छन् र नैतिकतामा निर्बुद्धि छन्) लार्ड बैरनले जस्तै विलाप गर्छन्:

*"अहिले त्यो ठाउँमा खरानी छ, जहाँ पहिले आगो पाएको थिएँ,*
*मेरो शरीरमा प्राण मरेको छ;*
*जुन कुरालाई मैले एकपल्ट प्रेम गर्थें, अहिले मैले त्यसलाई केवल प्रशंसा गर्छु,*
*मेरो हृदय मेरो शिर(केश) जसरी नै वृद्ध भइसकेको छ।"*

मण्डलीले महत्त्वपूर्ण र विजय दिने केही कुराहरू दिन सके, दिनलाई गल्फ (Golf) शालामा बिताउने र रातलाई नाचघरमा बिताउने यी मानिसहरूलाई यी अभिलाषाका भाँडोहरूबाट निकाल्न मिल्थ्यो होला।

मानिसहरू स्वतन्त्र हुँदा परमेश्वरको कुरा नसुन्ने भएकोले, उहाँका



तिनीहरू किन आफैलाई जगाउँदैनन्?

*दिनहरू*, उहाँका *मार्गहरू* र उहाँको *पुत्रलाई* सम्झिनको लागि उहाँले आफ्ना मानिसहरूलाई कम्युनिजमको दासत्वमा पुऱ्याउनुपर्छ हो त? शरीरमा स्वतन्त्र भएर प्राण बाँधिएको अवस्थामा मर्नुभन्दा शरीरमा बाँधिएर प्राणमा स्वतन्त्र भएको अवस्थामा मर्नु उत्तम हो!

असल मानिसहरू विज्ञानमा खिचिएको र इसाई धर्ममा चाहिँ अलमल्ल परेको देख्दा हामी झड्का लागेको जस्तै भएर उभिएका छौँ। यिनीहरू विश्वासलाई त्यागिसकेपछि चलचित्र र खेलकुदमा रमाउँछन्। हजार वर्ष एक दिन हुन्छ भन्ने कुरामा रहेर हेर्दा, गोरु गाडाबाट मोटरकारमा र मोटरकारदेखि अन्तरिक्षयानमा हामीलाई पुऱ्याउन विज्ञानलाई केवल क्षणहरू मात्र लागेको छ।

विज्ञानले तेल निकाल्नको लागि जमिनमा अथवा समुद्रमा दुई माइल गहिराइको प्वाल पार्दा त्यसले हामीलाई प्रभाव पार्छ र आकर्षण गर्छ भन्ने कुरालाई स्वीकार गरौँ, तर विज्ञानको झूटो र शैतानी खतरनाक रूपहरू पनि छन् भन्ने कुरालाई गम्भीरता साथ सोचौँ – दिमागको शल्यक्रियाद्वारा मानवको व्यक्तित्वलाई नै बदल्ने (Lobotomization)!

दिमागको यो शल्यक्रिया अमानवीय शैतान प्रेरित विज्ञानले फैलाएको कुरा हो। यो भेषमा भएको विज्ञानलाई तपाईंले सिर्जनात्मक र यथार्थवादको रूपमा मान्नुहुन्छ! यो दिमागमा गरिने भयानक शल्यक्रिया वर्षौंहरूदेखि तानासाही शासकहरूको हातमा भयानक हतियारको रूपमा रहँदै आएको छ। हिट्लरले आफ्नै जातिका लाखौँ मानिसहरूमाथि यो हतियारलाई प्रयोग गरे। स्टालिनले करोडौँ आफ्ना कैदीहरूलाई यो सजिलो शल्यक्रियाद्वारा जिउँदो लास बनाए भनी भनिन्छ, जुन शल्यक्रिया गर्नको लागि केवल पाँच मिनेट मात्र लाग्छ। त्यसपछि पीडित परिवर्तन गर्न नसक्ने अवस्थामा पागल भएर जिउँछ।

यो शल्यक्रियामा बिरामीलाई शल्यक्रिया टेबुलमा बलियो गरी पेटीले बाँधिन्छ। त्यसपश्चात् कन्चटमा तीनपल्ट बिजुलीको झड्का दिमागमा पुग्ने गरी दिइन्छ, जसद्वारा मानिस काम्न थालेर अचेत अवस्थामा पुग्छ। चिकित्सकले बर्फ फोड्ने सुइरो जस्तै देखिने एउटा उपकरण(ल्युकोटोम)लाई आँखाको पटलमुनि छिराउँछ, त्यसपश्चात्

हथौडाले त्यो उपकरणलाई आँखाको खोपिल्टो हुँदै दिमागमा पुऱ्याएर सोच्ने क्षमता दिने दिमागको भागलाई अन्य भागहरूबाट छुट्ट्याइदिन्छ। परिणाम के हो? जिउँदो लास(अरू शब्द नपाएकाले)।

नब्बे मिनेटमा विज्ञानले पन्ध्र वटा जिउँदो लासहरू बनाउन सक्छ; अझै आपत्ति जनक कुरा, अमेरिकामा मात्रै यो शल्यक्रिया गरेका एक लाख मानिसहरू छन् भनी जर्ज कोनीट्सले "लिबर्टी लिग न्युज" भन्ने पत्रिकामा लेख्नुभएको छ। ज्ञान पाएका मानिसहरूले अरू मानिसहरूलाई अमानव बनाइरहेको हुँदा, अब सबै कुरालाई रोकेर विज्ञान देवताले चाहेको भन्दा बढी आदर मानवबाट पाएको होइन त भनी सोध्ने समयमा हामी आएका छौँ।

त्यो जिउँदो लासहरूलाई मनमा राखेर, प्रख्यात दर्शनशास्त्री बेर्ट्रेन्ड रस्सेलका शब्दहरूलाई मनन गर्नुहोस्: "मानवलाई अहिले आफ्नो उद्धारको लागि चाहेको एउटा मात्र कुरा हो; त्यो डरलाई विगतको धमिलो अन्धकारमा बर्बराउन दिएर आनन्दको लागि हृदय खोल्नु हो। उनले (मानव) आफ्ना आँखाहरू माथितिर उठाएर भन्नुपर्छ: 'होइन, म दयनीय पापी होइन; म त बाधाहरूलाई पार गर्नुमा सिपालु हुनु कसरी, आनन्द र स्वतन्त्रतामा जिउनु कसरी, र आफूमा शान्ति ल्याउनु र अरू सबै मानव जातिसँग शान्तिमा जिउनु कसरी भनी कठिनाइपूर्ण बाटोहरूमा यात्रा गरेर पत्ता लगाएको व्यक्ति हुँ'।"

यो शान्तिको झूटो भविष्यवक्ताले छल गर्नको लागि आफैलाई समर्पण गरेका छन् भन्ने कुरालाई स्वीकार गर्न हामीलाई गाह्रो हुन्छ र? त्यही रस्सेललाई ख्रीष्ट मानव भएर जन्मनुभयो भन्ने कुरालाई स्वीकार गर्नुमा समस्या छ। के हत्याकाण्डमा परेका हङ्गेरीयनहरूका आफन्तहरूले उहाँको सन्देशलाई आशाको सुसमाचार भनी मान्छन् होला त?

यो घडी बल्ने हृदय, बगी निस्कने ओठहरू र भरिएका आँखाहरूको आवश्यकतामा छ! हामीले आफैलाई जति आत्मिक ठान्छौँ त्यसको दस भागमा एक भाग मात्र आत्मिक भएको भए, मण्डलीलाई प्रेमहीन, साहसहीन र वृद्धिहीन अवस्थामा पुऱ्याएको विपत्तिलाई सम्झेर, कामेर, काम्दै गरेको टाउकोमा खरानी लगाएर अनि शरीरमा भाङ्ग्रो लगाएर

सियोनतिर जाने विश्वासीहरूले हाम्रा सडकहरू हरेक आइतबारको दिन भरिएका हुन्थे।

यरूशलेममा रहेको विलापको पर्खालमा भक्ति गर्ने यहूदीहरू जति रुन्छन् त्यति हामी हाम्रो प्रार्थना कोठामा रोएको भए, अहिले हामीले एउटा प्रचलित र शुद्ध तुल्याउने जागृति पाउँथ्यौँ! हामी प्रेरितहरू जसरी प्रेरितीय शक्ति पाउनको लागि परमेश्वरको उपस्थितिमा पर्खिने कुरातिर फर्क्यौं भने, प्रेरितीय काम गर्न अगाडि बढ्न सक्थ्यौँ! अहिले हामी, "सबै खुसी हुनुहुन्छ?" भनी बारम्बार सोधिने चलन भएको घडीमा छौँ, हामीप्रति परमेश्वरको उद्देश्य खुसी रहनु होइन तर पवित्रता हो! पावलले तितसलाई पत्र लेख्दा जवान र वृद्ध दुवैलाई सचेत रहन चेतावनी दिए तापनि सचेतनले मूर्खताको लागि ठाउँ दिएको छ।

महान् क्रूसको सर्वेक्षण गर्नको लागि नम्रता र उपासनाको भावसहित, हामी साँच्ची नै कलवरी डाँडामा फेरि आफ्ना घुँडाहरूले चढ्न आवश्यक भएको छ। पहिले मण्डलीले पश्चात्ताप गर्नुपर्छ; त्यसपश्चात् संसारको कठोरता फुट्न थाल्छ! पहिले मण्डली रुनुपर्छ; त्यसपश्चात् हाम्रा वेदीहरू पश्चात्ताप गर्दै रुनेहरूले भरिन्छ।

हार्डवार्ड विश्व-विद्यालयमा औषधि क्षेत्रमा प्राध्यापक भएर काम गरिरहनुभएको विलियम जेम्स आफ्नो सफलताको उचाइमा हुँदा, बुझ्न नसकिने एउटा रोगले थला पर्नुभयो। उहाँलाई मानसिक समस्या भयो। उहाँलाई अनिद्रा र गहिरो उदासीपनले सतायो, तर आफ्नो लागि कुनै उपचार उहाँलाई थाहा थिएन। उहाँ युरोपतिर दौडनु भयो। बर्लिनमा कुनै उत्तर पाइन्छ? आशा गर्न सक्ने कुनै ढोकाहरू खोलिएन। वियन्नामा केही हुन्छ कि? जवाफ त्यही नै रह्यो। कतै प्यारिसमा कुनै उपचार छ कि? महौषधि त्यहाँ पनि थिएन।

निराशपन बढ्दै गयो, लण्डन नजिकै थियो, तर उहाँको पुकार प्रतिध्वनि भएर फर्केर आयो। स्कटल्यान्डमा यो क्षेत्रमा विशिष्ट मानिसहरू थिए, तर यो गिलादमा पनि मलम थिएन, उहाँ फेरि अमेरिका फर्किनुभयो, आत्महत्या गर्ने विचार उहाँको दिमागमा घुमिरहेको थियो। अन्तमा एउटा प्रार्थना गर्ने र निको पार्नुमा महान् विश्वास भएको

मानिसलाई उहाँकहाँ सिफारिस गरियो। विश्वासको चङ्गाइचाहिँ विलियम जेम्सको लागि श्रापित बहिष्कार गरिएको कुरा थियो, जो एउटा प्रख्यात दर्शनशास्त्री र नाम कमाएको मनोवैज्ञानिक हुनुहुन्थ्यो। उहाँको धेरै तालिम प्राप्त मन र दिमागले त्यो तरिका अपनाउनुको विरुद्धमा बलियो रूपमा लड्यो। तर आवश्यकताले गर्दा जेम्स जानुभयो। त्यो साधारण अशिक्षित परमेश्वरको दासले आफ्ना विनम्र हातहरूलाई विलियम जेम्सको टाउकोमा राख्नुभयो, जसको बारेमा जेम्सले पछि भन्नुभयो, "एउटा बुझ्न नसक्ने रोमाञ्चकारी र नरम स्पर्शको अनुभव दिने शक्ति मेरो शरीरभित्र गएको अनुभव गरेँ, जसको पछि एउटा शान्तिको महसुस भयो; म निको भएँ भनी मैले थाहा पाएँ!" यो बौलाएको संसारका रोगहरूलाई निको पार्नको लागि हठी हृदय र भौतिक ज्ञानले बाँधिएका मानिसहरूलाई विज्ञान भन्ने अबाना (Abana) र राजनीति भन्ने फारपर (Pharpar) क्रूसभन्दा बढी आकर्षण गर्ने कुराको रूपमा छन्। तर मानव जाति पूर्ण हुनको लागि हामी पनि आफैलाई विलियम जेम्सले जसरी नम्र तुल्याएर ख्रीष्टको क्रूस र त्यसको जीवन दिने नदीकहाँ जानुपरेको हुन्छ।

*मलाई केही कुराको खाँचो छैन। — लाओडिसियाको मण्डली*

*तिनीहरूको पाप यही थियो— त्यो र त्यसका छोरीहरू हठी थिए, पेटभरि खान्थे र लापरवाहीमा बस्थे। — इजकिएल १६:४९*

*के परमप्रभुका आत्मा रिसाउनुभएको छ? के उहाँले यस्तो काम गर्नुहुन्छ र ? — मीका २:७*

*त्यो मण्डली जुन परमेश्वरद्वारा सञ्चालित हुनुको साटो मानिसद्वारा सञ्चालित हुन्छ, त्यो असफल हुन बाध्य छ। त्यो सेवाकाई जुन कलेजबाट तालिम प्राप्त छ तर पवित्र आत्माले भरिएको छैन, त्यसले कुनै चमत्कार गर्दैन।*

*— शमूएल च्याडविक*

*त्यो मानिस जसको छोटो प्रवचन 'पश्चात्ताप गर' भन्ने हुन्छ, उसले आफूलाई आफ्नो युगको विरुद्धमा खडा गर्छ; र जुन युगको नैतिक स्तरलाई उसले चुनौती दिन्छ, त्यस युगद्वारा उसलाई तत्कालको लागि निर्दयतापूर्वक प्रहार गरिनेछ। त्यस्तो मानिसको अन्त्य एउटै हुन्छ— 'यसको शिर छिनालिदेओ!' जबसम्म तपाईंले आफ्नो शिर स्वर्गलाई सुम्पिनुहुन्न (बलिदान गर्न तयार हुनुहुन्न), तबसम्म तपाईंले पश्चात्तापको प्रचार गर्ने प्रयास नगरेकै बेस हुन्छ।*

*— जोसेफ पार्कर*

# अध्याय - १२

## उडन्ता संसारमा एउटा उडन्ता मण्डली

आजकलको मण्डलीको सबै गतिविधिहरू हेर्दा, अझै कति समयसम्म पवित्र परमेश्वरले यी लाउडिकिया मण्डलीहरूलाई आफ्नो मुखबाट उकेली दिनुबाट रोक्नुहुन्छ जस्तो लाग्छ। सबै प्रचारकहरूले सहमत हुने एउटा कुरा छ भने त्योचाहिँ अहिले मण्डलीमा लाउडिकिया युग चल्दैछ।

हाम्रा शिरहरूमाथि एउटा रौँले मात्र बाँधेर तरबार झुन्डिरहेको हुँदा हामी विश्वासीहरू दुब्ला, अल्छे, विलासितालाई प्रेम गर्ने, प्रेमहीन र कमजोरी भइरहेका छौँ। हाम्रो दयालु परमेश्वरले हाम्रो पापलाई क्षमा गरे तापनि, हाम्रो अधर्मलाई हटाएर शुद्ध पारे तापनि, र हाम्रो अज्ञानतामा दया देखाए तापनि, हाम्रो मनतातो हृदयहरू उहाँको दृष्टिमा अति घृणित छन् । हामी कि तातो कि चिसो, ज्वलित कि जमेको, बलेर सिद्धिएको *अथवा* फ्याँकिएको हुनुपर्छ। तातोपनको अभाव र प्रेमको अभावलाई परमेश्वरले घृणा गर्नुहुन्छ।

ख्रीष्टले अहिले "आफ्ना साथीहरूको घरमा चोट पाउनुभएको छ।" जिउँदो परमेश्वरको पवित्र किताबले आफ्ना विरोधीहरूभन्दा विश्वासीहरूबाट नै बढी सतावट पाएको छ।

हामी धर्मशास्त्रलाई प्रयोग गर्नुमा खेलाँची गर्छौं, व्याख्या गर्नुमा एकतर्फी हुन्छौँ, र त्यसका असीमित धनहरूलाई हात पार्नुमा कुँजो भए जस्तै गरि अल्छी गरेका छौँ। श्रीमान् प्रचारक आफ्नो वाक्पटुतामा बढ्दै जान्छन्, र आत्मामा प्रज्वलित, परमप्रभुको सेवामा जाँगरिलो र बाइबलका प्रेरणाहरूलाई रक्षा गर्न पसिना बगाउँछन्। यद्यपि त्यही प्रिय मानिस कुनै क्षणहरूपछि नसर्माईकन शान्त स्वभावसहित त्यही उत्प्रेरित वचनहरूलाई, त्यसको अचम्मका कामहरू प्राचीन कालको हो र "वचन आजको लागि होइन" भनी पक्का रूपमा घोषणा गर्दै तर्कद्वारा प्रमाणित गरिरहेका सुन्छौँ।

यसरी नयाँ विश्वासीको तातो विश्वासलाई प्रचारकको अविश्वास भन्ने चिसो पानीले निभाउँछ।

मण्डलीले मात्र इस्राएलको परमपवित्रलाई सीमित तुल्याउन सक्छ, र आज तिनी यो गर्न चाहेको सीपमा परिपक्व भएकी छिन्। मृत्युका ओहोदाहरू भएको भए त्यसमा मैले थाहा पाएको सबैभन्दा मरेको अवस्थाचाहिँ पवित्र आत्माको बारेमा पवित्र आत्माको अभिषेकविना प्रचार गर्नु हो।

प्रार्थना गर्नुमा, पवित्र आत्मालाई आफ्नो अनुग्रहसहित आउनुहोस्, तर वरदानहरूसहित होइन भनी प्रार्थना गरेर, हामीले क्षमा दिन नसक्ने अहङ्कारलाई पहिरिन्छौँ !

यी दिनहरूमा पवित्र आत्मालाई प्रतिबन्ध गरिएको र पदबाट खसालिएको छ, वचनलाई साँचो रूपमा पछ्याउनेहरूको (अक्षरशःवादीहरू) बीचमा पनि यही परिस्थिति छ। योएल २ मा बताएका कुराहरू पूरा हुन आवश्यक छ भनी हामी चाहन्छौँ, र भन्छौँ। हामी पुकार्छौं, "तपाईंको आत्मा सबै मानिसहरूमाथि खन्याउनुहोस्!" यद्यपि नबताएको एउटा होसियारी त्यसमा थप्छौँ : "तर हाम्रा छोरीहरूलाई भविष्यवाणी बोल्न नदिनुहोस्, र हाम्रा युवकहरूले दर्शन नदेखुन्!"

"हे मेरा ईश्वर! यदि हामीले लगनशील भएर स्थापित गरेको अविश्वास, हाम्रो ईश्वरशास्त्रमा भएको अँध्यारोपन, र हाम्रो आत्मिक शक्तिहीनताद्वारा हामीले तपाईंको पवित्र आत्मालाई दुःखित तुल्याएका छौँ, र दुःखित तुल्याउँदैछौँ भने हामीमाथि दया गरी हामीलाई तपाईंको मुखबाट उकेलिदिनुहोस्! यदि हामीसँग भएर र हामीद्वारा केही गर्न सक्नुहुन्न भने, प्रभु तपाईंलाई बिन्ती छ, हामीविना नै केही गर्नुहोस्! हामीलाई छोडेर अगाडि बढ्नुहोस् र तपाईंलाई नचिनेकाहरूलाई हातमा लिनुहोस्! उद्धार गर्नुहोस्, शुद्ध तुल्याउनुहोस्, र एउटा अद्‌भुत सेवकाईको लागि पवित्र आत्माले अभिषेक गरिदिनुहोस्! तिनीहरूलाई चन्द्रमा जस्तै सुन्दर तुल्याएर, सूर्यजस्तै प्रकाशमान र सेनाजस्तै डरलाग्दो बनाएर, रोगी मण्डलीलाई जगाउन र पापले भिजिएको संसारलाई



उडन्ता पुत्र

हल्लाउन पठाउनुहोस्!"

यो कुरालाई मनन गर्नुहोस्: अझै दिनको लागि परमेश्वरसँग केही बाँकी छैन। आफ्ना एक मात्र जन्माइएको पुत्रलाई पापीहरूको लागि दिनुभयो; उहाँले धर्मशास्त्र सबै मानिसहरूको लागि दिनुभयो; उहाँले संसारलाई दोषी ठहराउन र मण्डलीलाई सुसज्जित पार्न पवित्र आत्मा दिनुभयो। तर चेकमा सही भएको छैन भने त्यो के कामको भयो र? परमेश्वर अनुपस्थित हुनुभयो भने, साँचो रूपमा सत्यलाई पछ्याउनेहरूको बीचमा भए तापनि, सभाबाट के लाभ हुन्छ र?

हामीले सत्यलाई सही तरिकाले व्याख्या गर्नुपर्छ। प्रकाश ३:२० मा भएको *"हेर, म ढोकामा उभिएर ढकढक्याउँछु"* भन्ने वचनको सम्बन्ध पापीहरू र पर्खिरहेको उद्धारकर्तासँग केही छैन। हेर्नुहोस्, यहाँ हाम्रो प्रभुको एउटा दयालाग्दो दृश्य, जसमा उहाँ आफ्नै लाउडिकिया मण्डलीको ढोकामा उभिएर भित्र जान प्रयास गरिरहनुभएको छ। कल्पना गरेर हेर्नुहोस्! हाम्रो प्रार्थना सभाहरूमा, "किनकि जहाँ दुई कि तीन जना मेरो नाउँमा भेला हुन्छन्, त्यहाँ म तिनीहरूका माझमा हुनेछु।" भन्ने वचनभन्दा बढी प्रयोगमा आउने वचन कुन छ र? तर धेरैपल्ट उहाँ बीचमा रहनुभएको *छैन*; उहाँ ढोकामा हुनुहुन्छ! हामी उहाँको स्तुति गाउँछौँ, तर उहाँको व्यक्तित्वबाट टाढा रहन्छौँ!

हामीसँग भएका किताबहरूको थुप्रो र बाइबलका टिप्पणीहरूबाट पाएको सहायताले, परमेश्वरको अपरिवर्तनशील वचनमा रहेको सत्यले नपोल्ने गरी आफूलाई रक्षा गर्न हामीले सिकिसकेका छौँ!

ढुङ्गाको हृदय भएका पापीहरूप्रति परमेश्वरले धैर्य गर्नुभएकोमा मलाई आश्चर्य लाग्दैन। यथार्थमा अन्धो र बहिरो मानिसप्रति हामीले धैर्य देखाउँदैनौ त? पापीहरू त्यस्तै नै छन्। तर निदाएको, सुस्त र स्वार्थी मण्डलीप्रति परमेश्वरले धैर्य गरेको देख्दा म आश्चर्यचकित हुन्छु! उडन्ता संसारमा भएको उडन्ता मण्डली नै परमेश्वरको साँचो समस्या हो।

हामी कङ्गाल, अन्धा र घमन्डी विश्वासीहरू! हामी *नाङ्गो* भएका छौँ, तर हामीलाई त्यो थाहा छैन। हामी *धनी* छौँ(कहिल्यै नभएको जस्तो धेरै

आधुनिक उपकरणहरू हामीसँग छ), तर हामी *दरिद्र* छौँ(आत्मिक जीवनमा कहिल्यै नभएको जस्तो निम्न गुणस्तरमा जिइरहेका छौँ)! हामीलाई केही कुराको आवश्यकता छैन, तर प्रेरितहरूको समयमा मण्डलीले पाएको झन्डै प्रायः सबै कुराको अभावमा छौँ। हामीले विनालाज आत्मिक नग्नतामा घमण्ड गरिरहेको हुँदा, के उहाँ हाम्रो बीचमा उभिन सक्नुहुन्छ?

हामीलाई आगोको आवश्यकता छ! पापीहरूलाई मारेर हाम्रा वेदीहरूलाई भर्ने पवित्र आत्माको शक्ति कहाँ पुग्यो? आज हामी मण्डली भवनलाई प्रार्थनाले भरिएको स्थितिमा राख्नुभन्दा चिसो (वातानुकूलित) स्थितिमा (A.C.) राख्न बढी प्रयास गर्छौं। "हाम्रो परमेश्वर भस्म पार्ने आगो हुनुहुन्छ।" परमेश्वर र आगोलाई छुट्ट्याउन सक्दैन, त्यसरी नै मानिस र आगोलाई पनि छुट्ट्याउन सक्दैन। हामी हरेकले आगोको बाटो भएर हिँड्नुपर्छ – पापीहरूलाई नरकको आगो, विश्वासीहरूलाई न्यायको आगो! मण्डलीले पवित्र आत्माको आगोलाई गुमाएकाले करोडौँ मानिसहरू नरकको आगोमा जाँदैछन्।

भविष्यवक्ता मोशा *आगोद्वारा बोलाइएका* हुन्। एलियाले माथिबाट *आगो ल्याए।* एलिशाले *आगो बनाए*। मीकाले *आगोको भविष्यवाणी* बोले। बप्तिस्मा दिने यूहन्नाले कराएर भने, "उहाँले तिमीहरूलाई पवित्र आत्मा र *आगोले बप्तिस्मा* दिनुहुन्छ।" येशूले भन्नुभयो, "म पृथ्वीमाथि *आगो खन्याउन* आएको हुँ।" *पानीको* बप्तिस्मा लिन चुक्नुमा हामीलाई जति डर लाग्छ त्यति नै *आगोको* बप्तिस्मा लिन छुटेकोमा डर लागेको भए, हामीले एउटा प्रज्वलित मण्डली र अर्को एउटा पेन्तिकोसको दिन पाएको हुन्थ्यो। पुरानो स्वभावले *पानीको* बप्तिस्मालाई सायद थाम्न सक्छ, तर *आगोको* बप्तिस्मामा त्यो नष्ट हुन्छ, उहाँले "भुसजति चाहिँ ननिभ्ने आगोमा जलाउनुहुनेछ"। अचम्मको काम गर्ने र ख्रीष्टको पुनरुत्थानको महिमालाई देखेका चेलाहरू आगोले शुद्ध नहुन्जेल क्रूसको सेवा गर्नुबाट रोकिएका थिए।

माथिल्लो कोठाको अनुभवविना सेवकहरूले आफ्नो देश र विदेशमा कुन अधिकारले सेवा गर्दैछन्? भविष्यवाणीको बारेमा प्रचार गर्ने प्रचारकहरूको अभावमा हामी छैनौँ, तर *भविष्यवक्ता प्रचारकहरूको*

अभावमा छौँ, कति दयनीय अवस्था! हामीलाई आत्मिक ज्योतिषीहरू र सनसनीपूर्ण भविष्यवक्ताहरूको आवश्यक छैन। हामीलाई अहिले भविष्यको बारेमा पत्ता लगाउनुपर्ने कुराहरू केही छैन, किनभने हाम्रो हातमा परमेश्‍वरको किताब छ र उहाँको मन त्यसमा प्रकाश गरिएको छ । तर हामीलाई परमेश्‍वरको सन्देश घोषणा गर्ने मानिसहरूको आवश्यकता छ। कुनै पनि मानिसले पवित्र आत्मालाई नियन्त्रण गर्न सक्दैन, तर पवित्र आत्माले मानिसलाई नियन्त्रण गर्न सक्नुहुन्छ। भविष्यवक्ताहरू त्यस्तै हुन्। तिनीहरूको अपेक्षा कहिल्यै गरिँदैन, आगमन घोषणा गरिँदैन र परिचय गरिँदैन, तिनीहरू अचानक आइपुग्छन्। तिनीहरूलाई छाप लगाएर पठाएको हुन्छ र तिनीहरूको आगमनले हलचल मच्चाउँछ। बप्तिस्मा-दिने यूहन्नाले "कुनै चिन्हहरू गरेनन्" - अर्थात् निको हुनको लागि उहाँको पछि अस्वस्थ मानिसहरूको भीड लागेन। तर उनले आत्मिक रूपमा मरेको एउटा देशलाई जगाए!

विनालाजको सुसमाचार प्रचारकले घोषणा गर्छ कि हजारौँ मानिसहरू वेदीमा आइपुग्ने गरी एउटा अचम्मको जागृतिको सेवा भयो र अक्षरशःवादीहरूलाई(बाइबलको एक-एक शब्दलाई पवित्र सत्यको रूपमा व्याख्या गर्ने सिद्धान्त-Fundamentalism) अप्ठ्यारो नपार्न त्यसमा थप्छन्, "तर त्यहाँ कुनै भावनात्मक कुरा अथवा गन्जागोल भएन।" तर अनुभूतिविनाको भूकम्प हुनु सम्भव छ र? न त गन्जागोलविनाको हुरी-बतास सम्भव छ। वेस्लीको सेवकाईले उथलपुथल पारेन त? बेलायतको मण्डलीले, *परमेश्वरले पठाएको जोन वेस्ली* भन्ने मानिसको अगाडि आफ्नो सबै ढोकाहरू बन्द गऱ्यो। तर यी धार्मिक रोकावट ल्याउनेहरूले पवित्र आत्माको जागृतिको प्रवाहलाई थुन्न सकेनन्।

धन्यको मानिस वेस्ली, विद्वानको दिमाग र सुभाषीको जिब्रो हुँदा-हुँदै पनि, अरूलाई थुमाकहाँ डोऱ्याउने काममा "पूर्ण रूपमा असफल भएर" अक्सफोर्ड विश्व-विद्यालयबाट निस्कनुभयो। त्यसपश्चात् सन् १७३८ मे २४ तारिख अल्डर्स्गेट सडकमा भएको प्रार्थना सभामा वेस्ली हुँदा, त्यहाँ आत्मामा जन्मिनुभयो; कुनै समयपछि आत्माले भरिनुभयो। तेह्र वर्षसम्म यो आगोको बप्तिस्मा लिएको मानिसले राज्यहरूलाई हल्लाए। यसरी नै इटालीको सेवानारोलाले (Savonarola) फ्लोरन्स सहरलाई हल्लाएका

थिए। बौलाएको सन्न्यासी भन्ने नाम पाएको उहाँ फ्लोरन्स वासीहरूको लागि आतङ्क हुनुहुन्थ्यो र धर्मावलम्बीहरूको बीचमा खिसीको पात्र हुनुहुन्थ्यो।

मेरा भाइहरू, न्याय सिंहासनलाई ध्यानमा राखेर हेर्ने हो भने, मण्डलीबाट पाउने सबै सम्मान र ईश्वरशास्त्रीय उपाधिहरूले भरिएर पनि नरक र आत्मिक नभएका कुराहरूको खिसीको पात्र भएर लामो समय जिएर मर्नुभन्दा, ज्वालामुखीको हृदयको साथ उच्च र तल्लो सबै ठाउँमा पापलाई इन्कार गर्दै, जातिहरूलाई शैतानको शक्तिबाट परमेश्वर तर्फ फर्काउँदै ६ महिना (बप्तिस्मा दिने यूहन्ना जस्तै) जिउनु उत्तम हुन्छ। रक्सी व्यापारीहरूलाई खिसी गर्नु र भ्रष्टाचारी नेताहरूलाई सराप्नुले हाम्रो टाउको माथि आगो ल्याउँदैन। हामीले यी दुवै गर्दा–गर्दै आफ्नो टाउको र पुलपिटलाई जोगाउन सक्छौँ। भविष्यवक्ताहरू झूटो धर्मलाई खुला रूपमा स्पष्ट शब्दहरूले विरोध गरेकाले सहिद भए। मानिसहरूलाई जीवनमा छल्ने र मृत्युमा लुट्ने झूटो धर्मलाई देख्दा, अथवा क्रूसको चिन्ह लिएर मानिसहरूलाई नरकमा डोऱ्याउने सेवकहरूलाई देख्दा, हामी तिनीहरूको विरुद्धमा पवित्र रिसले जल्नुपर्छ। हुन सक्छ, पछिको समयमा एक्काइसौँ शताब्दीको आमूल सुधारको लागि बाटो बनाउन ख्रीष्टको सहिद भएर हामी आगोमा जल्छौँ।

यो खबरलाई आँसुसँग पढ्नुहोस्: "पक्षाघात भएको प्रोटेस्टेन्ट समूहले, अहिले रोमन क्याथोलिक पादरीहरूले प्रोटेस्टेन्ट सुसमाचार प्रचारकहरूलाई प्रशंसा गरेको सुन्दैछन्!" साँचो तरिकाले सोच्नुहोस्, यी धर्मावलम्बीहरूले मार्टिन लुथरलाई अथवा सेवानारोलालाई प्रशंसा गरेको कल्पना गर्न सकिन्छ? "हे प्रभु, हामीलाई तलास गर्ने र पोल्ने भविष्यवाणीको प्रचारहरू पठाउनुहोस्! आउन लागेका न्याय र पश्चात्ताप नगरेका मानिसहरूमाथि पर्ने अनन्त नरक भन्ने दण्डको दर्शनले थिचिएर कुप्रो परेको र फुटेको सहिद प्रचारकहरूको पुस्तालाई पठाउनुहोस्।"

प्रचारकहरूले पुलपिटलाई प्रख्यात तुल्याउँछन्, भविष्यवक्ताहरूले झ्यालखानाहरूलाई प्रख्यात तुल्याउँछन्। प्रभु हामीलाई भविष्यवक्ताहरू पठाउनुहोस्, जो कराउँछन् र पछि हट्दैनन्, जो देशहरूलाई अभिषेकले भरिएको धिक्कारले छर्काउँछन्, जो समाल्न नसक्ने गरी अति नै तातो

हुन्छन्, सुन्न नसक्ने गरी कठोर हुन्छन् र बाँकी राख्न नसक्ने गरी दयाहीन हुन्छन्। नरम पोसाक लगाएका र नरम बोली भएका मानिसहरूले गर्दा हामी थकित भइसक्यौँ, जसले एक चम्चा मात्र अभिषेक भएको शब्दहरूको नदी निकाल्छन्। यिनीहरू पवित्रताभन्दा प्रतिस्पर्धाको बारेमा र प्रार्थनाभन्दा पदोन्नतिको बारेमा बढी जानेका हुन्छन्। यिनीहरूले सुसमाचार विस्तारलाई प्रचारबाजीसँग साटेका छन्, र आफ्नो मण्डलीको पवित्रताभन्दा प्रसन्नताको बढी वास्ता गर्छन्!

नयाँ करारको मण्डलीको तुलनामा हामी प्रेरितहरूभन्दा तल्लो स्तरको सेवा गर्दैछौँ। खँदिलो सिद्धान्तले धेरै विश्वासीहरूलाई गहिरो निद्रामा पुऱ्याइसक्यो, किनभने लिखित अक्षरले मात्र पुग्दैन, त्यो सल्काइनुपर्छ! *लिखित अक्षर र आत्मा* दुवै मिल्दा मात्र त्यसले जीवन दिन्छ। भाषामा भुलविना र व्याख्यामा गल्तीविना गरिएको असल प्रचार मुखभरिको बालुवा जस्तै स्वादहीन हुन सक्छ। रोमलाई रित्तो पार्न र ईश्वरहीन कम्युनिजमलाई कुँजो तुल्याउन हामीलाई आगोले बप्तिस्मा पाएको मण्डलीको आवश्यकता छ। जलिरहेको पोथ्राले मोशालाई खिच्यो; बलिरहेको मण्डलीले संसारलाई खिच्छ, ताकि त्यसको बीचबाट तिनीहरूले जिउँदो परमेश्वरको आवाजलाई सुन्न सकून्।

*मलाई परमेश्वरको निम्ति जलेर निख्रिन दिनुहोस्। आखिर, परमेश्वरले मेरो लागि जेसुकै निर्णय गर्नुभए तापनि, प्रार्थना नै महान् कुरा हो। ओ, म एक प्रार्थनाको मानिस बन्न सकूँ ! — हेनरी मार्टिन*

*प्रेम ज्वालामा सल्कन्छ, र उत्कटता नै यसको जीवन हो। साँचो इसाइत्वको अनुभवले सास फेर्ने हावा नै ज्वाला हो। यो आगोमै बाँच्छ; मधुरो ज्वालाबाहेक यसले जेसुकै पनि सहन सक्छ; तर जब वरिपरिको वातावरण चिसो वा मनतातो हुन्छ, यो कठ्याङ्ग्रिएर र भोकले व्याकुल भएर मर्छ। साँचो प्रार्थना आगोले बलिरहेको हुनैपर्छ। — ई. एम. बाउन्डस्*

*ती आत्माहरूका निम्ति एउटा उत्कट चाहना (जोस),*
*ती तड्पिने दयाका निम्ति !*
*मृत्युसम्मै प्रेम गर्ने त्यो प्रेमका निम्ति,*
*त्यो दन्किने आगोका निम्ति !*
*त्यो शुद्ध प्रार्थना-शक्ति जसले विजय प्राप्त गर्छ,*
*जसले हराएकाहरूका लागि आफूलाई रित्याउँछ !*
*विजेताको नाउँमा विजयी प्रार्थना,*
*आहा, त्यो 'पेन्तिकोस' का निम्ति !*
*— एमी विल्सन कारमाइकल*

# अध्याय - १३

## आवश्यकता— प्रचारकहरूलाई प्रचार गर्ने भविष्यवक्ता

सूर्यलाई फित्ताले नाप्न प्रयास गर्नु, अहिलेको आत्मिक मापदण्डलाई आधार मानेर बप्तिस्मा दिने यूहन्नाको आत्मिक जीवनलाई नाप्ने प्रयास गर्नुभन्दा थोरै मात्र कठिन होला। यर्दनमा चिन्तासहित पर्खिरहेको भीडले नयाँ जन्मेको बालकको विषयमा सोध्यो, "यो बालक पछि कस्तो हुन्छ होला?" तिनीहरूले जवाफ पाए, "तिनी परमप्रभुको सामुन्ने महान् हुनेछन्।"

आजकल हामी यो *महान्* भन्ने शब्दलाई प्रयोग गर्नुमा उडन्ता भएका छौँ, किनभने *प्रख्यात* हुनु भन्ने कुरालाई हामीले *श्रेष्ठता* भनी गलत बुझ्दछौँ। ती दिनहरूमा ईश्वर, न त पूजाहारी न त प्रचारक तर मानिसहरूको आवश्यकतामा हुनुहुन्थ्यो। त्यति बेला पनि अहिले जस्तै नै धेरै मानिसहरू थिए; तर सबै धेरै साना थिए, एउटा *महान् कामको* लागि परमेश्वरलाई एउटा *महान् मानिसको* आवश्यकता थियो!

हुन सक्छ, पूजाहारी पदको लागि बप्तिस्मा दिने यूहन्नामा एउटा पनि योग्यता थिएन होला, तर एउटा भविष्यवक्ता हुनको लागि सबै योग्यता उनमा थियो। उनी आउनुभन्दा अगाडि भविष्यवाणीको एउटा किरण पनि नभएको अवस्थामा चार सय वर्ष अन्धकारमा बितेको थियो– "परमप्रभु यसो भन्नुहुन्छ" भन्ने आवाजविना चार सय वर्ष मौन अवस्थामा बित्यो, चार सय वर्षसम्म लगातार आत्मिक कुराहरू बिग्रँदै गएका थिए। प्रायश्चित्तको लागि बगाएको रगतको नदी र मध्यस्थता गर्नको लागि, चाहेको भन्दा बढी पोषित भएका पूजाहारीहरूको साथ परमेश्वरको निगाह प्राप्त गरेको देश इस्राएल धार्मिक विधि, बलि, र खतनामा हराएको थियो।

तर पूजाहारीहरूको एउटा सेनाले गर्न नसक्ने कामलाई परमेश्वरले

पठाएको, परमेश्वरले निर्माण गरेको, परमेश्वरले भरिदिएको र परमेश्वरले आगो सल्काइदिएको बप्तिस्मा–दिने यूहन्ना भन्ने एक जना मानिसले ६ महिनामा नै गरे !

एउटा प्रचारकलाई तयार पार्न परमेश्वरलाई बीस वर्ष लाग्छ भन्ने इ.एम. बउन्ड्सको भनाइसँग म सहमत छु। बप्तिस्मा दिने यूहन्नाको तालिम परमेश्वरको मौन विश्व–विद्यालयमा भएको थियो। परमेश्वरले आफ्ना सबै महान् मानिसहरूलाई त्यहाँ लानुहुन्छ। घमन्डी र अति बुद्धिमानी, व्यवस्थालाई पालन गर्ने र आफ्ना पुर्खाहरूमा घमन्ड गर्ने पावललाई दमस्कसको सडकमा ख्रीष्टले चुनौती दिनुभयो, आफू रित्तिन र अशिक्षित छु भन्ने ठाउँमा आउनको लागि तीन वर्ष उनले अरेबियामा बिताए, त्यसपछि मात्र उनले भन्न सके, "परमेश्वरले आफैलाई ममा प्रकट गर्नुभयो"। रित्तिनको लागि वर्षौं लाग्ने कुरालाई परमेश्वरले एकै छिनमा भर्न सक्नुहुन्छ। हल्लेलूयाह!

येशूले भन्नुभयो, "जाऊ" तर साथै भन्नुभयो, "पर्खिरहो!" पानी र रोटी मात्र लिएर, बाइबल बाहेक अन्य किताबहरू साथमा नलिईकन, पवित्र आत्मा बाहेक कसैलाई नभेटीकन कुनै पनि मानिसले एक हप्तासम्म आफैलाई कोठाभित्र थुनोस्। मेरा प्रचारक भाइहरू म पक्का भन्न सक्छु, कि त्यो मानिस कि त टुट्नेछ, कि त विजयी भई निस्कनेछ। त्यसपश्चात् ऊ पावलजस्तै नरकको लागि प्रख्यात हुन्छ!

आफैलाई प्रकट गराउने दिनसम्म बप्तिस्मा दिने यूहन्ना उजाडस्थान भन्ने परमेश्वरको मौन विद्यालयमा थिए। सांसारिक सुखविलासको गहिरो निद्रामा परेको देशलाई जगाउने कामको लागि, यो घामले डढाएको, आगोको बप्तिस्मा पाएको, मरुभूमिमा हुर्केको, परमेश्वरले पठाएको र न्यायको बिहानी जस्तो मुहार भएको यूहन्नाभन्दा अझै योग्य मानिस को हुन सक्छ? उनका आँखाहरूमा परमेश्वरको ज्योति थियो, उनको आवाजमा परमेश्वरको अधिकार थियो र उनको प्राणमा परमेश्वरप्रतिको तृष्णा थियो! म सोध्न चाहन्छु, यूहन्नाभन्दा महान् मानिस को हुन सक्छ? साँच्ची नै उनले कुनै आश्चर्य काम गरेनन्, अर्थात् उनले मरेको मानिसलाई बौरी उठाउने काम कहिल्यै गरेनन्; तर उनले अझै त्योभन्दा महान् काम गरे– एउटा मरेको देशलाई ब्युँताए!

छालाको वस्त्र लगाएको र सीमित समय तोकिएको सेवा पाएको यो भविष्यवक्ता यति बलियो रूपमा बले र चम्के, कि उनको तातो जिब्रो र बलिरहेको हृदयको सन्देशलाई सुनेको हरेकले, फोका उठेको आफ्ना प्राणहरू फुटेर पश्चात्ताप नगरुन्जेल, सुत्न नसक्ने भए। बप्तिस्मा दिने यूहन्ना आफ्नो *सिद्धान्तमा अनौठो* थिए, न त विधि–विधान, न त बलिदान, न त खतना त्यसमा समावेश भएको थियो; *भोजन पनि अनौठो* थियो, यसमा न त मद्यपान, न त भोगविलास थियो; *वस्त्र पनि अनौठो* थियो, न त निधारमा व्यवस्था–पत्री, न त फरिसीहरूले लगाउने वस्त्र नै लगाएका थिए।

हो, तर यूहन्ना महान् थिए, विशाल चीलहरू एक्लै उड्छन्, ठूला सिंहहरू एक्लै सिकार खेल्छन्; महान् प्राणहरू परमेश्वरसँगै एक्लै हिँड्छन्। परमेश्वर साथमा हिँड्नुभएन भने त्यस्तो एक्लोपन, सहन अति कठिन र खुसी मान्न असम्भव हुने खालको हुन्छ। साँच्ची नै यूहन्नाले महानतामा दर्जाहरू ल्याए। उनी तीन वटा  तरिकाले महान् थिए: छोटो अवधि प्रचार गर्नको लागि बुवाको धेरै वर्षहरूको लामो तालिमप्रति भएको *इमानदारीमा महान्* थिए; पवित्र आत्माप्रतिको आफ्नो *समर्पणमा महान्* थिए – आज्ञा पाएअनुसार हिँडे र रोके; परमेश्वरको पुत्र येशूको बारेमा *घोषणा* गर्ने कुरामा *महान्* थिए, जसलाई उनले अघि कहिल्यै देखेका थिएनन्, तिनले भने, "संसारको पाप उठाइलैजाने परमेश्वरका थुमा।"

यूहन्ना एउटा "*आवाज*" थिए। प्रायः प्रचारकहरू प्रतिध्वनि मात्र हुन्छन्, तपाईंले ध्यानसित सुन्नुभयो भने तिनीहरूले भर्खरै कुन किताब पढेका थिए र परमेश्वरको किताबबाट कति थोरै मात्र उल्लेख गर्दैछन् भनी भन्न सक्नुहुन्छ। विशाल समूहहरूलाई परमेश्वरकहाँ ल्याउन हामीलाई "आवाज" को आवश्यकता छ – प्रचारकहरूलाई प्रचार गर्न स्वर्गबाट पठाएको भविष्यवक्ता! फुटेका मानिसहरूले नै मानिसहरूलाई फुटाउन सकिन्छ। भाइहरू हामीसँग उपकरण छ तर माथिबाटको शक्ति छैनन्; गन्जागोल छ र सृष्टि (वा नयाँ जीवन) छैनन्; क्रिया छ तर अभिषेक छैन; होहल्ला छ तर जागृति छैन। हामी सिद्धान्तवादी छौँ, तर गतिशील छैनौँ!



बप्तिस्मा दिने यूहन्ना परमेश्वरबाट शिक्षा पाउँदै

हरेक असल समयहरूको सुरुवात आगोद्वारा हुन्छ; प्रचारक भए तापनि अथवा वेश्या भए तापनि हरेक जीवनको अन्त आगोमा हुन्छ – कसैको जीवन न्यायको आगोमा, कसैको नरकको आगोमा! वेस्लीले गाउनुभयो, "दयनीय प्राणहरूलाई आगोबाट बचाउनुहोस् र तिनीहरूको अगुल्टोलाई येशूको रगतले निभाउनुहोस्।" भाइहरू, हाम्रो लागि *एक मात्र मिसन* छ, त्योचाहिँ प्राण बचाउनु हो; *यद्यपि ती प्राणहरू नाश भइरहेका छन्!* ओहो! तिनीहरूको बारेमा सोच्नुहोस्! लाखौँहरू, करोडौँहरू, हुन सक्छ, सयौँ करोड अजम्मरी प्राणहरूलाई ख्रीष्टको आवश्यकता छ। अनन्त जीवनको अभावमा तिनीहरू मरिरहेका छन्! ओहो! कति लाजको कुरा! कति डरलाग्दो कुरा! कति दुःखलाग्दो कुरा! येशूले कोही पनि नाश हुनुहुँदैन भनी चाहनुभयो। प्रचारकहरू, लाखौँ मानिसहरू नरकको आगोमा जाँदैछन्, किनभने हामीले *पवित्र आत्माको आगोलाई गुमाएका छौँ!*

यो पुस्ताका पापीहरूको जिम्मेवारी यही पुस्ताका प्रचारकहरू नै हुन्छन्। हाम्रो मण्डलीको ढोका अगाडि नै ख्रीष्टको लागि नजितिएका थुप्रै मानिसहरू छन्, किनभने तिनीहरूको खोजी नै भएन, खोजी भएन, किनभने तिनीहरूलाई प्रेम गरिएन। वैदेशिक मिसन कामको लागि जे जति भइरहेको छ, त्यसको लागि परमेश्वरलाई धन्यवाद दिऊँ। यद्यपि यो अनौठो सत्य हो, कि हाम्रा सडकहरूमा नाश भइरहेका छिमेकीहरूभन्दा विश्वभरि भएका मानिसहरूप्रति हाम्रो वास्ता बढी छ! हाम्रो विशाल सुसमाचार कार्यक्रमद्वारा सयौँ प्राणहरू मात्र उद्धार पाइरहेका छन्। एउटा अणुबम खसालेको खण्डमा तिनीहरू हजारौँको सङ्ख्यामा नरकमा खस्छन्।

आजकल जस्तो पाप कहिल्यै वृद्धि भएको थिएन भनी भन्नु अर्थहीन कुरा हो। येशूले भन्नुभयो, "नोआको दिनमा जस्तो भएको थियो, मानिसको पुत्रको दिनमा पनि त्यस्तै हुनेछ।" नोआको दिन कस्तो थियो भन्ने कुराको दृश्य हामीले उत्पत्ति ६ को ५ मा देख्न सक्छौँ, "पृथ्वीमा मानिसहरूको दुष्टता बढी भएको र तिनीहरूका हृदयका विचारको *जुनसुकै* पनि भावना निरन्तर खराबै मात्र भएको परमप्रभुले देख्नुभयो।" 'बाहेक' भन्ने शब्दलाई प्रयोग गर्न नसक्ने गरी सबै विचार खराब थियो; मिश्रित नभएको *पूर्ण* दुष्टता; विराम नभएको *निरन्तर भइरहने* दुष्टता।

त्यति बेला जस्तो थियो अहिले पनि त्यस्तै छ! आज पापलाई सौन्दर्य र लोकप्रिय दुवै तुल्याएको छ; रेडियोबाट कानहरूमा खन्याइन्छ, टेलिभिजनबाट आँखाहरूमा फ्याँकिइन्छ र पत्रिकाहरूको आवरण पृष्ठद्वारा छर्काइन्छ। मण्डलीमा जानेहरू प्रवचनले वाक्क भएर, शिक्षाले थकित भएर, जस्तो भित्र आए त्यसरी नै दर्शनहीन र जोसहीन फर्कन्छन्! हो प्रभु, हाम्रो राष्ट्रिय र अन्ताराष्ट्रिय पापलाई ढाक्न नेताहरू र नैतिकवादीहरूले टालिदिएको पट्टीलाई च्यातिदिन यो नाश भइरहेको पुस्ताको बीचमा दश हजारौँ बप्तिस्मा दिने यूहन्नाहरूलाई पठाइदिनुहोस्।

जसरी मोशाले बलिरहेको पोथ्राको दृश्यलाई नदेख्नु असम्भव थियो, त्यसरी नै बलिरहेको मानिसलाई देशले नदेख्नु असम्भव हुन्छ! परमेश्वर आगोलाई आगोद्वारा नै सामना गर्नुहुन्छ। पुलपिटमा जति बढी आगो बल्यो, त्यति नै आगो नरकमा कम बल्छ। बप्तिस्मा दिने यूहन्ना, एउटा नयाँ सन्देश भएको नयाँ मानिस थिए। जसरी हत्यारा न्यायाधीशको "दोषी!" भन्ने शब्दलाई सुन्दा त्रसित हुन्छ, त्यसरी नै यूहन्नाको "*पश्चात्ताप गर!*" भन्ने चिच्च्याइलाई सुन्ने भीड पनि त्रसित भयो। तिनीहरूको दिमागमा त्यो टनटन बजिरह्यो, स्मरणलाई जगायो, विवेकलाई झुक्ने तुल्यायो र त्रसित तुल्याएर पश्चात्ताप गरेर बप्तिस्मा लिने ठाउँमा पुऱ्यायो। पेन्तिकोसपछि ताजा आत्माको आगोको बप्तिस्मा पाएको पत्रुसको आक्रमणले भीडलाई हल्लायो र एक जना मानिस चिच्याए, "हे भाइ हो, हामी के गर्ने?" यी मानिसहरूलाई कसैले आएर, "यो कागजमा सही गर्नुहोस्! निरन्तर मण्डलीमा जाँदै गर्नुहोस्! दशांश तिर्नुहोस्!" भनी बताएको भए कस्तो हुन्छ होला, कल्पना गर्नुहोस्! होइन! हजारौँपल्ट होइन!

पवित्र आत्माको सामर्थ्यको अभिषेकले भरेर यूहन्ना चिच्याए, "*पश्चात्ताप गर!*" तिनीहरूले त्यसै गरे। पश्चात्ताप भन्ने कुरा गल्तीलाई महसुस गरेको हृदयबाट आउने थोरै आँसुहरू होइन। यो ग्लानि पनि होइन, न त भावना, न त सुधार। पश्चात्तापचाहिँ ईश्वर, पाप र नरकको बारेमा मनमा हुने परिवर्तन हो!

प्रकृतिको दुई वटा ठूला शक्तिहरूचाहिँ आगो र हावा हुन्, र यी दुवैको बीच पेन्तिकोसको दिनमा विवाह भयो। त्यसो हुनाले माथिल्लो कोठामा

भएको ती धन्यका मानिसहरू हावा जसरी नै, रोक्न नसक्ने, नियन्त्रण गर्न नसक्ने, अनुमान गर्न नसक्ने थिए! तिनीहरूमा भएको आगोले मिसन भन्ने आगोलाई सल्कायो, आगोको उग्रतालाई निभायो, सहिद हुनु भन्ने आगोलाई बालिदियो र जागृतिको आगोलाई सल्कायो।

झन्डै दुई सय पचास वर्षभन्दा अघि चार्ल्स वेस्लीले यसो लेख्नुभयो:

*"ओहो ममा त्यो पवित्र आगो*
*अहिले नै बल्न थाल्दा हुन्थ्यो,*
*तुच्छ इच्छा भन्ने फोहोरलाई जलाउनको लागि,*
*र पहाडहरूलाई पग्लाउनको लागि!"*

डा. ह्याट्चले लेख्नुभयो:

*"परमप्रभुको श्वास, ममा आइरहनुहोस्,*
*जबसम्म म पूर्ण रूपमा तपाईँको हुँदिन,*
*जबसम्म ममा रहेको सांसारिकपन*
*तपाईँको स्वर्गीय आगोले जल्दैन!"*

पवित्र आत्माको आगोले निर्मूल पार्छ, शुद्ध तुल्याउँछ, न्यानो बनाउँछ, आकर्षण गर्छ, र सशक्त बनाउँछ।

कुनै इसाईहरूले तिनीहरूले कहिले उद्धार पाए भनी भन्न सक्दैनन्। तर पवित्र आत्मा र आगोले बप्तिस्मा पाएर पनि आफूले त्यो कहिले पाएको भनी भन्न नसक्ने मानिसलाई मैले कहिल्यै भेटेको छैन। त्यस्ता आत्माले भरिएका मानिसहरूले नै परमेश्वरको लागि देशहरूलाई हल्लाउँछन्, वेस्ली जसरी नै, जो आत्माद्वारा जन्मेका थिए, आत्माले भरिएका थिए, अनि आत्मामा नै जिएका र हिँडेका थिए।

इन्जिनमा आगो नसल्केसम्म गाडी कहिल्यै गुड्दैन, त्यसरी नै कुनै मानिसहरू पनि चलेका छैनन्, चल्दैनन् पनि; किनभने तिनीहरूमा आगो बाहेक अरू सबै थोक छन्।

प्रिय भाइहरू, प्रचारकहरूको लागि एउटा विशेष न्याय हुनेछ, तिनीहरू अरूभन्दा बढी कठोर न्यायमा पर्नेछन्( याकूब ३:१)। परमेश्वरको न्यायको दिनमा न्याय सिंहासन अगाडि उभिएका मानिसहरू कुनै मानिसपट्टि फर्केर भन्छन्, "प्रचारक, तपाईंसित पवित्र आत्माको आगो भएको भए, अहिले म नरकको आगोमा जानुपर्दैन थियो।" वेस्लीले जसरी नै विश्वासीहरूको जीवनमा पश्चात्तापको आवश्यकता छ भनी म पनि विश्वास गर्छु। *पिताको प्रतिज्ञा* तिमीलाई नै हो। अहिले नै मिसन केन्द्रमा एकान्तमा घुँडा टेकेर अथवा आफ्नो आरामदायी घरमा कुर्सीको छेउमा घुँडा टेकेर अथवा पास्टरको अध्ययनले थिचेर छोडिदिन तयार भएको अवस्थामा यो प्रार्थना गर्नुहोस्:

*"मेरो दुर्बल हृदयलाई बलियो र निडर तुल्याउन,*
*आगो पठाउनुहोस्।*
*मरिरहेको संसारलाई बचाउनको लागि जिउन,*
*आगो पठाउनुहोस्।*
*ओहो, मलाई हेर्नुहोस्, तपाईँको वेदीमा,*
*मेरो जीवन, मेरो सबै थोक राख्छु ;*
*यो बलिलाई स्वीकार गर्न, म प्रार्थना गर्छु,*
*आगो पठाउनुहोस्!"* *— एफ. डी एल.बुथ टक्कर*

यो चिसो संसारमा हाम्रा मण्डलीहरू चिसो छन्, *किनभने हाम्रा प्रचारकहरू चिसो छन्।* प्रभु आगो पठाउनुहोस्।

*मलाई सहिदको टोपीबाहेक अरू कुनै टोपी (पद) चाहिँदैन, जुन मेरै रगतले रातो भएको हुन्छ। — साभोनारोला (कार्डिनलको टोपी अस्वीकार गर्दा)*

*प्रेरितीय प्रचार सुन्दर शब्द चयन, साहित्यिक चमक वा अभिव्यक्तिको चतुऱ्याइँले चिनिँदैन, तर यो 'आत्मा र शक्तिको प्रदर्शन' मा सञ्चालित हुन्छ।*

*— आर्थर वालिस*

*मैले हेर्न चाहेका तीनवटा कुराहरू यिनै हुन्:*

*१. शरीरमा हुनुभएका येशू।*

*२. आफ्नो पूर्ण वैभवमा रहेको शाही रोम।*

*३. प्रचार गरिरहनुभएको पावल।*

*— अगस्टिन*

*जुन सत्य मैले लेखें र प्रचार गरें, त्यसलाई म बडो आनन्दका साथ आफ्नै रगतले पुष्टि गर्नेछु। — जोन हस (खाँबोमा जलाइने बेलामा)*

*मिसनरीको लागि मुख्य योग्यता, हामीले प्राय: सुन्ने गरेजस्तो आत्माहरूप्रतिको प्रेम होइन, तर ख्रीष्टप्रतिको प्रेम हो। — भान्स ह्याभनर*

# अध्याय - १४

## परमेश्वरको लागि साम्राज्य निर्माण गर्ने व्यक्ति

शाउलले आफ्नो दमस्कसको यात्रामा केवल एउटा प्रचारकलाई मात्र भेटेको भए र खालि एउटा प्रचार मात्र सुनेको भए, तिनको बारेमा त्यसपछि हामीले कहिल्यै सुन्न पाउँदैनथ्यौँ होला, तर *तिनले ख्रीष्टलाई भेटे!* (प्रचार र प्रचारकहरूबाट हामी तर्कन सक्छौँ—प्रायः मानिसहरू तर्कन्छन् पनि—तर ख्रीष्टबाट कहिल्यै उम्कन सक्दैनौँ।) त्यो ठाउँमा शाउलको जीवनको दर्शनशास्त्रले "जीवन" आफैलाई भेट्यो। यो आगो निल्ने धार्मिक कट्टरपन्थीले आगोको बप्तिस्मा दिने प्रभुलाई भेट्यो; र परिणाम स्वरूप शाउल बद्ल्यो। मानव सभ्यताले एउटा नयाँ मोड लियो - भलाइको लागि ! (प्रभु तपाईं फेरि एकपल्ट यस्तो काम गर्नुमा प्रसन्न हुनुहोस्, आज नै!) आफ्नो दृष्टिमा व्यवस्था पालन गर्ने, निर्दोष र कट्टर फरिसी भए तापनि पावलले चाँडै नै आफैलाई परमेश्वरको दृष्टिमा पापीहरूमध्येमा प्रधान पापी भनी घोषणा गर्न थाले। आश्चर्य मान्नु केही छैन, बालक ख्रीष्टको लागि हेरोद जस्तो थिए, त्यस्तै नै बालक मण्डलीको लागि शाउल थिए - घोर अन्धकारमय नरकलाई अझै आशाहीन ठाउँको रूपमा परिवर्तन गरिरहेका थिए।

परमेश्वरलाई अनुभव गरिएको मानिस कहिल्यै मानिसको दयामा भर पर्नुपर्दैन। परमेश्वरलाई अनुभव गर्नु मूल्यवान् हुन्छ, त्यसको लागि मूल्य चुकाउनुपर्छ, र त्यसले परिणाम ल्याउँछ। पावलको त्यो दिनको घटना एउटा परीक्षण होइन, तर एउटा अनुभव हो। यद्यपि त्यो दिनको परम-पवित्रसँगको जम्काभेट जसरी परिवर्तनशील थियो, त्यसरी नै भयङ्कर पनि थियो। उनका आँखाहरूलाई अन्धो तुल्याउन सक्ने खालको सूर्यभन्दा अति प्रकाशमान प्रभुको दर्शन उनले पाए। त्यसपश्चात् पावल सारा सांसारिक मर्यादाको लागि अन्धो भए। "तपाईंलाई आदर नगर्नेले मलाई पनि आदर गर्ने छैन" भनी एफ.डब्ल्यु.एच.मेयरले भन्नुभयो। शाउलको ख्रीष्टसँगको ठक्करले उनका मेधावीहरूको राजा हुने सपनालाई

चकनाचुर पाऱ्यो, र सांसारिक भविष्यको सफलता भन्ने कुरामा दरिद्र तुल्यायो। यसरी रित्याएको अवस्थामा उनी अझै एक कदम तल ओर्लेर अरेबियाको मरुभूमिमा परमेश्वरसँगको अग्नि परीक्षामा परे र नङ्ग्याइए (जुन कुराको बारेमा उनका ओठहरू बन्द छन्)।

यो ख्रीष्टको साम्राज्य निर्माण गर्ने मानिसले, जो मेधावी र असल पुस्ताको थिए, आफ्नो प्रभुलाई आफ्नो सट्टा मरेको भनी मात्र होइन, तर आफ्नो पहिचानको रूपमा स्वीकार गरे। "*म मरेँ* (उहाँमा)।" (यो सत्यलाई हामी सबैले ओठले मात्रै स्वीकार गर्दैछौँ।) पावल विजयको महसुस गर्दै भन्नुहुन्छ, "*उहाँ ममा जिउँदै हुनुहुन्छ!*" यो सत्यलाई दुई वटै हातले बलियो गरी पक्रिनुहोस्। हामीले यसरी गवाही दियौँ भने के हाम्रा साथीहरूले हामीलाई खिसी गर्छन्? यो पूर्ण रूपमा बेचिएको उद्धारकर्ताको दास, नयाँ करारको शिमसोन हुनको लागि जलिसकेको आफ्नो स्वार्थीपनको खरानीबाट उठे, र इतिहासको मूल ढोकाहरूलाई त्यसको खम्बासहित उखेले, र कलवरीको शुद्ध तुल्याउने नदीलाई सानो-एसियाको दुर्गन्धित गोठहरूतिर फर्काए। धन्यको मानिस!

परमेश्वरसँग मिलाप भइसकेपछि पावलले ईश्वरहीन थोक सबैसँग युद्ध गरे। सुसमाचार भन्ने आफ्नो वीणाको सुमधुर आवाजले एथेन्सका विद्वानहरूलाई मुग्ध तुल्याए, र पुनरुत्थानको तुरही उठाएर आफ्नो गीतलाई अचानक अन्त गरे, जसले एथेन्सका मानिसहरूलाई सत्यले डढाएको र डराएको अवस्थामा छरपस्ट भएर जान लगायो।

तर एसियामा भएका बाधाहरू रूपी डरलाग्दा भीरहरू देखेर हाँस्न सक्ने, केले यो मानिसलाई यस्तो तुल्यायो? किन उनी दैनिक मरे? कठोर परिस्थितिहरूमा देखिएको उनको अतुलनीय साहसको कारण के हो?(२ कोरिन्थी ११)। यति ठूलो भारी उनले बोक्नै पर्छ भनी भन्नको लागि तर्कसङ्गतको व्याख्या के छ? त्यसको उत्तर कुनै बेढङ्गको कल्पनाबाट होइन, तर असल तरिकाले राखिएको उनको प्राणको दैनिकीबाट छ। त्यसलाई उनले बताउँदा आश्चर्यचकित पार्ने खालको छ, "जिउनु म होइन, तर ख्रीष्ट ममा जिउनुहुन्छ"(गलाती २:२०)। यो कुरालाई मनन गर्नुहोस्! कन्याको गर्भबाट ख्रीष्ट जन्मनुभयो अथवा मरेकाहरूबाट प्रभु पक्कै बौरी उठ्नुभयो भनी म विश्वास गर्छु भनी उनले




परमेश्वरको लागि साम्राज्य निर्माण गर्ने पावल

घोषणा गरेनन्, हुन त यी सबै कुराहरूलाई उनले विश्वास गरे, तर उनले घोषणा गरेः "ख्रीष्ट अहिले ममा जिउँदै हुनुहुन्छ!" गहिरो दुष्टताबाट("म होइन....तर ममा वास गर्ने पाप" रोमी ७:१७), आत्मिक जीवनको उचाइमा पुगेर उनले पक्का गरी भन्दैछन्, "म होइन, तर ख्रीष्ट ममा जिउनुहुन्छ"। साटिएको बहुमूल्य जीवन!

पावलको जीवन एउटा *उदाहरणीय जीवन* थियो। उनी एउटा निर्देशन दिने साइनबोर्ड थिएनन्, तर एउटा अगुवाइ दिने अगुवा थिए। उनले बताएको सुन्नुहोस्, "तिमीहरूले जुन कुरा मबाट सुन्यौ, र ममा देख्यौ, त्यही गर"(फिलिप्पी ४:९)। उनी साँच्ची नै एउटा जीवित पत्र थिए।

पावलको जीवन एउटा *असामान्य जीवन* थियो। पावलको आत्मत्याग हाम्रो बराबर हो भनी भन्नु मूर्खता हुँदैन त? हाम्रो बारेमा, "तिनीहरू सबै आफ्नै स्वार्थ खोज्छन्", भनी भन्नु नै सत्यता होइन त? उनले लेखेका पत्रहरू र स्थापित गरेका मण्डलीहरू यी कुराहरूमा उनी असामान्य थिए। तर २ कोरिन्थी ११ अध्यायमा बताएको सूचीलाई फेरि एकपल्ट पढ्नुहोस्। के तिनले सहिद भएकाहरूको दुःखभन्दा आफ्ना दुःखहरूलाई ठूलो देखाउन खोज्दैछन्? अथवा सन्तहरूको सूचीमा आफ्नो नाम थपिनको लागि दाबी गर्दैछन्? अलिकति पनि होइन! स्थान, वंश र विशेष अधिकार, यी सबै ख्रीष्टलाई पाउनु र निरन्तर आज्ञाकारिताले उहाँमा आफैलाई पाउनु भन्ने कुराको तुलनामा फोहोर-मैला मात्र हो। भोगेका सतावटमा उनी अतुलनीय थिए, जुनचाहिँ प्रायः अरूको रोजाइबाट थियो, तर उनी प्रार्थनामा पनि अतुलनीय थिए, जुनचाहिँ उनको आफ्नै रोजाइबाट थियो। हामी प्रार्थनामा बलियो छौँ भने सतावट भोग्नको लागि पनि त्यति नै योग्यको हुन्छौँ। प्रार्थनाले हड्डी र नसा (इजकिएल ३७) मात्र होइन, तर सुस्केरा, शुद्धता, साहस साथै आगो, यी सबैको विकास गर्छ।

पावलले आफ्ना भाइहरूको सट्टामा आफै "*श्रापित हुनु*" (रोमी ९:३) भन्ने आफ्नो इच्छाको लागि साक्षी दिन पवित्र आत्मालाई बोलाउँदैछन्। श्रीमती गुयोन(Guyon) ले पनि झन्डै त्यस्तै प्रकारको प्रार्थना गरिन्। डेविड ब्राइनेर्ड र जोन नाक्स पनि त्यस्तै स्वभावका थिए। भाइहरू हो, प्रार्थना सभाहरूमा यस्तो प्रार्थना गरेको हामीले कहिले र कता सुन्यौँ?

छोटो प्रार्थनाद्वारा ठूलो परिणामको आशा गर्न सक्दैनौँ। कटनीको लागि लाग्ने नियम नै प्रार्थनाको लागि पनि लाग्छ: प्रार्थनामा थोरै छर्‍यौँ भने थोरै कटनी गर्छौं, प्रार्थनामा धेरै छर्‍यौँ भने प्रशस्तसँग कटनी गर्छौं। समस्याचाहिँ हामीले परिश्रम नगरीकनै फल पाउन प्रयास गर्दछौँ।

पावलको जीवन *विकास हुँदै गइरहेको जीवन* थियो। हाय! हामीमध्येमा धेरैले अरूको सेवकाईमा बाँकी रहेको टुक्रा पाउँदा खुसी हुन्छौँ। तर पावलले अरू कसैको जगमाथि निर्माण गर्ने काम गरेनन्। उनको दिमाग सिद्धान्ततिर पूरै ढल्किएर सिद्धान्तहरूमा भएको रहस्यका कुराहरूलाई पेलेर निकाल्ने यन्त्रजस्तै भएन। उनले दानिएलले देखेको मूर्तिबारे सोच्दै व्यर्थका घण्टाँहरू बिताएनन् , न त तिनले कुनै अनुसन्धान शालामा बसेर सत्यलाई टुक्रा–टुक्रा पार्दै ईश्वरशास्त्रको विभाजन गरी बसे, न त तिनले भविष्यमा प्रयोग हुन गइरहेको विश्वासका सारहरूको लागि शब्दहरू तयार गर्नुमा आफ्नो समयलाई बिताए। यी सबै नगर्नुको कारण मध्यान्हको उज्यालो जस्तै स्पष्ट छ।

पावलले येशूको जीवन चरित्र लेखेनन्, तर *"म ऋणी छु"*(रोमी १:१४) भनी बताएर त्यसलाई जिएर देखाए। त्यो ऋणलाई तिर्नु सम्भव छ भने सो गर्नको लागि आफ्नो प्राणलाई धितो राखे। त्यसको मूल्य झ्यालखाना हुन सक्छ, किनभने आफ्ना मानिसहरू शैतानका कैदीहरू भएर *आजीवनलाई* नरकमा बिताउनुभन्दा उनी "परमप्रभुको निम्ति एक कैदी" भएर *कुनै वर्षहरू* बिताउनु असल थियो। एउटा महँगो र पूर्ण समर्पणप्रति पावल समर्पित थिए: "अबदेखि उसो कसैले मलाई कष्ट नदेओस्"(गलाती ६:१७)। पावल परमेश्वरमा बेचिएका थिए। उनको मुटुको हरेक धड्कन, मनको हरेक विचार, हरेक पाइला र प्राणको हरेक चाहना सबै ख्रीष्ट र मानिसहरूको उद्धार नै थियो। उनले सभाघरहरूमा उथलपुथल मच्चाए, र जागृति अथवा झगडा ल्याउँथे, कुनै बेला यी दुवै ल्याउँथे (हामीले त यी दुवैमा कुनै पनि ल्याएका छैनौँ)।

उनको जागृतिको दलले उनलाई त्यागे तापनि – "सबैले मलाई त्यागे" (२तिमोथी ४:१६), उनले "सनातनका पाखुराहरूमा" आफैलाई सुम्पे र अगाडि बढे। उनी हत्या गर्न खोज्नेहरूबाट बचे, तर दैनिक रोटीको साथ दैनिक मृत्युलाई पनि सामना गरे, त्यसैले यसरी लेखे, *"म प्रतिदिन मर्दछु"*

(१कोरिन्थी १५:३१)। कस्तो महिमित कष्ट!

आत्माका फलहरू पावलमाथि थियो; आत्माका वरदानहरूले पावलद्वारा काम गरे। उनले सहरभरि जागृतिका सभाहरू सञ्चालन गरे र खर्च धान्नको लागि पाल बनाए! मेरा प्रचारक भाइहरू, पावलको तुलनामा हामी कायर होइनौँ त? कुनै बेला उनी भोकै बसे! यद्यपि टेबलभरि खानेकुराहरू हुँदा पनि उनी उपवास बसे। सबैको आशिष् उनको चाहना थियो। यद्यपि आफ्नो बारेमा श्रापित हुन चाहना गरे। यो "मानिसहरूको अगाडि तमासा", र पवित्र आत्माले भरिएको इसाई, आफ्नो क्रान्तिकारी जीवन र प्रबल ईश्वरशास्त्रको साथ राजनीतिक धर्मको रूपमा रहेको कम्युनिजमलाई पछ्याउने कट्टरपन्थीहरूको (उद्धारको लागि लड्नुमा) समकक्षी थिए। पवित्र आत्माको आगोले भस्म भएका मानिसहरू ब्रह्माण्डीय शक्ति उत्पन्न गर्ने विखण्डित अणुको मानव रूप हुन्।

परिवर्तित र चाँडै स्वर्ग जान लागेको पावल भन्छन्, कि हामी सबै उनी जस्तै हुन सक्छौँ। अग्रिपाको अगाडि उभिँदा तिनले बोलेको कुरा सुन्नुहोस्, "यी साङ्लाहरू छोडेर हजुर मात्र होइन, आज मेरो कुरा सुन्ने सबै मजस्तै होऊन् भनी म परमेश्वरमा प्रार्थना गर्छु।" "मैले लेखे जसरी सबैले लेख्नुपर्छ भन्ने चाहन्छु" भनी तिनले भनेनन्, न त आफूले जस्तै सबैले मण्डली स्थापना गर्नुपर्छ भनी बताए। पावलले भनेनन्, "*मैले गरेझैँ*" तर, "*मजस्तै*"(१कोरिन्थी ७:७)। पावललाई भरेको आत्माले हामीलाई पनि भर्न सक्नुहुन्छ, ताकि हामी पनि सेवाको नापमा उनी जस्तै नभए तापनि सेवामा गरिने त्यागमा उनी जस्तै हुन सकौँ।

यी कुराहरूले तपाईंलाई कहाँ पुऱ्याउँछ? मलाई थाहा छैन (न त स्वर्गदूतहरूलाई, न त मानिसहरूलाई थाहा छ)। तर सबैको सुरुवातचाहिँ जीवन साट्नुमा हुन्छ, जुनद्वारा अब उप्रान्त हामी जिउँदैनौँ, *तर ख्रीष्ट हामीमा जिउनुहुन्छ।* पावलले महिमित जीवन बिताए र विजेता भएर मरे, किनभने त्याग र सतावटमा उनले ख्रीष्टको पहिचान दिए। हामीले इच्छा गरेको खण्डमा हामी पनि त्यस्तै जिउन र त्यस्तै मर्न पाउँछौँ।

*मुक्ति दिने एकमात्र विश्वास त्यही हो, जसले जीवन होस् वा मृत्यु, आफूलाई परमेश्वरमा सुम्पिन्छ।— मार्टिन लुथर*

*..., त्यसैकारण, इतिहासको हरेक मोडमा जहाँ ख्रीष्टको मण्डली जागृतिको कुनै लहरमा बगेर यथार्थता र आत्म-समर्पणमा फर्किएको छ, हजारौँ पुरुष तथा महिलाहरूले पावललाई पुनः पत्ता लगाएका छन्, र उनको सन्देशको सङ्गीतमा फेरि रोमाञ्चित भएका छन्। — डा. जे. एस. स्टेवार्ट*

*आँसुविहीन हृदयहरू कहिल्यै पनि ख्रीष्टको पीडाका सन्देशवाहक बन्न सक्दैनन्। — डा. जे. एच. जोवेट*

*ओ ! एउटा बोझले थिचिएको हृदयको लागि !*
*प्रार्थनाको जोसले भरिपूर्ण हृदयको लागि !*
*ओ ! मेरो अन्तरात्मामा एक हलचलको लागि;*
*ओ ! हरेक दिन उहाँको शक्तिको लागि।ओ !*
*मेरो मुक्तिदाताको जस्तो हृदयको लागि,*
*जो वेदनामा परेर पनि प्रार्थना गर्नुभयो।*
*अरूका लागि यति धेरै फिक्री, प्रभु, मलाई दिनुहोस्;*
*मेरो हृदयमा तिनीहरूको बोझ राखिदिनुहोस्।*
*मेरो पिता, म यो जोसको चाहना गर्छु,*
*हराएकाहरूका लागि आफैँलाई अर्पण गर्न—*
*अरूलाई बचाउन आफ्नो जीवन त्याग्न,*
*'जुनसुकै मूल्य किन नहोस्' भनेर प्रार्थना गर्न।*
*प्रभु, मलाई सिकाउनुहोस्, ओ, यो रहस्य सिकाउनुहोस्,*
*म यो पाठ सिक्न भोकाएको छु, अरूका लागि यो तीव्र जोस,*
*यसका लागि, धन्य येशू, म तड्पिएको छु।*
*पिता, म यो पाठ तपाईंबाटै चाहन्छु—*
*ओ, तपाईंको आत्माले मलाई यो प्रकट गरिदेओस्।*

*— मेरी वारबर्टन बुथ*

# अध्याय - १५

## ख्रीष्टको निम्ति छाप लगाइएका !

एउटा दृष्टिकोणले सबै मानिसहरू एक–अर्काको निम्ति अपरिचित नै हुन्छन्। साथीहरूले पनि एक–अर्कालाई पूर्ण रूपमा चिनेका हुँदैनन्। एउटा मानिसलाई चिन्नको लागि, उसलाई त्यो ठाउँमा ल्याउन उसको वंश र परिस्थितिले पारेको प्रभाव साथै उसको अनगिन्ती नैतिक निर्णयहरू यी सबैको बारेमा बुझ्न परेको हुन्छ। हामीले एक–अर्कालाई नचिने तापनि एउटा मानिसको जीवनको यात्रालाई विशेष गरी उसलाई प्रेरित गरेको महान् शक्तिलाई अध्ययन गर्दा त्यसले कुनै बेला प्रशस्त इनाम दिन्छ। उदाहरणको लागि पावल भन्ने तर्सिसको शाउलको जीवनलाई प्रेरित गरेको ख्रीष्टको जीवनको शक्तिलाई हामीले अनुभव गर्न पाए, र "म मेरो शरीरमा प्रभु येशूका दागहरू लिएर हिँड्छु।" (गलाती ६:१७ख KJV) भन्ने उनको शब्दमा भएको गहिराइको थोरै भागलाई मात्र नाप्न सके, त्यसले तपाईं र मेरो जीवनमा कति ठूलो लाभ ल्याउँछ होला।

पावलको यी भनाइमा एउटा कुरा पक्का हो, कि त्यसले ख्रीष्टको स्वामित्वलाई स्वीकार गर्दछ। पावलको शरीर, प्राण र आत्मा यी सबै प्रभु येशूको थियो। उनी *ख्रीष्टको छाप लगाइएका* थिए। पावलले आफ्नो शरीरमा ख्रीष्टका पाँच वटा चोटहरू बोकेको दाबी गर्दा उनले आस्सीसीको सन्त फ्रान्सिस् जसरी शरीरका चोटहरूको कुरा गर्नुभएन। पावलले बताएको बाहिरी अनुकरण होइन, तर भित्री मनुष्यत्वलाई क्रूसमा टाँगेर आत्मिक रूपमा ख्रीष्टको अनुकरण गर्नु हो। उनी "ख्रीष्टसँगै क्रूसमा टाँगिएका थिए" (गलाती २:२०)।

पावलको भित्री मनुष्यत्व क्रूसमा टाँगिएकाले भएका दागहरू स्पष्ट देखिन्थे। पहिलो कुरा, *सेवाप्रति भएको उनको समर्पणमा ख्रीष्टको छाप देखियो।* पुराना समयहरूदेखि विश्वास गर्दै आएअनुसार पावल चार फुट ६ इन्चका थिए, त्यस्तै हो भने उनी सबैभन्दा पुड्को मानिस हुनुपर्थ्यो।

तर उनी हिँडाइमा, प्रार्थनामा र जोसमा आफ्ना सबै समकक्षीहरूभन्दा अगाडि थिए। उनको ढालमा, "म एउटा काम गर्दछु" भन्ने शब्दहरू कुँदिएका थिए। अन्य मानिसहरूले गर्व गर्ने सबै कुराहरूको अगाडि उनी अन्धा थिए।

आफ्नो शक्तिशाली कलमद्वारा आल्प्स पर्वतहरूको सुन्दरताको बारेमा लेख्नुको सट्टामा दिनभरि महान् ग्रन्थ "इन्स्टिच्युट्स" लेख्न बसेकोले जोन क्याल्भिनले निन्दा पूर्ण भनाइहरू भोग्नु परेको थियो। मानिसको अजम्मरी प्राण बाहेक वरिपरि भएका अरू कुनै सुन्दरतालाई देख्न नसकेकोमा पास्कलले तितो आलोचनाहरूलाई भोग्नु परेको थियो। त्यसरी नै ग्रीसको कला अथवा रोममा भएको पैन्थियन मन्दिरको महिमाको बारेमा पावलले एक शब्द पनि नलेख्दा तिनलाई पनि त्यसरी नै तितोपनसहित आलोचना गरिन्छ होला। उनी परमप्रभुका निम्ति छुट्ट्याइएका थिए।

तर्कमा जित्नुपर्छ भन्ने शारीरिक इच्छाको लागि दैनिक मर्ने पावलले अरियोपागस डाँडामा एथेन्सका मानिसहरूसँग भएको मतभेदपछि सांसारिक ज्ञानलाई निन्दा गरे। उनको काम केवल आफ्नो विचार बुझाउनु मात्र थिएन, तर नरकको सेनामाथि विजय पाउनु थियो!

कुनै एक ठाउँमा (अरेबिया हुने सम्भावना बढी छ) पावलको व्यक्तित्वमा परिवर्तन आयो। त्यसपछि उनी कहिल्यै पतन भएको मानिसको सूचीमा परेनन्। उनी अगाडि बढ्नु भन्ने कुराले अति नै भरिएका थिए। "बरालिने स्वभाव भएको मानिस म, प्रभु यो कुरालाई महसुस गर्छु" भन्ने गीत मण्डलीमा गाएको उनले सुनेका भए, उनको धार्मिक प्राणलाई त्यसले अति नै दुःखित तुल्याउँथ्यो। प्रायोजन नगरेको, स्वागत नगरेको, प्रेम नगरेको – यी सबै कुराहरूले पावललाई केही असर पारेन। सांसारिक आदर भन्ने रत्नहरूको अगाडि अन्धो भएर, आरामदायी जीवनका आवाजहरू अगाडि बहिरो भएर र सांसारिक सफलता भन्ने मोह अगाडि मुर्दा भएर तिनी अगाडि बढी रहे।

दोस्रो कुरा, *ख्रीष्टको छाप पावलको नम्रतामा देखियो*। परमेश्वरले दिएको यो वस्त्रलाई किराले खान सक्दैन। तिनले कहिल्यै नम्रताद्वारा प्रशंसाको खोजी गरेनन्, तर पापीहरूको लामो सूचीमा आफैलाई पहिलो स्थानमा



कोर्रा सहँदै पावल

राखे, (जुन सूचीमा हामीले तिनलाई अन्तिममा राख्छौँ)। बेलायतमा भएको वेल्सको एक जना सन्तले भन्नुभयो: "तिमीले हिब्रू, ग्रिक र ल्याटिन भाषा जानेका छौ भने, त्यसलाई पिलातसले गरे झैँ ख्रीष्टको शिरमाथि नराख, तर उनको पाउदानमा राख।" पावल भन्नुहुन्छ: "जति कुरा मेरा निम्ति लाभदायक थिए, ती त मैले ख्रीष्टको खातिर हानि नै ठानेँ"।

नम्रता भन्ने गुण कति आराम ल्याउने कुरा– गुमाउन केही नभएकोमा हुने महान् आनन्द! आफ्नो बारेमा कुनै उच्च धारणा नबोक्दा पावल लड्छु भनी कहिल्यै डराएनन्। उनी हिब्रू पाठशालाको प्रधान बनेर प्रचुर मात्रामा सिँगारिएको वस्त्र लगाएर गर्वसाथ हिँड्न सक्थे। तर नम्र र शान्त आत्माको अविनाशी सिँगारमा उनी अझ बढी प्रकाशसहित चम्केका थिए।

तेस्रो, *ख्रीष्टको छाप पावलको सतावटमा देखियो*। तिनले रोमी आठ अध्यायमा बताएका कुराहरूलाई ध्यान दिऊँ: अनिकाल, खतरा, नग्नता र तरबार(यी कुराहरू शरीरमा अति नै बढी पीडा ल्याउने कुराहरू), सङ्कष्ट(मनसम्बन्धी कुरा हुन सक्छ), क्लेश र सतावट (आत्मा सम्बन्धित कुरा), यी सबै कुराहरूलाई यो सानो सेवकले भोग्नुभयो।

यो घुमी हिँड्ने यहूदीले परमेश्वर र मानिसहरूसँग लड्ने सबै थोकसँग युद्ध गरे। यो प्रचारकहरूको राजकुमार आफ्नो शत्रु संसारको राजकुमार (शासक) शैतानसँगको लडन्तमा मुक्काबाजी गर्दा दुवैले हिर्काउने ठाउँ बाँकी राखेनन्। त्यो एउटा सबैको लागि खुला भएको र नियमविनाको कुस्ती थियो।

पावललाई ध्यानसित हेर्नुहोस्! त्यो शिथिल मुहार, अनि खतले भरिएको शरीर, भोकमरीले सताएर, उपवासले थिचिएर, कोर्राले जोतिएर दुब्लाएको त्यो रूप; लुस्त्रामा क्रूर रूपमा ढुङ्गाले हानिएको त्यो सानो शरीर; भू–मध्य सागरको नुनिलो पानीमा छत्तिस घण्टासम्म डुबेर गलाएको त्यो छाला! यी सबैसँग खतराहरूलाई जोड्नुहोस्; एक्लोपनहरूलाई थप्नुहोस्; एक सय पन्चानब्बे कोर्राहरू, तीनपल्ट जहाज ध्वस्त भएको यात्रा, तीनपल्टको लौरोको पिटाइ, ढुङ्गाले हानिएको, झ्यालखाना र मृत्यु; यति धेरै छन् कि गन्न पनि सकिँदैन।

यद्यपि यी सबै कुरालाई 'खास केही होइन' भनी भनिदिनुपर्ने! किनभने पावल आफैले यी सबै कुरालाई केही होइन भनी भने; उनको कुरा सुन्नुहोस्: "हाम्रो हलुका र क्षणभरको कष्ट ...." तपाईंलाई लाग्न सक्छ, यसरी भन्नुचाहिँ सतावटलाई अपहेलन गर्नु हो।

चौथो, *ख्रीष्टको छाप पावलमा भएको जोसमा देखियो ।* आफ्नो गवाहीको साक्षी दिन पवित्र आत्मालाई बोलाउन सक्नको लागि, एउटा मानिस परमेश्वरको इच्छाको मध्य भागमा रहेर अनुशासनको डोरीमा हिँड्नुपर्ने हुन्छ। पावलले यो कामलाई रोमी नौ अध्यायको एक पदमा गरे।

ओहो, अहिलेको हरेक प्रचारकले यो अचम्मको ज्वालाबाट थोरै ज्योति लिए हुन्थ्यो! कुटाइहरूले ज्वालालाई निभाउन सकेन; उपवास र भोकमरीले मार्न सकेन, न त आफूप्रति अरूले बोक्ने गलत बुझाइ अथवा गलत धारणाले त्यो आगोलाई निभाउन सक्यो; पानीले डुबाउन सकेन, झ्यालखानाले फुटाउन सकेन; जोखिमले त्यसको उन्नतिलाई रोक्न सकेन। उनको शरीरबाट जीवन ननिस्कुन्जेल त्यो बलियो रूपमा बली रह्यो।

जिउँदो परमेश्वर पावलभित्र हुनुहुन्थ्यो(गलाती २:२०), यो कुरा मानिसको प्राणप्रतिको पावलको जोसमा देखा पर्‍यो। उनले तुरुन्तै नरकलाई निराश तुल्याए, मण्डलीलाई विस्तार गर्न खाँबोको टुप्पा बने, र उद्धारकर्ताको हृदयको लागि हर्ष भए (जसले आफ्नो प्राणको वेदना देख्नुभयो र सन्तुष्ट हुनुभयो)।

पाँचौं, *ख्रीष्टको चिन्ह पावलको जीवनमा भएको प्रेममा देखियो ।* पावलले "ख्रीष्टमा मानिस" भन्ने कुरालाई अनुभव गर्ने बित्तिकै उनमा प्रेम विकास भयो। परिपक्वलाई मात्र प्रेम थाहा हुन्छ। पावलको प्रेम कति असल थियो! पहिलो र अत्यधिक रूपमा उनले प्रभुलाई प्रेम गरे। त्यसपछि मानिसहरूलाई, शत्रुहरूलाई, कठिनाइहरूलाई र प्राणका वेदनाहरूलाई पनि प्रेम गरे। विशेष गरी यो प्राणको वेदनालाई उनले बढी प्रेम गरेको हुनुपर्ने नत्र ता उनी प्रार्थना गर्न तर्किन्थे होला। उनको त्यो प्रेमले नै उनलाई हराएको र तुच्छ ठानिएकाहरूकहाँ पुर्‍यायो। कति फराकिलो प्रेम! बुद्धिमान्हरूले भरिएको अरियोपागस, रीति-थितिमा भुलिएको सभाघरहरू र उडन्ता मानिसहरू रहने बजारहरू यी सबै ठाउँका

मानिसहरूलाई आफ्नो प्रभुको निम्ति खोजी हिँडे। एउटा महान् शक्ति दिने यन्त्र जस्तै प्रेमले तिनलाई परमेश्वरको लागि महान् काम गर्न धकेली रह्यो। यो मानिसले प्रार्थना गरेझैँ प्रार्थना गरेकाहरू धेरै छैनन्। मेक्चेइन, जोन फ्लेच्चर र शक्तिशाली ब्राइनेर्ड र थोरै अरू मानिसहरूले यो प्राण र शरीरलाई नियन्त्रित तुल्याएर गरिने प्रेमद्वारा प्रेरित अन्तर्बिन्ती भन्ने कुराको बारेमा केही थाहा पाउनुभएको हुन सक्छ।

मेरचलको यो महान् गीतलाई हामीले गाउँदा एकपल्ट म उनकै छेउमा उभिइएको सम्झना मलाई छ।

*"हराएकाहरूलाई खोज्न जान*
*मलाई बाँध्ने एउटा प्रेम छ*
*हे प्रभु, मेरो सबै तपाईँलाई दिन्छु*
*मानिसहरूको उद्धार गर्न,*
*जस्तोसुकै मूल्य चुकाएर पनि !"*

यो एउटा सुन्दर भावनापूर्ण भनाइ होइन। यो कुराले तिनलाई झ्यालखाना, दरिद्रता, पीडा र एक्लोपनमा पुऱ्यायो।

चार्ल्स वेस्लीको उत्कटता उहाँको यो भनाइमा देखिन्छ, "पृथ्वीमा म अरू केही चाहँदिनँ, मेरो हृदयमा तपाईंको शुद्ध प्रेम बाहेक!" एमी कारमाइकलले एउटा हृदयस्पर्शी प्रार्थना गर्नुभयो, "मलाई प्रेम दिनुहोस्, जसले बाटो देखाउँछ, र विश्वास, जुनचाहिँ केही कुराको अगाडि डराउँदैन!" यी पुरुष र स्त्रीहरू प्राण जित्नुमा साँच्ची नै प्रेरितहरूको बाटोमा हिँडिरहेका थिए।

प्राण जित्नुमा महान् काम गरेकाहरू सधैँ नै मानिसहरूको प्राणलाई अति नै प्रेम गरेकाहरू नै थिए। सबै साना प्रेमहरूलाई महान् प्रेमले जित्छ। आफ्नो प्राणलाई प्रेम गर्नेप्रति भएको तिनीहरूको महान् प्रेमले तिनीहरूलाई आँसु, वेदना र विजयमा पुऱ्यायो। यो दुष्ट समयमा हामी थोरै मात्र प्रेम गर्न आँट गर्ने हो त?

*"विचार र काम दुवैमा तपाईँलाई प्रेम गर्न सकूँ*

*त्यसद्वारा नै म सिद्ध जीवन जिएर तपाईँलाई प्रसन्न पार्न सक्छु।*
*प्रेमले सबै परीक्षाहरूलाई नरम तुल्याउँछ*
*प्रेमले सबै भारीहरूलाई हलुका तुल्याउँछ;*
*प्रेमले विनाप्रश्न पछ्याउँछ,*
*प्रेमले जित्छ, प्रेमले आँट्छ!" — अज्ञात*

आफ्नो इच्छाविना नै एक दिन करोडौँहरूले ख्रीष्ट विरोधीको छाप लिनेछन्। के हामीले आफ्नो शरीरमा, प्राण र आत्मामा आफ्नो मालिक येशूको छाप बोक्न तर्किने हो त? छाप लिनु पीडाकर हुन्छ। के हामी त्यो चाहन्छौँ? छाप लिनु नोकरको स्थानमा निन्दा भोग्नु हो। के हामी ख्रीष्ट येशूको छाप लिन तयार छौँ?

*किनकि सुसमाचारद्वारा ख्रीष्ट येशूमा म तिमीहरूका पिता बनेँ। - पावल*

*हे भाइ, प्रार्थना गर; शैतानको विरोधका बाबजुद पनि प्रार्थना गर; प्रार्थनामा घण्टौँ बिताउ; प्रार्थना नगर्नु भन्दा बरु मित्रहरूलाई बेवास्ता गर; प्रार्थना नगर्नु भन्दा बरु उपवास बस, र बिहानको खाजा, दिउँसोको भोजन, चियापान र रातीको भोजन—र निद्रा पनि—छोडिदेऊ। हामीले प्रार्थनाको बारेमा कुरा मात्र गर्नुहुँदैन, हामीले पूर्ण गम्भीरताका साथ प्रार्थना गर्नुपर्छ। प्रभु नजिक हुनुहुन्छ। कन्याहरू निदाइरहेको बेला उहाँ सुटुक्क आउनुहुन्छ। — एन्ड्रयु ए. बोनार*

***सात वर्ष लागेको थियो:***

*केरीले भारतमा पहिलो बप्तिस्मा दिनको लागि।*

*जड्सनले बर्मामा पहिलो चेला पाउनको लागि।*

*मोरिसनको परिश्रमले चीनमा पहिलो फल पाउनको लागि।*

*मोफटले अफ्रिकाको बेचुआन जातिका मानिसहरूमा पवित्र आत्माको काम देख्नको लागि।*

*हेन्ड्रि रिचार्डले बान्सा मान्टेकामा पहिलो मानिसलाई उद्धारमा डोऱ्याउनको लागि।*

*— ए. जे. गोर्डन*

*प्रार्थना प्राणको रगत हो। — जर्ज हेर्बेर्ट*

# अध्याय - १६

## "मलाई सन्तान दिनुहोस्, नत्र म मर्छु"

यो बिग्रेको पुस्तामाथि नरकको बाढीको ढोकाहरू खोलिएका छन्, यसैले जागृति अत्यावश्यक कुरा भएको छ। हामीलाई जागृति चाहिन्छ ('चाहिन्छ' भनी भन्छौँ पनि)। यद्यपि अहिलेका चिप्ला र सतही सन्तहरूले स्वर्ग खोलिएर जागृति जुवा घरको(क्यासिनो) यन्त्रद्वारा आएका चाहन्छन्। यो समयद्वारा चल्ने धार्मिक यन्त्रसँग मिल्ने गरी परमेश्वरले आफ्नो महिमित सामर्थ्यलाई यान्त्रिक बनाउनुभएको छैन।

एक जना पास्टरले मलाई भन्नुभयो, "हेब्रिडीजमा जसरी हामीकहाँ पनि जागृति आएको चाहन्छौँ।" तर मेरो प्रिय सेवक, हेब्रिडीजमा जागृति चाहना बोकेकाले आएको होइन! स्वर्ग खोलियो, परमेश्वरको महान् शक्तिले ती टापुहरूलाई हल्लायो, किनभने धूलो समान भएको परमेश्वरका कमजोर छोराछोरीले उपवासको घोषणा गरे, समर्पित भएर सभाहरूमा भेला भए, र आँसुले भिजिएर थकित भएर पीडासहित जिउँदो परमेश्वरको सिंहासन अघि पर्खिरहे। आफ्नो प्रिय पुत्रलाई गर्भमा राख्न सक्ने कन्यालाई खोजेको परमेश्वरले ती प्राणहरूमा जलिरहने दर्शन र बलिरहने तृष्णाको कन्यापन पाउनुभयो। त्यो प्रार्थना गर्नुमा तिनीहरूको बीचमा कुनै दुई वटा उद्देश्य थिएन। असफल हुँदै गइरहेको सम्प्रदायलाई बचाउने उद्देश्यमा गरेका बिन्ती ती थिएनन्। उनीहरूको एक मात्र चाहना परमेश्वरको महिमा थियो। आफूभन्दा अगाडि बढिरहेको अर्को समूहप्रतिको डाहा तिनीहरूमा थिएन, तर परमप्रभुको लागि डाही भएका थिए, जसको महिमा माटोमा थियो, "जसको घरका पर्खालहरू भत्काइएको थियो र जसको मूल ढोकाहरू आगोले नष्ट पारिएका थिए।"

गहिरो विचारसित काम गर्ने पवित्र आत्मालाई खिच्न एउटा मण्डली बाइबलीय वचनको गहिराइमा पुगेर मात्र हुँदैन। प्रियहरू, विश्वमा हजारौँ त्यस्ता समूहहरू छन्। एउटा अठार वर्षको केटा वा केटीले बच्चा

जन्माउन शारीरिक रूपमा तयार छन् होला, कानुनी रूपमा विवाह पनि हुन्छ होला। तर त्यस्ता भएकोले मात्र तिनीहरूले बच्चा पाउन गइरहेका छन् भनी भन्न सक्छ त? सबै खर्चहरूलाई धान्न सक्ने आर्थिक स्रोत तिनीहरूसँग हुन्छ त? बच्चालाई हुर्काउनुपर्ने तरिकाले हुर्काउन मानसिक परिपक्वता तिनीहरूमा हुन्छ त? यस्ता बाइबलीय (वचनमा गहिरो ज्ञान भएको) मण्डलीहरूमा जागृति एकै हप्तामा मर्छ, किनभने त्यसलाई वास्ता गर्ने आमाहरू इस्राएलमा(मण्डलीमा) कहाँ छन्? हाम्रा विश्वासीहरूमा कति जनाले एउटा प्राणलाई अन्धकारबाट ज्योतिमा लान सक्छन्? यस्ता मण्डलीहरूको अहिलेको अवस्थामा नयाँ आत्माहरूको जन्म हुनु, नव-बालकलाई चिसो पार्ने यन्त्रभित्र (फ्रीजर) हाल्नुको समान हुन्छ भनी भन्नु सही हुन्छ!

बच्चा जन्मनुभन्दा अगाडि महिनौँहरू बोझ र पीडा सहनु परेको हुन्छ; आत्मिक बच्चा जन्माउने कुरामा पनि त्यसरी नै हो। येशूले मण्डलीको लागि प्रार्थना गर्नुभयो, तर त्यो आत्मिक रूपमा जन्मिनको लागि आफैलाई क्रूसमा मर्न दिनुभयो। पावलले मण्डलीको निम्ति दिनरात जोसको साथ प्रार्थना गरे; साथै पापीहरूको लागि *प्रसवपीडा* भोगे। प्रसवपीडामा भइसकेपछि मात्र सियोनले जन्माइन्। हरेक हप्ता प्रचारकले, "तिमी नयाँ गरी जन्मिनुपर्छ" भनी चिच्याए तापनि कतिले पावलको साथ यसो भन्न सक्छन्, "किनकि ख्रीष्टमा तिमीहरूका दस हजार तालिम दिनेहरू भए तापनि तिमीहरूका धेरै बुवाहरूचाहिँ छैनन्; किनकि सुसमाचारद्वारा ख्रीष्ट येशूमा मैले तिमीहरूलाई जन्माएको हुँ"(KJV)? तिनी विश्वासमा तिनीहरूका पिता भए। आफूले तिनीहरूको निम्ति प्रार्थना गरेँ भनी तिनले भनेनन्, तर तिनीहरूको निम्ति आफू प्रसवपीडामा भएको कुरा बताए। गएको शताब्दीको जन्मदर, आत्मिक जन्मदरको बराबर भएको भए, मानव जाति झन्डै लोप भइसकेको हुन्थ्यो होला। हामी भन्छौँ, "इसाई जीवन जिउनको लागि प्रार्थना गर्नुपर्छ", तर सत्यचाहिँ हामीले प्रार्थना गर्नको लागि नै इसाई जीवन जिउनुपर्छ। "तिमीहरू ममा रह्यौ भने..... तिमीहरूले माग्ने छौ" (अर्थात् प्रार्थना गर्नेछौ)। मलाई थाहा छ "माग्नु" भन्ने शब्दमा आफ्नो प्रिय जनहरूको उद्धारको लागि प्रार्थना गर्नु भन्ने कुरा पनि समावेश हुन्छ, तर प्रार्थना माग्नुभन्दा अझै माथिको कुरा हो। प्रार्थना, पवित्र आत्माले हामीभित्र र

बाहिर पूर्ण रूपमा काम गर्न सक्ने गरी आफूलाई पवित्र आत्माको अधीनतामुनि लाने कुरा हो। उत्पत्ति एक अध्यायमा जीवन भएको हरेक थोकहरूले आ–आफ्नो किसिमका थोकहरू ल्यायो, त्यस्तै हो भने नयाँ गरी जन्मेको हरेक प्राणले अरूलाई नयाँ गरी जन्मिने ठाउँमा पुऱ्याउनु परेन त?

हामी सुसमाचार प्रचारकहरू धेरै श्रेय पाउँछौँ, र धेरैपल्ट जे हाम्रो हुँदै होइन त्यो पनि लिन्छौँ। एक जना आयरल्यान्डकी स्त्रीले, जसले घन्टौँ प्रार्थना गर्छिन्, मजस्तै दयनीय भकभकेको लागि दैनिक प्रार्थना गरिन्। अरूले मलाई भन्छन्, "तपाईंको लागि परमेश्वरलाई नपक्रीकन एक दिन पनि बितेको छैन।" यिनीहरूले धेरैलाई जन्माए, जसको श्रेय मलाई दिएको छ, तर मैले धेरैपल्ट एउटा सुँडेनीको काम मात्र गरेको छु। न्यायको दिनमा धेरै इनामहरू हामीले नचिनेका चेलाहरूलाई दिएको देख्दा हामी छक्क पर्नेछौँ। कुनै बेला मलाई लाग्छ कि हामी प्रचारकहरू, जो समाजमा प्रख्यात हुन्छौँ, सबैभन्दा कम इनाम पाउनेहरूमध्ये हुनेछौँ। उदाहरणको लागि म कुनै मानिसहरूलाई चिन्छु, जसले आफूले बीस वर्षभन्दा अगाडि गरेको प्रचारलाई अहिले पनि गर्छन्, जुन कुराले जीवन ल्याउनै छोडिसकेको हुन्छ। ती प्रचारकहरूले प्रार्थना गर्ने गर्थे; एक जनाले कुनै समय अघि यो कुरालाई स्वीकार गर्दै मलाई भन्नुभयो, "होइन, आजकल मैले पहिले प्रार्थना गरे जसरी गर्दिनँ, तर हाम्रो प्रिय प्रभु बुझ्ने हुनुहुन्छ।" हो, उहाँ बुझ्नुहुन्छ, तर हामी उहाँले चाहेको भन्दा बढी व्यस्त भएको कुरामा उहाँ क्षमा दिनुहुन्न।

यो सत्य हो कि अहिले विज्ञानले बच्चा जन्माउँदा हुने पीडालाई घटाएको छ, तर गर्भमा बच्चा हुर्किन चाहिने त्यो महिनाँहरूको अवधिलाई छोटो पार्न विज्ञानले सक्दैन। त्यसरी नै हामी प्रचारकहरूले पनि उद्धारको लागि अथवा पवित्र आत्माको अभिषेकको लागि मानिसहरूलाई अगाडि ल्याउने कुरामा सजिलो तरिकाहरू पत्ता लगाइसक्यौँ। उद्धारको लागि मानिसहरूले हात उठाउँदा पुग्यो, एकै छिनमा काम सिद्धियो; वेदीको अगाडि हुनै पर्ने वेदना सबै हटाइसक्यौँ। पवित्र आत्मामा भरिनको लागि मानिसहरूलाई भनिन्छ, "प्रचारकले प्रार्थना गर्दा तपाईं जहाँ उभिनुभएको छ त्यहाँ नै उभिनुहोस्, तपाईं

भरिनुहुन्छ।" कति सर्माउनुपर्ने कुरा! भाइ हो, अद्‌भुत काम हुनुभन्दा अगाडि *साँचो* जागृति र नयाँ जन्मले अहिले पनि प्रसवपीडाको माग राख्छ।

नानी जन्माउनुले जसरी आमाको शरीरको रूपलाई असर पार्छ, त्यसरी नै गर्भमा हुर्किरहेको जागृतिको शरीर, र प्राणको पीडाले मण्डलीको रूपलाई असर पार्छ। आमा हुन लागेकी स्त्री जन्माउने समय नजिक हुँदै गर्दा बढी थकित हुन्छिन्(बढी रातका समयहरूलाई अनिद्रा र आँसुमा बिताउँछिन्); त्यसरी नै पवित्रस्थानका दियोहरू मध्य रातको तेलले बलिरहोस्, र अन्तर्बिन्ती कर्ताहरूले आफ्ना प्राणलाई देशको अधर्मको निम्ति खन्याऊन्। आमा हुन लागेकी स्त्रीले भोजनतिरको इच्छालाई पनि बारम्बार गुमाउँछिन्, र जन्मिन लागेको बच्चाको भलाइको निम्ति कति वटा कुराहरूलाई त्याग्छिन्; त्यसरी नै मण्डलीको बाँझो अवस्था देखेर सर्माउने विश्वासीहरूले भोजनलाई त्यागेर भस्म पार्ने प्रेमले परमप्रभुको उपस्थितिमा शान्त रूपमा लडिरहन्छन्। आफ्नो समय नजिकिँदै जाँदा जसरी गर्भवती स्त्रीले समाजको दृष्टिबाट आफैलाई लुकाउँछिन्(अथवा लुकाउने चलन थियो), त्यसरी नै प्राणको वेदनामा भएकाहरूले पनि प्रसिद्धिबाट लुकेर पवित्र परमेश्वरको मुहारलाई खोज्छन्।

याकूबले लेआलाई भन्दा राहेललाई बढी प्रेम गर्थे भन्ने कुरा स्पष्ट देखिन्छ, तर स्त्रीहरूको आनन्द लेआमा थियो, किनभने तिनी बच्चाहरूकी आमा थिइन्। याकूबले राहेलको लागि चौध वर्ष सेवा गरे, तर त्यो सुन्दर समर्पणले बाँझी भएकी राहेललाई सान्त्वना दिन सकेन। विनाशङ्का भन्न सक्छ कि याकूबले त्यो समयको चलनअनुसार नै राहेललाई धेरै गहनाहरू दिएर आफ्नो प्रेमलाई प्रमाणित गरे; तर यो बाहिरी तुच्छ थोकहरूले तिनलाई सान्त्वना दिएनन्। राहेल सुन्दरी थिइन्, तर बच्चा जन्माउनु भन्ने कुराको स्थानलाई सुन्दरताले लिन सकेन। लेआको काखमा हाँसी रहने चार जना बच्चाहरू थिए, तर बाँझी राहेललाई पुरुषहरूले खिसी गरे, र स्त्रीहरूले मुख लेप्र्याए। आँखाहरू रातो भएर, कपाल झुम्लुङ्ग छोडेर, विलाप गर्दा–गर्दा सुकेको स्वरसहित आफ्नो बाँझी अवस्थाको बारेमा चिन्तित भएर, हेलाले आशा गुमाएर याकूबको अघि आएर, "मलाई सन्तान दिनुहोस्, नत्र म मर्छु!"(उत्पत्ति



"मलाई सन्तान दिनुहोस्, नत्र म मर्छु"

३०:१ KJV) भनी चिच्याएको राहेलको अवस्थालाई म कल्पना गर्न सक्छु। त्यो चिच्च्याहटले तरबारले शरीरलाई चिरे जसरी याकूबको मुटु चिऱ्यो।

आत्मिक कुराहरूसँग यसलाई तुलना गर्नुपर्दा तिनको प्रार्थना नियमित थिएन, तर गहिरो निराशपनबाट आएको थियो, किनभने तिनी दुःखले पीडित भएकी थिइन्, शर्मले मूर्च्छा परेकी थिइन्, र बाँझो अवस्थाले थिचिएकी थिइन्। प्रचारक, यदि तपाईंको प्राण बाँझो छ भने, यदि तपाईंको आँखामा आँसु छैन भने, यदि वेदीमा नयाँ प्राणहरू छैन भने, आफ्नो प्रसिद्धिमा सान्त्वना नलिनुहोस्, आफ्नो उपाधि अथवा आफूले लेखेको किताब, यी कुराहरूको सान्त्वनालाई इन्कार गर्नुहोस्। इमानदारी र जोससहित पवित्र आत्मालाई आत्मिक रूपमा बच्चा जन्माउन नसकेकोमा, तपाईंको हृदयलाई दुःखले भरिदिन निम्त्याउनुहोस्। हाय! त्यो बाँझो वेदीहरूको शर्म! कोक्रो खाली हुँदा–हुँदै पवित्र आत्मा हाम्रा वाद्य–वादनहरूमा, कार्पेटहरूमा र सजावटमा रमाउनुहुन्छ त? कदापि होइन! मृत्यु घर जस्तै भएको पवित्रस्थानहरूको सुनसान अवस्थालाई नयाँ जन्मेका बच्चाहरूको आशिष्मय चिच्च्याइले तोड्नुपर्छ।

जागृतिको लागि कुनै ढाँचा छैन। सबै बच्चाहरू एउटै प्रक्रियाद्वारा जन्मिँदा पनि सबै फरक र नयाँ देख्छन्। बाँझो अवस्थाले गर्दा हुने प्राणको वेदना, लामो प्रार्थना र बोझ भन्ने त्यही प्रक्रियाद्वारा नै हरेक समयमा जागृति आएको थियो, यद्यपि ती जागृतिहरू आफैमा कति भिन्न थिए!

जोनाथन एड्वड्र्सलाई मण्डलीमा विश्वासीहरूको खाँचो थिएन, र आर्थिक समस्याहरू पनि थिएन, तर आत्मिक निष्क्रियताले तिनलाई सतायो। बाँझोपनाको दागले उनका घुँडाहरूलाई बाँध्यो, र आत्मा र प्राणलाई दुःखित तुल्यायो, कि तिनले पवित्र आत्मा आफूमाथि नआउन्जेल विलाप गर्दै अनुग्रहको सिंहासनलाई पक्रिरहे। तिनको विजय ल्याएको त्यो प्रार्थनाको उत्तरको बारेमा मण्डली र संसारलाई थाहा छ। तिनले गरेका भाकलहरू, बगाएका आँसु र रुवाइहरू यी सबै परमेश्वरको इतिहासको किताबमा लेखिएका छन्। एड्वड्र्स, जिन्जेन्डोर्फ (Zinzendorf), वेस्लीजस्ताहरू आत्मिक रूपमा एउटै सन्तानका थिए।

यिनीहरूले आफ्नो वंशाणुगत इज्जतलाई तुच्छ ठाने र पवित्र आत्माको स्वीकृतिको छाप खोजी गरे।

राजनीतिक र सैनिक इतिहासहरू एक्लो व्यक्तिहरूमाथि बनिएका हुन्छन्। कुनै शक्तिलाई साथमा लिएर आफ्नो जीवनलाई नै दिएर संसारलाई काम्न लगाएका व्यक्तिहरूको नाम इतिहासभरि छरिएको छ। त्यो कुटिल प्रतिभा भएको हिट्लरलाई सम्झनुहोस्। तिनले जितेका राजाहरू कति थिए! कति सरकारहरूलाई तिनले काम्न लगाए! लाखौँ चिहानहरूलाई भरे! हाम्रो पुस्ताको लागि दश वटा महामारीभन्दा पनि तिनी ठूलो सास्ती थिए। हिट्लरलाई एउटा काम गर्नुपरेको थियो, र तिनले त्यो गरे। धर्मशास्त्रले बताउँछ, अन्तिम दिनहरूमा दुष्ट मानिसहरू दुष्ट काम गर्छन्, "तर जुन मानिसहरूले *आफ्ना परमेश्वरलाई चिन्दछन्,* उनीहरू बलवान् हुनेछन्, र बहादुरी गर्नेछन्।" परमेश्वरको बारेमा गीत गाउनेहरू होइन, न त उहाँको बारेमा लेख्ने अथवा प्रचार गर्नेहरू, तर *परमेश्वरलाई चिन्नेहरू* बलवान् हुनेछन्, र बहादुरी गर्नेछन्। भोजनको बारेमा कुरा गर्दा हाम्रो पेट भर्दैन; बुद्धिको बारेमा कुरा गर्दा हामी ज्ञानी बन्दैनौँ, त्यसरी नै परमेश्वरको बारेमा कुरा गरेकाले पवित्र आत्माको शक्ति हामीभित्र छ भन्ने अर्थ लाग्दैन। मण्डलीमा शुद्धीकरण भएको समूह निवेदन र अन्तर्बिन्तीले थिचिएर घोप्टो पर्दा जागृति आउँछ भन्ने कुरालाई मनन गर्नु असल हुन्छ। त्यो समूहले झूटो धर्मले बाँधिएको पुस्ता र नाश भइरहेका लाखौँहरूलाई देख्छ; त्यसपछि तिनीहरू दिनहुँ, हप्तौँ र महिनौँ पवित्र आत्मा खन्याइनको लागि पर्खिरहन्छन्, र त्यसपछि स्वर्ग खोलिएर जागृतिको आशिष् बर्सिन्छ।

धर्मशास्त्रमा पाउने बाँझी स्त्रीहरूले नै उत्तम बच्चाहरू जन्माए। *सारा* जो नब्बे वर्षसम्म बाँझी थिइन्, इसहाकलाई जन्माइन्; "मलाई सन्तान दिनुहोस्, नत्र म मर्छु" भनी चिच्याएकी *राहेल*को प्रार्थनाको उत्तर आयो, र तिनले युसुफलाई जन्माइन्, जसले एउटा देशलाई नै छुटायो। *मानोहको बाँझी श्रीमती*ले शिमसोनलाई जन्माइन्, जो अर्को एउटा इस्राएलका उद्धारक भए। पवित्रस्थानमा रुँदै, भाकल गर्दै, प्रार्थना गर्दै, एलीको हप्काइलाई वास्ता नगरीकन आफ्नो प्राणलाई पोखाएकी *हन्ना*को पीडित प्राणले उत्तर स्वरूप शमूएललाई पायो, जो इस्राएलको भविष्यवक्ता बने।

बाँझी विधवा रुथले अनुग्रह प्राप्त गरिन्, र ओबेदलाई जन्माइन्, जसले यिशैलाई जन्म दिए, जो दाउदका बुवा थिए, जसको वंशमा हाम्रो उद्धारकर्ता ख्रीष्ट आउनुभयो। *एलिशिबा*को बारेमा कुरा गर्नुपर्दा वृद्ध भइसकेको तिनको गर्भबाट बप्तिस्मा दिने यूहन्ना जन्मे, जसको बारेमा येशूले भन्नुभयो, स्त्रीहरूबाट जन्मेकामध्ये महान् भविष्यवक्ता अरू कोही छैन। बाँझी अवस्थाको शर्मले यी स्त्रीहरूलाई दुःखित अवस्थामा नल्याएको भए कस्ता महान् व्यक्तिहरूलाई गुमाउनुपर्थ्यो।

गर्भमा भएको बच्चाले अचानक जीवन पाउने जसरी नै जागृति पनि हुन्छ। सोह्र शताब्दीमा नाक्सले राहेलको प्रार्थनाको देखासिकी गर्नुभयो, र रुनुभयो, "मलाई स्कटल्यान्ड दिनुहोस्, नत्र म मर्छु!" नाक्स मर्नुभयो, तर स्कटल्यान्ड जीवित रहुन्जेल नाक्स जीवित रहनुहुन्छ। मोराभिहरूको निष्फल, प्रेमहीन अवस्थाले दुःखित र शर्ममा परेको जिन्जेन्डोर्फ पवित्र आत्माद्वारा पग्लिनुभयो, र प्रेरित हुनुभयो; र *अचानक* जागृति सन् १७२७ अगस्ट १३ तारिख बुधवारको दिन बिहान एघार बजेतिर आयो। त्यति बेलादेखि मोराभिहरूको जागृति सुरु भयो, जुनद्वारा सुरु भएको एउटा प्रार्थना सभा सय वर्षसम्म सञ्चालन भइरह्यो। त्यो प्रार्थना सभाबाट सुरु भएको मिसन काम पृथ्वीको पल्लो छेउसम्म पुग्यो।

आजका मण्डलीहरूले जोससँग सुसमाचार फैलाउनु भन्ने कुरालाई गर्भधारण गर्नुपर्छ, तर तिनले फिका प्रचार-प्रसार लिएर बिन्ती गरिरहेकी छिन्। बच्चा जन्माउनु विज्ञानको सहायताले सजिलो भएको छ भन्ने कुरा पक्का हो, तर चिकित्सकहरूको प्रिय विज्ञानले बच्चा जन्माउन चाहिने त्यो नौ महिनाको अवधिलाई घटाउन सक्दैन। भाइहरू, हामी समय भन्ने तत्त्वद्वारा हराइएका छौँ। प्रचारक र मण्डलीहरू प्रार्थना गर्न नसक्ने गरी व्यस्त छन्, प्रभुले चाहेको भन्दा पनि बढी व्यस्त छन्। यदि हामीले परमेश्वरलाई समय दियौँ भने, उहाँले हामीलाई समयले नबाँधिने प्राणहरू दिनुहुन्छ। यदि हामीले आफ्नो प्राणको कमजोरपनलाई स्विकार्दै उहाँलाई पुकार्‍यौँ भने, उहाँले हाम्रो ज्योतिलाई मध्य दिनको ज्योति जस्तै पार्नुहुन्छ।

मण्डलीमा सल्लाहकारहरू एक थुप्रा छन्, तर विलाप गर्नेहरूचाहिँ खोइ? सहभागिताको बारेमा गर्व गर्ने मण्डलीहरूले आत्मिक जन्महरू

कहिल्यै नभएझैँ घटेको कुरा स्वीकार गर्नुपर्छ होला। परमेश्वरको राज्यलाई वृद्धि नगराईकनै हामीले हाम्रा मण्डलीहरूमा विश्वासीहरूको सङ्ख्यालाई बढाउन सकिन्छ। (म एउटा परिवारलाई चिन्छु, जुनमा भएका सबै नानीहरू धर्मपुत्र-पुत्रीहरू मात्र छन्। हामी धेरै प्रचारकहरूले जन्माउनुभन्दा धर्मपुत्रको रूपमा लिने काम बढी गर्छौं।) वृद्धिको शत्रु निष्क्रिय रहनु हो। हामी विश्वासीहरू बच्चा नजन्माएको बोझले दबिँदा र प्राणको बाँझो अवस्थाले दुःखित हुँदा त्यसपछि हामीले पवित्र भय र पवित्र जोससहित प्रार्थना गर्छौं, र पवित्र उर्वरताद्वारा जन्माउँछौँ। परमेश्वरको पसलमा "मूल्य घटाएर बिक्री गर्ने दिन (Discount Offer)" छैन, किनभने जागृतिको मूल्य सदाको लागि समान रहन्छ, त्योचाहिँ 'वेदनासहितको अन्तर्बिन्ती'।

साँच्ची नै यो बिग्रेको पुस्तामा जागृतिको आवश्यकता छ। निद्रामा परेको कसैले परमेश्वरको सार्वभौमिकतालाई कारण देखाएर, "उहाँले काम सुरु गर्दा जागृति आउँछ" भनी भन्छन् भन्ने कुरा मलाई पूर्ण रूपमा थाहा छ। यो अधुरो सत्य हो। ख्रीष्टलाई नपाएर एक मिनेटमा त्रियासी जना मरिरहेको कुरामा परमेश्वर प्रसन्न हुनुहुन्छ भनी तपाईं भन्नुहुन्छ? मानिसहरू नाश हुनु परमेश्वरको इच्छा हो भन्ने सिद्धान्तमा तपाईं पर्नुभयो? परमेश्वरले आफ्नो पाउ उचालेर आफ्ना शत्रुहरूलाई छरपस्ट पार्ने निर्णय गर्नुभयो भने शक्तिशाली जागृति आउँछ भनी भन्न तपाईं डराउनुहुन्न? कदापि होइन! मेरो लागि यो कुरा ईश्वर-निन्दा गर्नुभन्दा अलिकति मात्र कम हो। वचनको *आधा भाग*लाई मात्र उल्लेख गर्‍यौँ भने हामी बाइबललाई जे पनि बोल्न लगाउन सक्छौँ। उदाहरणको लागि "परमेश्वरले हामीले मागेका वा सोचेका सबै कुराभन्दा अत्यन्तै बढी गर्न सक्नुहुन्छ" भन्ने वचनको भागलाई मात्र लियौँ भने, "परमेश्वरले गर्न *सक्नुहुन्छ*, तर उहाँले गर्न वास्ता गर्नुभएको छैन" भन्ने अर्थ लाग्छ। यसरी गलत तरिकाले उल्लेख गर्नु, जागृति नआउनुको दोषलाई परमेश्वरको सिंहासन अगाडि छोड्नु हो। तर वचनको पूरै भागलाई लिनुहोस्, "जसले *हामीभित्र कार्य गर्ने सामर्थ्य*अनुसार हामीले मागेका वा सोचेका सबै कुराभन्दा अत्यन्तै बढी गर्न सक्नुहुन्छ"(KJV), अब यसको अर्थ, माध्यम बन्द भएको छ भन्ने लाग्छ; परमेश्वरले यी समयहरूमा मण्डलीमा सामर्थ्य नभएकोले काम गर्न सक्नुभएन भन्ने अर्थ लाग्छ। त्यसो हो भने जागृतिको

बाधा हामी नै हौँ।

फिनीले भन्नुभयो, "परमेश्वरमा नै जागृति लुकेको छ"; त्यसो हो भने हामीभित्र काम गर्ने सामर्थ्यअनुसार हामीले जागृति पाउन सक्छौँ, किनभने हामीमाथि *"पवित्र आत्मा आउनुभएपछि* हामीले *सामर्थ्य पाउनेछौँ।"* (KJV), यो शक्ति अचम्मको काम गर्नको लागि मात्रै होइन, किनभने पेन्तिकोसको *अघि पनि* तिनीहरूले अचम्मको काम गरे, र भूतात्माहरू निकाले। न त यो व्यवस्थापन गर्न, प्रचार गर्न, बाइबल अनुवाद गर्न अथवा परमेश्वरको लागि नयाँ भागहरूलाई जित्नको लागि मात्र दिएको शक्ति। यी सबै असल कामहरू नै हुन्। तर के हामीमा पवित्र आत्माको शक्ति छ? जुनचाहिँ शैतानको शक्तिलाई नियन्त्रण गर्छ, किल्लाहरूलाई नाश पार्छ, र प्रतिज्ञाहरूलाई पाउँछ। नडराईकन पाप गर्नेहरू शैतानको शासनबाट छुटकारा पाएनन् भने नाश हुन्छन्। परमेश्वरले अभिषेक गरेको प्रार्थनाको शक्तिले चलेको मण्डलीभन्दा नरकले डराउने कुरा अरू के छ र?

प्रियहरू, तुच्छ कुराहरूमा भएको मतभेदलाई पर राखौँ। साम्प्रदायिक झगडाहरूलाई बिर्सी दिऊँ। *निरन्तर रूपमा आफैलाई प्रार्थना* र वचनको सेवामा दिऊँ, किनभने विश्वास सुनाइद्वारा आउँदछ। मण्डलीको सामर्थ्यहीन अवस्था देखेर सर्माएर, शैतानको एकाधिकारले निराश भएर, पीडित आत्माले हामी चिच्च्याउनु परेन त? *"मलाई सन्तान दिनुहोस्, नत्र म मर्छु !"* आमेन।

*इसाई पुरुष र महिलाहरू हो, आत्म-त्याग नै इसाई मण्डलीको प्रमुख नैतिक सिद्धान्त हो। — डा. चार्ल्स इनवुड*

*"अब म मानिसहरूसँग बोल्न छोड्छु, र हे प्रभु, आफ्ना कुराहरू तपाईंतिर फर्काउँछु। अब म परमेश्वरसँग मेरो सङ्गत सुरु गर्छु जुन कहिल्यै टुट्नेछैन। बिदा, बुबा र आमा, मित्रहरू र नातागोताहरू! बिदा, भोजन र पेय ! बिदा, संसार र सबै सुख-विलासहरू ! बिदा, सूर्य, चन्द्र र ताराहरू! स्वागत छ परमेश्वर र पिता! स्वागत छ प्यारा प्रभु येशू, नयाँ करारका मध्यस्थकर्ता ! स्वागत छ अनुग्रहका धन्य आत्मा, सबै सान्त्वनाका परमेश्वर ! स्वागत छ महिमा ! स्वागत छ अनन्त जीवन ! स्वागत छ मृत्यु !"*

*डा. म्याथ्यू म्याककेल फाँसीको मञ्चमुनि उभिए, र जब उनका सहिद भाइ ह्यु म्याककेल तन्किएको डोरीमा छटपटाए, उनले ती असहाय र झट्का हानिरहेका खुट्टाहरूलाई एकसाथ समाते र तिनमा झुण्डिए ताकि मृत्यु अझ सहज र चाँडो होस्। र यसरी, ह्यु म्याककेल आफ्नो "प्यारो बाल-सुलभ मुस्कानका साथ" ख्रीष्टसँग हुनुभयो। "र त्यो नै मेरो स्वागत हुनेछ," उनले भने; "पवित्र आत्मा र दुलहीले भन्नुहुन्छ, आउनुहोस्।"*

*— ह्यु म्याककेलको मरणको एक साक्षी*

# अध्याय - १७

## “संसारको फोहोर”

संसारको फोहोर के हो?(१कोरन्थी ४:१३)। के यो राष्ट्रिय संगठित अपराधको पाठेघर हो? के यो एउटा विश्वभरि झगडा ल्याउने दुष्ट बुद्धिमानी मानिस हो? के यो बेबिलोन हो? के यो रोम हो? के यो पाप हो? के यो एउटा दुष्ट आत्माहरूको समूहको नाम हो? अथवा यौन रोग हो?

हामी हजारौँ अनुमान गर्न सक्छौँ, जसले हजारौँ जवाफ ल्याउँछ, तर एउटा पनि सही हुँदैन। सही उत्तर हामीले सोचेको भन्दा ठिक विपरीत छ। यो *“संसारको फोहोरचाहिँ”* न त मानिसहरूबाट आएको, न त भूतात्माहरूबाट। यो खराब होइन, तर असल कुरा हो – होइन, असल पनि होइन – तर उत्कृष्ट कुरा हो। यो भौतिक कुरा होइन, तर आत्मिक कुरा हो; यो शैतानबाट आएको होइन, तर परमेश्वरबाट आएको हो। यो मण्डलीबाट आएको मात्र होइन, तर एउटा सन्तबाट आएको हो। सन्त मात्र होइन, सन्तहरूको पनि सन्त, हिराहरूमध्येमा पनि कोहिनुर हिरा। पावल भन्नुहुन्छ, *“हामी प्रेरितहरू संसारका फोहोर हौँ।”* त्यसपछि उनले चोटमा अपमान थप्दै, बदनामीलाई बढाउँदै तिरस्कारलाई गहिरो बनाउँदै भन्छन्, *“सबै कुराको कसिङ्गर बनेका छौँ।”*

आफैलाई संसारको फोहोर भनी मूल्याङ्कन गर्ने मानिसलाई कुनै लक्ष्य छैन, र डाहा गर्न केही छैन। उसलाई कुनै इज्जत छैन, त्यसैले लड्न पर्ने केही छैन। उसको कुनै सम्पत्ति छैन, त्यसैले चिन्ता गर्नुपर्ने केही छैन। उसलाई कुनै “अधिकार” छैन, त्यसैले उसमाथि कसैले अन्याय गर्न सक्दैन। आशिषित अवस्था! ऊ अघि नै मरिसक्यो, त्यसैले उसलाई कसैले मार्न सक्दैन। मन र आत्माको यो अवस्थामा प्रेरितहरूले “संसारलाई उथलपुथल” पारेकोमा हामी छक्क पर्न सक्छौँ त? प्रेरितहरूको संसारप्रतिको यो मनोभावलाई लोभमा जिउने सन्तहरूले

मनन गरोस्। हलिउड (Hollywood) शैलीमा जिउने प्रख्यात, तर खत नभएको सुसमाचारीय प्रचारकले आफ्नो बाटोको बारेमा विचार गरोस्।

१९५ कोर्राहरू, तीनपल्ट ढुङ्गाले हानिनु, तीनपल्ट डुब्ने जहाजमा पर्नु, यीभन्दा पावललाई चोट पार्न सक्ने अरू के हुन सक्छ? झगडालु सांसारिक आलोचनात्मक कोरिन्थीहरूको भीड। मण्डली सांसारिकपन र *पैसाले* फुटेको थियो! कोही–कोही अति प्रख्यात भए, र सहरको व्यापारिक राजकुमार बन्न पुगे। त्यसैले पावल भन्नुहुन्छ, "हामीविना नै तिमीहरू राजा भएका छौ।" १कोरन्थी ४ को ८ देखि ११ भित्र रहेको भिन्नतालाई मनन गर्नुहोस्: "*तिमीहरू* तृप्त भइसकेका छौ। *तिमीहरू* धनी भइसकेका छौ। हामीविना नै *तिमीहरू* राजा भएका छौ।"(८ पद) "*हामी* मूर्ख छौँ, *हामीलाई* अनादर, *हामी* भोका र प्यासा छौँ, र नाङ्गा छौँ" (१०,११ पद)। आशिषित क्षतिपूर्ति पद ९ मा छ, "*हामी* [ प्रेरितहरू ] संसार, स्वर्गदूतहरू र मानिसहरूका निम्ति तमाशा भएका छौँ।"

यी सबैपछि *आफू* "सबैभन्दा सानो" हुँ भनी दाबी गर्नु पावलको लागि गाह्रो थिएन। पावलले त्यसपछि यी सबै सत्यहरूलाई विश्वासको लक्ष्यलाई गुमाएकाहरूपट्टि फर्काए। कोरिन्थीहरू तृप्त थिए, तर स्वतन्त्र थिएनन्। (झ्यालखानाबाट भागेर आफ्नो खुट्टाको साङ्लोलाई तान्दै हिँड्ने मानिस स्वतन्त्र छैन।) तिनीहरू सुसम्पन्न र आफू रित्तो भएको कुरामा पावल दुःखित थिएनन्, तर तिनीहरूको सम्पत्तिको सुसम्पन्नताले प्राणलाई कमजोर बनाएकोमा दुःखित थिए। तिनीहरूसँग सम्पन्नता थियो, तर क्रूस थिएन; तिनीहरू धनी थिए, तर ख्रीष्टको लागि निन्दित भएका थिएनन्। तिनीहरू ख्रीष्टको होइन भनी भनेनन्, तर स्वर्गमा पुग्न काँडा नभएको बाटो खोज्दछन् भनी बताए। तिनले घोषणा गरे, "*तिमीहरूले* साँच्चै राज्य गरेका भए हुन्थ्यो, ताकि *हामी पनि* तिमीहरूसँगै राज्य गर्न सकौं।" तिनीहरूले साँच्ची नै राज्य गरिरहेको भए, खीष्ट आइसक्नुभएको हुन्थ्यो; हजार वर्षको शासन सुरु भइसकेको हुन्थ्यो, फेरि पावल थप्नुहुन्छ, "*तिमीहरूसित हामी पनि राज्य गर्छौं।*"

यसरी अनादर, तिरस्कार र तुच्छ ठानिन कसले चाहन्छ? यो सत्य क्रान्तिकारी छ, र बिग्रिसकेको हाम्रो इसाई शिक्षाको लागि चिन्ताको कुरा हुन्छ। हामीलाई मूर्ख ठानेकोमा हामी *रमाउन* सक्छौँ होला? हाम्रो



पावल लुस्त्रामा ढुङ्गाले हानिँदै

नामहरूलाई बिग्रेकाहरूको सूचीमा देख्दा हामीलाई *सजिलो* हुन्छ होला त? कम्युनिजमले मानिसलाई होच्याउँछ; ख्रीष्टले मानिसलाई उच्च पार्नुहुन्छ! साँचो इसाइत्व कम्युनिजमभन्दा धेरै गुणा बढी क्रान्तिकारी हुन्छ(यद्यपि यो रक्तपातहीन हुन्छ)। समाजवादका डोजरहरूले धनको पहाडलाई सारेर दरिद्रताको उपत्यकालाई भर्न खोज्यो। तिनीहरूले शिक्षाद्वारा बाङ्गो र टेढो ठाउँहरूलाई समतल बनाउन सक्छ भनी सोचे। प्रतिनिधि सभाको कानुन र राजनीतिको चमत्कार गर्ने लौरोद्वारा ख्रीष्टको हजार वर्षको शासनले ल्याउने शान्ति र सम्पन्नतालाई तुरुन्तै ल्याउने प्रयास गरे। तर रुसमा त्यस्ता परिवर्तनहरूले सिर्फ नेता बदल्न मात्र भयो, वञ्चित भएकाहरू वञ्चित भएर नै जिउन बाध्य भए। आज धेरै मानिसहरू अरूलाई गरिब बनाएर धनी भएका छन्, तर पावल भन्छन्, आफू *"गरिब, तापनि धेरैलाई धनी तुल्याउनु।"* परमप्रभुलाई धन्यवाद होस्, जादुगर सिमोनको (पैसाको) झोलाले अहिले पनि पवित्र आत्माबाट कुनै चासो पाएको छैन। "अधर्मको धन" लाई कसरी मूल्याङ्कन गर्नु भनी हामीले सिकेका छैनौँ भने "साँचो धन" को जिम्मा हामीले कसरी पाउन सक्छौँ?

भौतिक र सामाजिक रूपमा रित्तो भएको पावल, "संसारको फोहोर" भनी ठानिने थोरै मानिसहरूसँग आफैलाई पनि राखे। यसले फोहोर भएको आफूलाई मानिसहरूले खुट्टामुनि कुल्चिन्छन् भन्ने कुरालाई बुझ्न सहायता गऱ्यो। इपिक्युरी र स्तोइकी दर्शनशास्त्रीहरूलाई जवाफ दिन सक्ने थिए, यद्यपि ख्रीष्टको खातिर *मूर्ख* भनी ठानिन तयार थिए। येशू ख्रीष्टको लागि संसारको शत्रुता सधैँ रहिरहने कुरा हो।

भाइहरू हो, के हाम्रो रोजाइ पनि यही हो त? हामीलाई *अशिक्षित र अबुझ मानिसहरूको वर्गमा* राख्नुभन्दा रिस उठाउने कुरा के हुन्छ होला? यद्यपि एउटा अशिक्षित र अबुझ मानिसले नै "प्रकाश" को किताब लेखे, जुन किताबले आजसम्म शिक्षित मानिसहरूलाई अलमल्ल पारिरहेको छ। आफ्नो *हृदयमा आगो बाल्नुभन्दा* आफ्नो *दिमागलाई भर्न* बढी वास्ता गर्ने सेवकहरूको महामारीले हामी आज पीडित भएका छौँ। एउटा प्रचारकले दिमागलाई भर्नुमा इच्छा राख्छ भने, पुलपिटको सेवामा आउनुभन्दा अगि तिनले आफ्ना वर्षहरूलाई विद्यालयमा बिताओस्। तिनी पुलपिटको

सेवामा आएपछि जीवनभरिको लागि त्यहाँ रहन्छ। तिनले पाएको उपाधिहरू कुनै महत्त्वको हुँदैन, किनभने आफ्नो बगालका भेडाहरूको नामलाई मूल गोठाला सामु लैजानु अथवा त्यसको बराबरी जिम्मा भएको तिनीहरूको आहार तयार गर्नु भन्ने कामको लागि दिनको चौबीस घण्टा तिनलाई पुग्दैन। सत्यताचाहिँ आत्मिक कुराहरूलाई आत्मिक रीतिले(*मनोवैज्ञानिक रीतिले होइन*) मात्र चिन्न सक्छ। न त परमेश्वर न त उहाँको न्याय बदलिएको छ। उहाँको विशेष अधिकारद्वारा आजसम्म पनि कति वटा कुराहरू बुद्धिमान्‌हरूबाट लुकाएको छ र बालकहरूलाई प्रकट गरिएको छ। भाइहरू, बालकहरूको विशाल बुद्धि हुँदैन! कहिल्यै नभएझैँ बाइबलीय ज्ञान आफ्नो सेवाद्वारा बढेको छ भनी मण्डलीहरूले गर्व गर्छन्, तर विजय पायौँ भनी रमाउनुभन्दा अघि एक छिन पर्खिनुहोस्। हाम्रो बीचमा कहिल्यै नभएझैँ आत्मिक जन्म घटेको छ, किनकि भाइ अपोल्लोस, तपाईँको नायाग्रा झरना जस्तै शब्दहरूको ओइरो देखेर शैतान काम्ने छैन।

हामीलाई संसारबाट अलग पार्ने रेखा स्पष्ट देखिन्छ, र चाहेरै त्यो लगाएको पनि हो, र त्यसले निन्दा भोगिरहेको छ। जोन बन्यनको "यात्रीको प्रगति" किताबमा बताएका यात्रीहरू, "व्यर्थको जात्रा" हुँदै जाँदा तमाशा भएका थिए। वस्त्रमा, बोलीमा, इच्छाहरूमा र नैतिकतामा तिनीहरू सांसारिक मानिसभन्दा फरक थिए। के आज हाम्रो जीवन त्यस्तै नै छ त?

बेलायतको युद्धमा जर्नेलले भन्नुभयो, "हामीले हाम्रा मानिसहरूलाई घृणा गर्न सिकाउनुपर्छ, किनभने जे कुरालाई मानिसहरूले घृणा गर्छन्, त्योसँग लड्छन्।" हामीले सिद्ध प्रेमको बारेमा धेरै सुनिसक्यौँ(यद्यपि आधा पनि होइन); तर हामीले "क्रोध गर्न, तर पाप नगर्न" पनि जान्नुपर्छ। आत्माले भरिएको विश्वासीले अधर्म, अन्याय र अशुद्ध कुराहरूलाई घृणा गर्छ; र ती सबैको विरोधमा लड्छ। पावलले संसारलाई घृणा गरे, त्यसैले संसारले पावललाई घृणा गर्‍यो। यो विरोध गर्ने भाव हामीमा पनि हुनुपर्छ।

स्टयान्लीले "अँध्यारो अफ्रिका" भन्ने किताब लेखे, र विलियम बुथले कट्टर विरोधको बीचमा "अँध्यारो बेलायत" भन्ने किताब लेखे। स्टयान्लीले लुकिरहेका चितुवा, चलाख सर्पहरू र अन्धकारमा जिउने

जन्तुहरूले भरिएको, धेरै अग्ला रूखहरू भएको भित्र प्रवेश गर्न नसक्ने जङ्गललाई देखे। विलियम बुथले बेलायतका सडकहरूलाई परमेश्वरले देखे जस्तै देखे। लुकिरहेको कामुकता, पापको ढल, जुवा–तासको लोभ, व्यभिचारले ल्याएको विनाश, यी सबै देखेर त्यसको विरोधमा लड्नको लागि एउटा ईश्वरीय सेना तयार गरे। हाम्रो अगाडि भएका सडकहरू हाम्रो मिसन क्षेत्र भएका छन्। घाँसको जामा लगाएकी आदिवासी स्त्री परमेश्वरबाट जति टाढा छिन्, त्यति नै टाढा हाम्रो सभ्य र असल वस्त्र लगाएका स्त्रीहरू पनि छन्। हाम्रा सहरहरूमा अशुद्धता जीवित छ। हरेक रात टेलिभिजन अगाडि सपना देख्ने इसाई, मरेको दिमाग र रित्तिएको प्राण भएको मानिस हो। यो दुष्ट कामुकताले भरिएको पापीहरूको अन्धोपनले त्यो इसाईको प्राणलाई फुटाएन भने, उनी बरु आफू संसारबाट बिदा पाउन परमेश्वरलाई मनाउन सक्नु असल हुन्थ्यो। हरेक गल्लीहरूमा दुष्टता, मादक पदार्थ, सम्बन्धविच्छेद, अन्धकार र अनन्त मृत्युको नदी बगिरहेको छ। यदि तपाईं यी सबैको विरुद्धमा खडा हुनुभएको छ भने, संसारले तपाईंलाई घृणा गर्दा अचम्म नमान्नुहोस्। यदि तपाईं संसारको हुनुहुन्छ भने, संसारले तपाईंलाई प्रेम गर्छ।

असल शब्दहरूमा पावल भन्छन्, "*संसार मेरो लागि क्रूसमा टाँगिएको छ।*" एक्काइसौँ शताब्दीका इसाईहरूको लागि के यो धेरै परको कुरा हो त? आफ्नो ठाउँमा अपराध गरेको अपराधी अपमानित भएको देख्न गलगथामा ठूलो भीड भेला हुने गर्थ्यो। क्रूसको मुनि उत्सव हुन्थ्यो; पीडालाई खिसी गरिन्थ्यो, तर भोलि बिहान त्यो अपराधीलाई हेर्न को जान्थ्यो होला? पहिले जानेचाहिँ तिनीहरूका आँखा कोतरेर निकाल्न र मासु चिथोर्न जाने गिद्धहरू थिए; त्यसपछि सहायताहीन झुन्डिरहेको पीडितका खुट्टाहरूलाई कुकुरहरूले खाए। यसरी रूप बिग्रिएको र आफ्नै आन्द्रा–भुँडी निस्केर झुन्डिरहेको अवस्थामा भएको त्यो अपराधी एउटा डरलाग्दो दृश्यको रूपमा देखिन्थे। त्यसरी नै पावलको लागि क्रूसमा टाँगेको संसार आकर्षणहीनको थियो!

हामी पनि भित्री रूपमा काम्दै लरबराउने जिब्रोसहित भन्न सक्छौँ, "*संसार मेरो लागि क्रूसमा टाँगिएको छ।*" त्यसरी संसार र त्यसका सारा खेलौनाहरू, त्यसको व्यर्थको धाक र हराउने आनन्दको लागि मरेपछि

मात्रै पावलले अनुभव गरेको स्वतन्त्रतालाई हामीले अनुभव गर्न सक्छौँ। यथार्थचाहिँ हामी ख्रीष्टलाई पछ्याउनेहरूले संसार र त्यसका धारणाहरू, योग्यताहरू र प्रशंसाहरूलाई *आदर* गर्छौं। एक जना व्यक्तिले आलोचना गरेर यसरी भने, विश्वासीहरूले परमेश्वरको सट्टामा सुन र विश्वासको सारको सट्टामा लोभलाई राखेका छन्। तर यो अनुग्रहका समयहरूमा मैले कुनै सन्तहरूलाई चिन्छु, जसले अरूले फ्याँकेको लुगा लगाएर आफ्नो पैसालाई परमेश्वरको मिसन चल्नको लागि समर्पण गर्छन्। अलग्गिएर जिउने कुरालाई यति जोड दिने पावलले आफ्नो शिक्षा सुनेर उद्धार पाएका मानिसहरू पाउनुभयो कि पाउनुभएन भनी कसै–कसैले आश्चर्य मान्छन्।

यो आशिषित मानिस, जसको लागि संसार क्रूसमा टाँगिएको थियो, उनी बौलाहा ठानिएका थिए। साथै पावलले आफ्नो सन्देशलाई यति बलियो रूपमा दिनुभयो, कि अरूहरूले व्यापारको प्रतिष्ठा नाश हुने डरले उनको मृत्यु खोजे। यस्ता आशिषित प्रेरितहरूले, संसार र त्यसका मानिसहरूप्रतिको आफ्नो स्वस्थ र पवित्र *बेवास्ताले* हामीलाई शर्ममा पार्छन्।

*"तिनीहरू स्वर्गतिरको त्यो ठाडो उकालो चढे,*
*जोखिम, परिश्रम र पीडाको बाटो हुँदै;*
*हे प्रभु, हामीलाई पनि अनुग्रह गर्नुहोस्,*
*तिनीहरूकै बाटो पछ्याउनको लागि।"*

– *अज्ञात*

चाँडै नै मृत्युलाई बिदा दिइन्छ र अनन्त जीवनलाई स्वागत गरिन्छ। मेरो प्रिय विश्वासी, हाम्रो लागि बलि हुनुभएको प्रभुको लागि एउटा बलिदानपूर्ण सेवा गर्ने वर्षको शुभकामना तपाईंलाई दिन चाहन्छु। हामीले पनि आफ्नो दौडलाई *आनन्दसँग* पूरा गर्न सकौं।

*दाजुभाइहरू, यदि हामी आफैं परमेश्वरसँग ठीक छैनौं भने, रातपछि रात, महिनौंसम्म यसको प्रतीक्षा गर्नु केवल व्यर्थको कुरा हो। मैले आफैलाई सोध्नै पर्छ — के मेरो हृदय शुद्ध छ? के मेरा हातहरू चोखा छन्? — हेब्रिडिज रिभाइभलबाट टिप्पणी*

*हे मेरो प्राण, जे चाहन्छौ माग,*
*तिमी साहसी बन्न डराउनुपर्दैन;*
*जब तिम्रा लागि उहाँले आफ्नै रगत बगाउनुभयो भने,*
*उहाँले अरू के नै रोकेर राख्नुहोला र? — अज्ञात*

*प्रार्थनाको स्थान,*
*आहा कस्तो फलदायी स्थान!*
*त्यहाँ आत्मा परिभ्रमण गर्नु हुन्छ;*
*किनकि अनुग्रहका सम्पूर्ण स्वरूपहरू*
*प्रार्थनाको कोखबाटै आउँछन्। — हेरोल्ड ब्रोक*

*गहुँको बाली जस्तै जागृति पनि कुनै चमत्कार होइन। जागृति तब स्वर्गबाट आउँछ जब वीर आत्माहरू जित्ने वा मर्ने—र आवश्यक परे जितेर मर्ने—अठोटका साथ युद्धमा ओर्लिन्छन्! स्वर्गको राज्यमा बलजफ्त गरिन्छ, र बलजफ्त गर्नेहरूले यसलाई खोस्छन्। — चार्ल्स जी. फिन्नी*

*परमेश्वरको कार्य मानिसहरूलाई सुम्पिइएको छ; परमेश्वरले आफैलाई मानिसहरूमा सुम्पनुहुन्छ। प्रार्थना गर्ने मानिसहरू परमेश्वरका उप-शासकहरू हुन्; तिनीहरूले उहाँको काम गर्छन् र उहाँका योजनाहरू पूरा गर्छन्। — ई. एम. बाउन्डस्*

*प्रार्थना नै सर्वोच्च उपचार हो। — रोबर्ट हल*

*प्रार्थना नै भक्तिको साँचो परीक्षा (कसी) हो। — शमूएल च्याडविक*

# अध्याय - १८

# प्रार्थना परमेश्वर जत्तिकै विशाल छ

परमेश्वरले पक्रेका भविष्यवक्ताहरूले आफ्नो कामको विशालता र त्यसको अप्रसिद्धिलाई जान्थे। अरूको वास्ताले थिचिएका यी मानिसहरू आफ्नो अयोग्यता र अकुशलतालाई कारणको रूपमा देखाएर कामबाट उम्किन खोजे। उदाहरणको लागि मोशाले देशभरिको जिम्मेवारीबाट आफू बोल्नमा सिपालु छैन भनी बताएर भाग्न खोजे। यद्यपि परमेश्वरले उनले गरेको बहानाको सट्टामा हारूनलाई प्रतिनिधिको रूपमा दिनुभयो। यर्मियाले पनि आफू बालकै छु भनी परमेश्वरसँग तर्क गरे। यद्यपि यर्मियाको मामिलामा उनले देखाएको बाधा स्वीकारिएन। स्वर्गीय छनोटमा परेका मानिसहरूलाई तिनीहरूको व्यक्तित्वलाई असल बनाउन र ज्ञानलाई तिखो पार्न सांसारिक ज्ञानीहरूको सभामा पठाइँदैन। तर परमेश्वरले आफ्नो मानिसलाई आफै पक्रनुहुन्छ र एकान्तमा थुन्नुहुन्छ। यदि ओलिवेर वेन्डेलको अनुसार नयाँ विचारले फराकिलो भएको एउटा मानिसको दिमाग कहिल्यै पनि उसको पुरानो अवस्थामा जान सक्दैन भने, अनन्त आवाजलाई सुनेको प्राण कस्तो हुन्छ होला। "जुन वचन मैले तिमीहरूसँग बोलेको छु, ती आत्मा र *जीवन* हुन्।"(यूहन्ना ६:६३)। हाम्रा प्रचारहरू आज धेरै अस्वस्थ छन्, किनभने परमेश्वरको विचारलाई लिएर प्रचार गर्नुको सट्टामा मरेका मानिसहरूको विचारलाई हामी प्रचार गर्दैछौँ। किताबहरू हाम्रो मार्गदर्शक हुन्जेल त्यो असल हुन्छ, तर ती हाम्रो साङ्लो भयो भने समस्या हो।

जसरी अणु शक्तिको विकासद्वारा वैज्ञानिकहरूले शक्तिको एउटा नयाँ आयामलाई छोए, त्यसरी नै मण्डलीले पनि पवित्र आत्माको असीमित शक्तिलाई पुनः पत्ता लगाउनुपर्छ। पापले भिजिएको यो पुस्ताको अधर्मलाई हिर्काउन र निद्रामा परेका सन्तहरूको आत्मसन्तोषलाई चकनाचुर पार्न साँच्ची नै केही हुनुपर्छ। शक्तिशाली प्रचार र विजयी जीवन निरन्तर कोठामा प्रार्थनामा पर्खिरहेकाले आउनुपर्छ। कसैले भन्छन्, "यदि हामी

पवित्र जीवन जिउन चाहन्छौँ भने *प्रार्थना* गर्नुपर्छ!" यो सत्य हो, तर प्रार्थना गर्नको लागि *पवित्र जीवन* चाहिन्छ भन्नुचाहिँ अझै महत्त्वपूर्ण कुरा हो। दाउदको अनुसार, "परमप्रभुको डाँडामा को उक्लन सक्ला? र उहाँको पवित्रस्थानमा को खडा हुन सक्छ? त्यही नै, जसको हात निर्दोष छ, र जसको हृदय निर्मल छ।"(भजनसंग्रह २४:३-४)

प्रार्थनाको रहस्यचाहिँ रहस्यमा(गुप्तमा) प्रार्थना गर्नु हो। प्रार्थनाको बारेमा किताब पढ्नु असल हो, तर पर्याप्त छैन। जसरी पकाउनुसम्बन्धी किताब पढ्नु असल हुन्छ, तर पकाउनुपर्ने चिजहरू छैन भने पढ्नाले फाइदा हुँदैन। एउटा मानिस प्रार्थनासम्बन्धी पुस्तकालयभरिका किताबहरू पढेर पनि प्रार्थनामा थोरै पनि शक्ति नभएको अवस्थामा रहन सकिन्छ। हामी प्रार्थना गर्न सिक्नुपर्छ, र प्रार्थना गर्न सिक्नको लागि प्रार्थना गर्नुपर्छ। शारीरिक स्वास्थ्यसम्बन्धी संसारको सबैभन्दा उत्तम किताबलाई कुर्सीमा बसेर पढ्दै एउटा मानिस खेर जान सक्छ। त्यसरी नै कसैले प्रार्थनाको बारेमा पढ्छ होला, मोशाको सहनशीलता देखेर आश्चर्य मान्छ होला, अथवा यर्मियाको रुवाइ र चिच्च्याइलाई देखेर छक्क पर्छ होला, यद्यपि आफूचाहिँ अन्तर्बिन्ती प्रार्थनाको क, ख, ग, भन्न पनि नसक्ने अवस्थामा हुन सक्छ। जसरी प्रयोग नभएको गोलीले सिकार ल्याउँदैन, त्यसरी नै हृदयमा बोझ नभएको प्रार्थनाले शत्रुको माल लुट्दैन।

विश्वासयोग्य फेनेलनले (Fenelon) भन्नुभयो, "परमेश्वरको नाममा म तिमीहरूलाई बिन्ती गर्दैछु, भोजनले तिमीहरूको शरीरलाई पुष्ट पारेझैँ प्रार्थनाले तिमीहरूको प्राणलाई पुष्ट पारोस्!" हेन्री मार्टिनले भन्नुभयो: "मेरो अहिलेको मरेतुल्य अवस्थाको कारण व्यक्तिगत भक्तिको लागि चाहिने समय र शान्त वातावरणको अभाव हो। हाय, म एउटा प्रार्थनामा लागिरहने मानिस भएको भए हुन्थ्यो!" एउटा पुरानो लेखकले भन्नुभयो "प्रायः हाम्रा प्रार्थनाहरू, ढोकाको घण्टीलाई बजाउने तर ढोका खोल्नुभन्दा अगाडि भागी हाल्ने सानो केटोको काम बराबर हुन्छ।" यो कुरा सत्य हो: परमेश्वरका स्रोतहरूमध्ये पत्ता नलगाएको विशाल भागचाहिँ प्रार्थनामा नै पर्दछ।

परमेश्वरको शक्तिको नाप कसले बताउन सक्छ? कसैले पृथ्वीको वजनलाई अनुमान गर्न सक्छ होला, स्वर्गीय सहरको आकार बताउन



प्रार्थना परमेश्वर जत्तिकै विशाल छ

सक्छ होला, आकाशको तारालाई गन्न सक्छ होला, आकाशमा चम्किने बिजुलीको गतिलाई नाप्न सक्छ होला र सूर्य उदय र सूर्यास्तको समय बताउन सक्छ होला, तर प्रार्थनाको शक्तिलाई तपाईंले अनुमान गर्न सक्नुहुन्न। *प्रार्थना परमेश्वर जत्तिकै विशाल* छ, किनभने त्यसको पछाडि उहाँ नै हुनुहुन्छ। प्रार्थना परमेश्वर जस्तै नै शक्तिशाली छ, किनभने उहाँले त्यसको उत्तर दिने प्रतिबद्ध गर्नुभएको छ। जिब्रो र आत्माले गर्न सक्ने सबै कामहरूमध्ये उत्तम काम भएको यो काममा हामी भकभकाएको देखेर परमेश्वरलाई दुःख लाग्छ। यदि परमेश्वरले प्रार्थना कोठामा हामीमाथि ज्योति चम्काउनुभएन भने, हामी अँध्यारोमा हिँड्छौँ। न्याय सिंहासन अघि एउटा विश्वासीले सर्माउनुपर्ने सबैभन्दा मुख्य कुरा आफूले गरेको थोरै प्रार्थना नै हुन्छ।

आदरणीय जोन क्रैसोस्टमले (Chrysostom) लेखेकोबाट लिएको एउटा सुन्दर अनुच्छेद: "*प्रार्थनाको शक्तिले* आगोको बललाई नियन्त्रण गऱ्यो; सिंहहरूको उग्रलाई लगाम लगायो, अराजकतालाई शान्त पाऱ्यो, युद्धहरूलाई निभायो, तत्त्वहरूलाई शान्त पाऱ्यो, भूतात्माहरूलाई निकाल्यो, मृत्युका साङ्लाहरूलाई तोड्यो, स्वर्गको ढोकालाई फराकिलो बनायो, रोगलाई निको पाऱ्यो, छललाई विफल तुल्यायो, सहरहरूलाई विनाशबाट बचायो, सूर्यलाई रोकिराख्यो र चटयाङलाई कैद गऱ्यो। प्रार्थनाचाहिँ सबै सिद्ध भएको युद्ध कवच हो, नघट्ने सम्पत्ति, नरित्तिने खानी, बादलले नढाकेको आकाश र आँधीले बिगार्न नसकिने स्वर्ग हो। यही नै जरा, मूल र हजारौँ आशिष्हरूकी आमा हो।" क्रैसोस्टमले आफ्नो साहित्य कलाद्वारा साधारण कुरालाई सर्वोत्कृष्ट देखाउन खोज्नुभएको हो त? बाइबल धर्मशास्त्रले त्यस्ता तन्त्रहरूको लागि ठाउँ दिँदैन।

एलिया प्रार्थना भन्ने कलामा सिपालु थिए, जसले प्रकृतिको बाटोलाई नै बद्लाए, देशको अर्थतन्त्रको घाँटी निमोठे, तिनले प्रार्थना गरे र आगो झऱ्यो, प्रार्थना गरे र मानिसहरू लडे, प्रार्थना गरे र पानीको वर्षा ओइरियो। हामीलाई वर्षाको आवश्यकता छ! मण्डलीहरू यति सुकेका छन् कि बिउ उम्रिन सकेको छैन। हाम्रा वेदीहरू पश्चात्ताप गर्नेहरूको आँसुविना सुख्खा छन्। हाय, ती एलियाहरू कहाँ छन्! इस्राएलीहरूले

पानीको लागि चिच्याउँदा एउटा मानिसले चट्टानलाई हिर्काए, त्यो कडा चट्टान जीवन दिने नदी जन्मिने पाठेघर भयो। "परमप्रभुको निम्ति कुनै कुरा कठिन छ र?" प्रभु हामीलाई चट्टानलाई हिर्काउने एक जना मानिस पठाइदिनुहोस्!

हामी यो कुरामा निश्चित हुनुपर्छ, कि प्रार्थना कोठा सिर्फ हाम्रो जरुरी विषयहरूको सूचीलाई परमेश्वरको हातमा दिने ठाउँ मात्र होइन। के प्रार्थनाले कुराहरूलाई परिवर्तन गर्छ? हो, तर प्रार्थनाले *मानिसहरूलाई परिवर्तन* गर्छ। प्रार्थनाले हन्नाको अपमानलाई हटाएको मात्र होइन, तर तिनलाई परिवर्तन गरायो – बाँझी स्त्री भन्ने स्थानबाट फल फलाउने, दुःखित भन्ने स्थानबाट आनन्दित(१शमूएल १:१० र २:१), हो, तिनको विलापलाई नाचको रूपमा परिवर्तन गरायो(भजनसंग्रह ३०:११)। हुन सक्छ, हामी कहिल्यै विलाप नगरीकनै नाच्न सकौं भनी प्रार्थना गर्दैछौँ होला। हामीले प्रशंसाको पोसाकलाई छान्छौँ, तर परमेश्वर भन्नुहुन्छ, "*विलाप गर्नेहरूलाई,* [म] निराश मनको सट्टा प्रशंसाको पोसाक पहिराइदिन्छु।"(यशैया ६१:३), यदि हामीले कटनी गर्न चाहन्छौँ भने, तरिकाचाहिँ यही नै हो। "जो *रुँदै-रुँदै* बीउ बोकेर छर्न जान्छ, त्यो फसलका बिटाहरू बोकेर आनन्दले गीत गाउँदै फर्कनेछ।" (भजनसंग्रह १२६:६)

"हाय! यी मानिसहरूले कस्तो ठूलो पाप गरेका छन्! ... तापनि तपाईंले तिनीहरूको पाप क्षमा गर्नुहुन्छ होला – हुन्न भनेता, तपाईंले लेख्नुभएको पुस्तकबाट मेरो नाउँनिशानै मेटिदिनुहोस्।" (प्रस्थान ३२:३१,३२), भनी चिच्याउनको लागि *हृदय फुटेको* दुःखित मोशाको आवश्यकता भयो। "मेरो हृदयमा असाध्य शोक र मनमा अटुट वेदना छ। म त यहाँसम्म पनि चाहन सक्थेँ कि मेरा भाइहरू र मेरा जातिको नाताले मेरा कुटुम्बहरूका खातिर म नै श्रापित होऊँ, र ख्रीष्टबाट परित्यक्त होऊँ!" (रोमी ९:२,३) भनी भन्नको लागि *बोझले दबिएको, पीडाले थिचिएको* पावलको आवश्यकता भयो।

यदि जोन नाक्सले "मलाई सफलता दिनुहोस्!" भनी प्रार्थना गरेको भए, हामीले तिनको बारेमा कहिल्यै सुन्ने थिएनौँ, तर तिनले स्वयम्लाई

हटाएर प्रार्थना गरे, "मलाई स्कटल्यान्ड दिनुहोस्, नत्र म मर्छु" र तिनको प्रार्थना इतिहासका पानाहरूमा लेखियो। यदि डेविड लिविङ्स्टनले आफ्नो अदम्य आत्मा र नक्साङ्कनमा भएको कुशलताको प्रमाण देखाउनको लागि अफ्रिकालाई अन्वेषण गर्न सकोस् भनी प्रार्थना गरेको भए, तिनको प्रार्थना जङ्गलको हावामा नै मिसिएर मरिसक्थ्यो, तर तिनले प्रार्थना गरे, "प्रभु, संसारको पापका घाउहरू कहिले निको हुन्छ?" डेविड लिविङ्स्टन प्रार्थनामा जिए र प्रार्थनामा नै घुँडा टेकेर मरे।

यो *पाप*को भोकले भरिएको पुस्तामा *प्रार्थना*को भोकले भरिएको मण्डलीको खाँचो छ। हामीले "परमेश्वरको अनमोल र महान् प्रतिज्ञाहरूलाई" फेरि एकपल्ट खोज्नुपर्छ। परमप्रभुको त्यो महान् दिनमा न्यायको आगोले हामीले गरेको कामको *आकार* कति ठूलो छ भनी होइन, तर त्यो कस्तो *प्रकार*को छ भनी जाँच्छ। प्रार्थनाले जन्मेको काम यो परीक्षामा सफल हुन्छ। प्रार्थना परमेश्वरसँगको मामिला हो। प्रार्थनाले प्राणहरूप्रतिको तृष्णा ल्याउँछ; प्राणहरूप्रतिको तृष्णाले प्रार्थना ल्याउँछ। बुझ्ने प्राणले प्रार्थना गर्छ; प्रार्थना गर्ने प्राणले बुझ्छ। आफ्नो कमजोरी स्वीकार्दै प्रार्थना गर्ने प्राणलाई परमेश्वरले शक्ति दिनुहुन्छ। हामी एलियाले जसरी नै प्रार्थना गर्ने मानिसहरू भएको भए हुन्थ्यो, जो हामी जस्तै स्वभावका थिए! प्रभु, हामीलाई प्रार्थना गर्न सहायता गर्नुहोस्।

अनेटियुम टापुमा हजार जना भेला हुने एउटा मण्डलीको अगाडि जोन गेड्डीको (John Geddie) सम्झना स्वरूप राखिएको चिनोमा यसरी लेखिएको थियो :

*"सन् १८४८ मा उहाँ यहाँ आउँदा इसाईहरू कोही थिएनन्; सन् १८७२ मा उहाँ यहाँबाट जाँदा गैरइसाई कोही थिएन।" : स्मारिका - जोन गेड्डी (दक्षिण समुद्रमा रहेको प्रेस्बिटेरियन मिसनहरूको पिता)*

*पेन्तिकोसको दिनदेखि सामूहिक प्रार्थनाले (त्यो दुई अथवा तीन जनाको भए पनि) सुरु नभएर अरू कुनै तरिकाले सुरु भएको आत्मिक जागृति कुनै पनि देशमा अहिलेसम्म भएको छैन। त्यस्ता आत्मिक कामहरू ती प्रार्थना सभाहरू बन्द भइसकेपछि निरन्तरता पाएको पनि छैन। - डा. ए.टी. पियर्सन*

# अध्याय - १९

## जता मण्डली, उतै संसार

यो मध्यरातको घडीमा दन्किएका मानिसहरूको खाँचो छ। पेन्तिकोसको दिनमा त्यो महिमित समूहको लागि जिउँदो परमेश्वरको ज्वाला नै मानिसको हृदयको ज्वाला बन्यो। त्यो दिन माथिल्लो कोठामा वेदनाले भरिएका यी मानिसहरूबाट मण्डली सुरु भयो – र आज भोजको कोठामा व्यवस्थापनमा व्यस्त मानिसहरूमा अन्त हुँदैछ। त्यो दिन मण्डली जागृतिबाट सुरु भयो; आज हामी त्यसलाई रीतिरिवाजमा अन्त गर्दैछौँ। शक्तिसाथ सुरु गऱ्यौँ; बाँझो अवस्थामा अन्त गर्दैछौँ। त्यति बेलाको मण्डलीका अगुवाहरू आगोले भरिएका थिए, तर उपाधिले होइनन्; आज धेरैले उपाधि प्राप्त गरेका छन्, तर आगोचाहिँ छैन! हाय, मेरा भाइहरू, जलिरहेको हृदय भएका मानिसहरू नै यो घडीको अत्यन्त ठूलो आवश्यकता!

मानिसहरू आगोको खम्बा हुनुपर्दछ। गलत मार्गदर्शन पाएको समाजलाई सही बाटोमा अगुवाइ गर्न परमेश्वरले मानिसहरूलाई मार्गदर्शन दिनुभयो; डराउने तिमोथीलाई जगाउनको लागि जोसिलो पावल; प्रसिद्धि भएका मानिसहरूभन्दा बढी चम्किन र बल्न आगोको ज्वाला भएका मानिसहरू! हामीलाई रातभरि प्रार्थनामा अगुवाइ गर्नको लागि प्रार्थनाका योद्धाहरूको आवश्यकता छ। बेइमानी कमाइको बारेमा चेतावनी दिन सच्चा भविष्यवक्ताहरूको आवश्यकता छ। "किनभने मानिसले सारा जगत् हात पारेर आफ्नो प्राण गुमायो भने त्यसलाई के फाइदा हुन्छ?" (मर्कूस ८:३६)

यी अन्तिम समयहरूमा बच्चालाई फकाउने जस्तो प्रचार गर्ने सम्मेलन प्रचारकहरू नै ठूलो दुर्घटना हो। हुनुपर्ने चिच्च्याइचाहिँ, "सियोनमा तुरही फुक, पवित्र उपवासको घोषणा गर, पवित्र सभा बोलाओ... परमप्रभुको अगि सेवा गर्ने पूजाहारीहरू मन्दिरको दलान र वेदीका बीचमा रोऊन्!" (योएल २:१५–१७)

परमप्रभुको आगोलाई पाएर पनि त्यसलाई निभ्न दिएको हृदयको तुलनामा हिमालका शिखरहरू तातो हुन्छन्। आगो बलिरहँदा मात्र फलाम पग्लिन्छ; आगोलाई हटाउनुभयो भने फलाम कडा हुन्छ। त्यसरी नै स्वर्गीय आगोको राप नपाउने मानिसको हृदय पनि कडा र चिसो हुन्छ।

यदि पवित्र आत्मा अनुपस्थित हुनुहुन्छ भने, प्रचारकको अध्ययन विचारलाई टुक्रा–टुक्रा पारेर एउटा जीवनविनाको सिद्धान्तलाई विकास गर्ने प्रयोगशाला मात्र हुन्छ। शिक्षामा अभिषेकको आवश्यकता पर्छ; सत्य तीखो हुनुपर्छ र सान्त्वनाले आगो सल्काउनुपर्छ।

प्रेरित भएका मानिसहरूको नितान्त आवश्यकता छ! पवित्र आत्माले तयार गरेका प्राणहरूको आवश्यकता यो बिग्रिरहेको पुस्ताको लागि अपरिहार्य छ। यो अन्तिम समयको अधर्म भन्ने बतासले मानवीय आगोलाई निभाइदिन्छ र सुकेको निगालो आँधीमा भाँचे जस्तै साम्प्रदायिक सिद्धान्तहरूलाई अचानक भाँचिदिन्छ। यी समयहरूमा तेजिलो हावा जसरी झूटा धर्महरू र मनतातो इसाइत्वले संसारलाई सताइरहेको छ। आगो नभएका मानिसहरूले झूटो आगोको बारेमा दिने चेतावनी सुनेर हामी पनि आगोविना जिउनुमा नै सन्तुष्ट हुन पुगेका छौँ!

शरीरबाट उब्जेको के हो, आत्माबाट उब्जेको के हो भन्ने कुरा छुट्याउन नसकेर यस घडीका अगुवाहरूले नयाँ आत्मिक उन्नति भइरहेको छ भनी स्तुति गाउँदै हिँडेका छन्। फेरि पनि असल उत्कृष्टको शत्रु भएको छ। (बुद्धिमान्ले बुझ्ने छ), होसियारी हुनुहोस्! लडन्त अझै बलियो हुँदैछ! डढुवा र दुर्दशाको रात हो यो। प्रभु, *मानिसले बनाएको* धर्मले ध्वस्त भएको, *मानिसले बनाएको* सम्प्रदायले श्रापित भएको र *मानिसले बनाएको* सिद्धान्तले नष्ट भएको यो देशलाई बचाउनुहोस्! यस्तो खराब घडी योभन्दा पहिले कहिल्यै आएको थियो? दोहोऱ्याई रहन पर्ने प्रयास नै उन्नतिको लागि हामीले तिर्नुपर्ने मूल्य हुन्छ।

मण्डली जाने बाटोमा नै संसार पनि जान्छ! पहरेदार सुत्यो भने शत्रुले सहरलाई लिन्छ! प्रचारकले कम्तीमा हप्ताको एक दिन प्रवचन तयार गर्नको लागि दिनुपर्छ, र अझै एक दिन तयार भएको प्रवचनलाई प्रचार गर्न प्रचारक तयार हुन दिनुपर्छ। प्रेरणा जीवन जसरी नै रहस्यमय हुन्छ,



मण्डली हिंड्ने बाटोमा नै संसार पनि हिंड्छ

किनभने दुवै परमेश्वरले दिएको हो। प्राकृतिक रूपमा जीवनले जीवन जन्माउँछ। त्यसै गरी प्रेरित मानिसहरूले प्रेरणा दिन्छन्।

पवित्र आत्माको सामर्थ्यमा जिउने भन्ने प्रतिज्ञा गरिएको भूमिमा परमेश्वरका मानिसहरूलाई अगुवाइ गर्न हामीलाई यहोशूहरू चाहिन्छ। इस्राएल जाति जसरी नै हामी मिश्रदेश र फारोको हातबाट उम्क्यौँ, तर कादेश–बर्नेमा असफल भयौँ। खुट्टा टेक्नको लागि भएको ढुङ्गो नै ठेस लाग्ने ढुङ्गो बन्न सक्छ। पुग्नुपर्ने ठाउँको मूल ढोका नै लक्ष्य बन्न सक्छ। यात्रा गरिरहेको बाटो नै गन्तव्य हुन पुग्न सक्छ।

"अविश्वास भन्ने अन्धोपनले निश्चय नै बाटो बिराउन लगाउँछ र उहाँका कार्यहरूलाई पत्ता लगाउन प्रयास गर्नु व्यर्थ हुन्छ।" हामी संसारको दरिद्रताबाट निस्क्यौँ, तर उहाँको सम्पत्ति रहने कनानमा प्रवेश गरेका छैनौँ; होइन त?

विचार गर्नुहोस्! चुनिएको यो जातिले चालिस वर्षसम्म कुनै अचम्मको काम देख्न पाएन, र प्रार्थनाको उत्तर पनि पाएन, सिर्फ मृत्यु, अनिकाल र अन्धकार मात्र पाए। यी सबै अविश्वासले हो। "नेफिलीमहरू हामीभन्दा बलिया छन्" भन्नु नै उनीहरूको चिच्च्याइ थियो। (गन्ती १३:१७–३३)। आज हामी पनि यसरी नै चिच्याउँछौँ। "त्यसको सामर्थ्यलाई हेर; सक्छ भने त्यसको शक्तिलाई नाप!" हामीले दिनुपर्ने जवाफचाहिँ "परमप्रभु, म प्रार्थना गर्छु... आँखा खोलिदिनुहोस्" (२राजा ६:१७)। "परमप्रभुको हात बचाउन नसक्ने गरी छोटो भएको छ त" (यशैया ५९:१) ? हामीले परमेश्वरलाई भूतकालको र भविष्यवाणीको परमेश्वर भनी ठान्छौँ भने वर्तमानको परमेश्वर भनी ठान्दैनौँ त?

पेन्तिकोसको दिनमा पत्रुसको प्रवचन हृदयलाई पोल्ने र तलास गर्ने खालको थियो। सत्य जीवित भएर आयो। *"योएल भविष्यवक्ताद्वारा भनिएको कुरा यही हो।"* (प्रेरित २:१६)। प्रेरित भएको लेखकले थाहा पाए कि परमप्रभुको यो तरबारमा नयाँ एउटा धार छ, जसले गर्दा सुन्नेहरूको मुटु छेडियो (प्रेरित ५:३३) KJV।

मानिसहरूले सधैँ भन्छन् कि, यो लडन्तका दिनहरूमा मानिसहरूलाई सान्त्वनाको आवश्यकता छ। सहमत भएँ, धेरैलाई सान्त्वनाको आवश्यकता छ। रोगी, निराश भएका र पीडामा परेकाहरू योभित्र पर्छन्। यद्यपि यो कुरा बुझ्न कसैले नछोडोस्, कि घर आगो लाग्दा चुप रहनु अपराध हो। सुतिरहेको आफ्नो छिमेकीको घरमा हतियार बोकेर अपराधी छिर्दा छिमेकीलाई सुतिरहन दिने व्यक्ति सान्त्वना दिने मानिस होइन।

रगतलाई आदर गर्ने, उहाँको मानव जन्मलाई विश्वास गर्ने र अनन्त आगोको न्याय भएको हाम्रो ख्रीष्टको सुसमाचारलाई इन्कार गर्ने पराल जस्ता तुच्छ मानिसहरूको अगाडि के हामी सामर्थ्यलाई गुमाउने हो त? यस्तो गर्दा हामी काठको धूलोले बनाएको शासक बन्न पुग्छौँ। नरकको सेना ठूलो छ; तर स्वर्गको सेना त्योभन्दा महान् छ। शैतान शक्तिशाली छ; परमेश्वर सर्वशक्तिमान् हुनुहुन्छ। जोखिम ठूलो छ; त्यसको अनुपातमा मूल्य र इनाम महान् छन्!

कसै–कसैले भन्छन्, अमेरिकाको स्वतन्त्रको लागि अरू सबैले भन्दा पेट्रिक हेन्रीले बढी काम गर्नुभयो। सन् १७७५ मार्च २३ तारिखमा भक्तिसाथको जोसले भरिएर उहाँले बोलेको कुरालाई सुन्नुहोस्, "साङ्लो र दासत्वको मूल्य तिरेर किन्नको लागि जीवन अति प्रिय र शान्ति अति मनोहर भएको हो त? सर्वशक्तिमान् प्रभु, यस्तो कदापि नहोस्! अरूले कुन बाटो रुचाउँछन् भनी मलाई थाहा छैन, तर मेरो लागि चाहिँ कि मलाई स्वतन्त्रता दिनु, नत्र मलाई मृत्यु दिनु।"

संसारमा आजको दिनमा भएको डरलाग्दो बन्धन र दासत्व, जसले अरू बाँकी भएको सबै मानव जातिलाई पनि तर्साउँछ, त्यो काल्पनिक कथा होइन! कम्युनिजमले संसारलाई जित्न सक्छ होला, तर साँचो परमेश्वरका छोराछोरीहरूको लागि त्योभन्दा डरलाग्दो कुरा पश्चात्ताप नगरेका मानिसहरूले भोग्नुपर्ने अनन्त नरक!

हुन सक्छ, हामी पेट्रिक हेन्रीको भाषाको नजिक भएर यसरी भन्नुपर्छ होला, "अविश्वास र प्रार्थनाविनाको सुख्खा आँखाहरू भन्ने मूल्य तिरेर किन्नको लागि जीवनको समय अति प्रिय र घरको आरामदायी अवस्था अति आकर्षक भएको हो त?" परमेश्वरको न्यायको दिनमा नाशमा जाने

लाखौँ प्राणहरूले मलाई थोरै वचनको रङ्ग लगाएको भौतिकवादी भन्ने दोष लगाउन दिने हो त?

सर्वशक्तिमान् प्रभु, यस्तो कदापि नहोस्! अरूले कुन बाटो रुचाउँछन् भनी मलाई थाहा छैन, तर मेरो लागि चाहिँ कि मेरो प्राण, मेरो मण्डली र मेरो देशमा **जागृति दिनुहोस्, नत्र मलाई मृत्यु दिनुहोस्!"**

*जे तिमीले पृथ्वीमा बाँध्नेछौ, सो स्वर्गमा बाँधिनेछ। — येशू*

*तिमीहरूको शत्रु दियाबलस... विश्वासमा दह्रिला भएर त्यसको विरोध गर। — पत्रुस*

*आफैलाई परमेश्वरको अधीनमा राख। दियाबलसको विरोध गर, र त्यो तिमीहरूबाट भाग्नेछ। — याकूब*

*परमेश्वरका जनहरूले आफ्नो प्रार्थनामा जति बढी शैतानको सामना गर्छन्, त्यति नै बढी तिनीहरूले जीवनका मुद्दाहरूमा पवित्र आत्माको स्वतन्त्रताको स्वाद चाख्नेछन्। — एफ.जे. पेरिमेन*

*प्रभुज्यू, तपाईंको नाउँमा भूतहरू पनि हाम्रा वशमा आउँछन्। — सत्तर जना चेलाहरू*

*ए नरक, म देख्छु तँ वरिपरि उर्लिरहेको;*
*तर मेरा प्रभुमा मैले आड पाएको छु,*
*एउटा बलियो, स्थिर बासस्थान*
*जहाँबाट म शत्रुको सामना गर्छु,*
*र यहाँ परमेश्वरको दाहिने हातमा उहाँसँगै,*
*म तपाईंको कलवरीको विजयमा खडा छु। — अज्ञात*

*मृत्युका सारा सेनाहरूर नरकका अज्ञात शक्तिहरूलेआफ्नो भयानक क्रोध र द्वेष खन्याए तापनि, म सुरक्षित रहनेछु;*
*किनकि ख्रीष्टलेसर्वोच्च शक्ति र रक्षा गर्ने अनुग्रह देखाउनुहुन्छ।*
*— आइज्याक वाट्स*

# अध्याय - २०

# नरकमा परिचित

कुनै–कुनै प्रचारकहरू आफूले प्रचार गर्ने विषयमा निपुण भएका हुन्छन्; कुनै–कुनै प्रचारकहरू आफूले प्रचार गर्ने विषयलाई पालन गर्नुमा निपुण भएका हुन्छन्; कहिलेकाहीँ मात्रै कसैले विषयलाई प्रचार गर्नु र पालन गर्नु दुवैमा निपुण भएको प्रचारकलाई भेट्छ। प्रेरित पावल यो वर्गका थिए भनी म पक्का छु।

एफिससमा पावललाई हेर्नुहोस् (प्रेरित १९)। सात जना मानिसहरूले एउटा भूतात्मा लागेका मानिसमाथि धार्मिक सूत्रलाई प्रयोग गर्न प्रयास गरे। तर पहाडलाई हिउँको डल्लोले हटाउन खोजे जसरी भूतात्मा लागेको मानिसमाथि ईश्वरशास्त्रका शब्दहरू अथवा धर्मशास्त्रका वचनहरूलाई फ्याँक्नु बेकामको हुन्छ। यो एउटा भूतात्मा लागेको मानिसले सात जना चाप्लुस मूर्खहरूलाई सजिलै जिते। स्केवासका सात जना छोराहरू नाङ्गै शर्ममा भागिरहेको हुँदा, त्यो भूतात्मा लागेको मानिसले आफ्नो दराजलाई सात वटा वस्त्रहरूले भरे। घाइते भएर भागेका यिनीहरूले घटनालाई लुकाउन सकेनन्; परमप्रभुले यिनीहरूको मूर्खतालाई ख्रीष्टको महिमाको लागि प्रयोग गर्नुभयो र प्रभु येशूको नाउँमा सबै डराए र त्यो नाउँको प्रशंसा भयो। आत्मा खेलाउनेहरूले उद्धार पाए; यहूदी र ग्रीकहरू ख्रीष्टमा आए; र पचास हजार चाँदीको सिक्का मूल्य बराबरको तान्त्रिक किताबहरू र अन्य सामग्रीहरू आगोमा जलाए। मानिसको क्रोधले तपाईंको प्रशंसा गर्नेछ भन्नुको अर्थचाहिँ साँच्ची नै यही हो!(भजनसंग्रह ७६:१० KJV)। भूतात्माले दिएको गवाही सुन्नुहोस्, "येशूलाई म चिन्छु, **र पावललाई पनि म चिन्छु,** तर तिमीहरूचाहिँ को हौ?"(प्रेरित १९:१५)। येशूको शत्रुले येशूको वर्गमा एउटा मानिसलाई राख्नु नै पृथ्वी अथवा नरकले दिन सक्ने उच्च प्रशंसा हो।

पावलले कसरी यो गवाही पाए? किन पावललाई भूतात्माहरूले

चिनेका थिए? के तिनीहरूले पावललाई पनि पिटेका थिए अथवा पावलले तिनीहरूलाई सताएका थिए? यो मानिस पावलको बारेमा विचार गर्नुहोस्। परमेश्वर र पावल दुवै घनिष्ठ सम्बन्धमा थिए। तिनलाई प्रकाशहरू दिएको थियो। तिनको सेवा गर्नेहरू स्वर्गदूतहरू थिए; भूकम्पहरू तिनको अधीनतामा थिए। आत्माको शक्तिले भरिएको तिनका शब्दहरूले दुष्ट आत्माको बन्धनमा रहेको जोखना हेर्ने केटीको साङ्लाहरूलाई तोडिदिए। कोरिन्थीमा यो शक्तिशाली मानिस पावलले निराशको दलदलको एक भागलाई सुकाए र शैतानको ढोका अगाडि मण्डली स्थापना गरे, सिजरको नाकमुनिबाटै तिनको अधीनतामा भएका प्राणहरूलाई खोसे, सिजरको घरकै मानिसलाई पनि हो। पावल राजाहरूका अगाडि पनि निडर र निर्धक्क थिए, कि तिनले भने, "हे राजा अग्रिपा,...हजुरको सामु आफ्नो पक्षमा बोल्न पाएकोमा म आफूलाई धन्यको सम्झन्छु!" बुद्धिजीवीहरूको राजधानी भएको अरियोपागसलाई पनि पावलले पुनरुत्थानको सत्यलाई लिएर हमला गरे। पावल जीवित रहुन्जेल नरकले शान्ति पाएन।

पावलका हतियारहरू के थिए? आफ्नो तरबारलाई तिनले कहाँ उद्याए? पावलले एक पल्टभन्दा बढी "मलाई राजी गराएको छ" (KJV) भन्ने वाक्यलाई प्रयोग गरेका छन् र त्यसमा नै उनको रहस्य छ। प्रकाशित सत्यले तिनलाई हल्लिन नसक्ने गरी बलियो रूपमा पक्र्यो। वचन प्रभु जसरी नै अपरिवर्तनशील थियो। पावलको लङ्गर परमेश्वरको विश्वसनीयताको गहिराइमा लगाएको थियो। तिनको तरबार परमेश्वरको वचन थियो र शक्तिचाहिँ त्यो वचनमाथि भएको विश्वास थियो। त्यसैले पवित्र आत्माले शैतानले गर्न गइरहेका युक्तिहरूको बारेमा अघिबाटै होसियारी गराउनुहुन्थ्यो। पावल शैतानका युक्तिहरूका विषयमा अजान थिएनन्; त्यसैले नरक सताइएको थियो। मानिसहरूले तिनलाई हत्या गर्न खोज्दा पनि त्यो खबर एउटा केटोले पुऱ्यायो, र मानिसहरू र भूतात्माहरूको युक्ति विफल भयो।

मानिसहरूलाई नरकबाट र घृणित पापबाट बचाउने आत्मिक जीवन अद्भुत छ, तर म विश्वास गर्छु, कि त्यो सुरुवात मात्र हो। पावल क्रूसको नजिक जाँदा परिवर्तन र पुनर्जन्म भन्ने अचम्मको काम भयो, तर पछिका

समयहरूमा तिनी क्रूसमा जाँदा ख्रीष्टसँग एक हुनु भन्ने महान् अचम्मको काम भयो। एकै समयमा मरेको र जीवित पनि रहेको अवस्था भन्ने प्रेरित पावलको दक्षपूर्ण विवाद यही नै हो भनी म विश्वास गर्छु। पावलले गलातीहरूलाई लेख्नुहुन्छ, "तिमीहरू मरेका छौ।" उदाहरणको लागि यो शब्दलाई हामीमाथि प्रयोग गरेर हेरौँ। *हामी मरेका छौँ त ?* दोष र प्रशंसाको लागि *मरेका* छौँ त? फेसन र मानव विचारको लागि *मरेका* छौँ त? प्रख्यात हुने इच्छाको लागि *मरेका* छौँ त? हाम्रो परिश्रमले ल्याएको परिणामको प्रशंसा अरूले पाउँदा नछट्पटाउने गरी मरेका छौँ त? ख्रीष्टको आत्माको वास हामीभित्र हुनु भन्ने कुरा कति आनन्द, सन्तुष्टि दिने मिठो अनुभव हो! हामीले पनि वेस्लीसँग गाउन सक्छौँ:

*"संसार र त्यसका सबै चिजको लागि मरेँ!*
*त्यसको व्यर्थको देखावट र उडिजाने रमाहटको लागि!*
*ख्रीष्ट नै मेरो महिमा होस्!"*

हो, पावल *मरेका थिए।* त्यसपछि तिनले लेखे, "तरै पनि *म जिउँछु;* त्यसो भए पनि म त होइन" (KJV)। संसारमा भएका धर्महरूमा इसाई धर्म एउटा मात्र छ, जसमा एउटा मानिसको परमेश्वर ऊभित्र आएर वास गर्नुहुन्छ। पावल मासुसँग लडेका थिएनन् (न त उनको आफ्नो, न त अरूको), तर तिनले प्रधानताहरू, शक्तिहरू, वर्तमान अन्धकारका सांसारिक शासकहरूसँग लडे। "र *पावललाई पनि म चिन्छु*" भनी भूतात्माले किन भनेको थियो भनी यो कुराले हामीलाई देखाउँछ। पावल भूतात्माको शक्तिको विरुद्धमा लडिरहे। (अहिलेको यो आधुनिक दिनहरूमा पावलले जानेको त्यो बाँध्ने र फुकाउने कला पूर्ण रूपमा बिर्सिएको छ, अथवा बेवास्ता गरिएको छ।) उनको सांसारिक परदेशी जीवनको अन्तिम समयहरूमा तिनले घोषणा गरे, "मैले उत्तम लडाइँ लडेको छु।" भूतात्माहरूले यो कुरा सुनेर 'आमेन' भने होलान्, किनभने पावललाई तिनीहरूले सताएको भन्दा बढी पावलले तिनीहरूलाई सताएका थिए। हो, पावल नरकमा परिचित थिए।

उनको प्राणलाई निडर राख्ने अर्को एउटा लङ्गरचाहिँ पापप्रति भएको पवित्र परमेश्वरको क्रोध हो। "प्रभुको भय थाहा गरेर तिनले मानिसहरूलाई मनाए" (२कोरिन्थी ५:११)। पावलले मानिसहरूलाई



येशू र पावलको अगाडि शैतानका आत्माहरू त्रस्त भए

हराएको ठाने! मानिसको हराएको अवस्थालाई देख्न नसकेको हाम्रो धमिला आँखाहरूको लागि स्वर्गीय हातहरूले त्यो दृश्यलाई सफा पारिदिन आवश्यक छ। पावलले आफ्नो प्रभुलाई पूर्ण रूपमा प्रेम गरेकोले तिनले पापलाई पूर्ण रूपमा घृणा गरे। तिनले मानिसहरूलाई उडन्ता भएका मात्र होइन, तर विद्रोही भएका; धार्मिकताको बाटो त्यागिएका मात्र होइन, तर दुष्टता रच्ने अवस्थामा देखे, जसलाई क्षमा दिनुपर्थ्यो अथवा दण्ड। भूतात्माको शक्तिको दासत्वमा मानिसहरू परेर गर्ने अन्यायलाई देखेर तिनी प्रेमको आगोले जले। *"म एउटा काम गर्दछु"* भन्ने नै उनको नारा थियो। उनलाई अन्य कुनै मुद्दा मामिलाहरू थिएन, कुनै किताबहरू बेच्न परेको थिएन। कुनै लक्ष्यहरू थिएन, त्यसैले डाहा गर्नुपर्ने कुराहरू पनि थिएन। तिनको कुनै इज्जत थिएन र त्यसैले लड्नुपर्ने कुराहरू पनि थिएन। तिनको कुनै सम्पत्ति थिएन, त्यसैले चिन्ता गर्नुपर्ने कुराहरू पनि थिएन। तिनको कुनै अधिकार थिएन, त्यसैले कुनै अन्याय भोग्ने कुरा नै थिएन। तिनी पहिले नै फुटेका थिए, त्यसैले कसैले पनि तिनलाई फुटाउन सकेन। तिनी मरेका थिए, त्यसैले तिनलाई कसैले मार्न सकेन। तिनी तुच्छ ठानिएकाहरूभन्दा तल्लो अवस्थामा थिए, त्यसैले तिनलाई कसले अपमान गर्न सक्छ। तिनले सबै कुराको नोक्सानी भोगिसकेका थिए, त्यसैले तिनलाई कसैले ठग्न सकेन। "र पावललाई पनि म चिन्छु" भनी भूतात्माले किन भन्यो भन्ने बुझ्न यी कुराहरूले सहायता गऱ्यो? यो परमेश्वरले मातिएको मानिस नरकको लागि टाउको दुखाइ भए।

यो सन्तको अर्को एउटा लङ्गरचाहिँ येशूको रगतको शक्ति र पूर्ण उद्धार दिन सक्ने ख्रीष्टको सामर्थ्य यी दुवै थिए। "किनकि **सबैले** पाप गरेका छन्, र परमेश्वरको महिमासम्म पुग्नबाट चुकेका छन्।" हो! तर ख्रीष्ट येशूले **सबैलाई** पूर्ण रूपमा उद्धार गर्न सक्नुहुन्छ, जो उहाँद्वारा परमेश्वरकहाँ आउँछन्। संसारले सबै पापको प्रायश्चित्त गर्न सक्ने थुमालाई चिनेको भए हुन्थ्यो! पावलले प्रचार गरेको प्रायश्चित्त सीमित थिएन। तिनी एउटा धार्मिक लडाकु थिए, र त्यही नै हुन चाहेका पनि थिए। अनन्त नरकको तुलनामा नाश हुने चिजहरू के लाभको हुन्छन्? र मानिसहरूबाट पाउने आदर के महत्त्वको हुन्छ? अथवा नरकका युक्तिहरू के- के छन्? अहिले मानिसहरू **हराइरहेका छन्**, मरेपछि पनि

त्यसरी नै रहन्छन्। अहिले मानिसहरू घोर अधर्म भन्ने भुमरीभित्र तानिँदैछन्, जसले अन्तमा तिनीहरूलाई **अनन्त नरक**भित्र सोस्छ। यो सत्य हो? पावल यो सत्य हो भनी निश्चित भएका थिए। त्यस्तै हो भने, "जाग्, जाग्! हे परमप्रभुको बाहु, शक्ति धारण गर्" (यशैया ५१:९)। "मलाई तपाईंको युद्धको बन्चरो र लडाइँको हतियार बनाउनुहोस्," भनी पावलले भन्दै गरेको म सुन्छु।

पावलको अर्को एउटा लङ्गरचाहिँ "शरीरबाट अलग भएर परमप्रभुसँग रहनु" (२कोरिन्थी ५:८)। यहाँ प्राण निद्रामा बिताउने समय छैन! थकाउने लामो पर्खिरहने समय यहाँ छैन! एउटा जीवनबाट निस्केर अर्को जीवनमा प्रवेश! अनन्तता बारेको सोचमा शब्दहरूको अभाव भयो, कल्पना शक्ति धरमरायो। पावलले कुटाइ–चुटाइ, कैद, परिश्रम, अनिद्रा, भोक र पीडाहरूलाई, "यसरी हामी सधैँ प्रभुसँग रहनेछौँ," भन्ने उपहार पाउने भएकोले "हलुका र क्षणभरको" भनी लेखिदिए। पावलको विरोधमा भूतात्माहरूको सबै गोली र आक्रमण खेर गए। अझै पनि तपाईंले ती भूतात्माहरूमध्ये एउटाले "र पावललाई पनि म चिन्छु" भनी भनेकोमा छक्क पर्नुहुन्छ?

पावलको प्राणको लङ्गरको रूपमा रहेको अन्तिम एउटा सत्यचाहिँ *"हामी सबै ख्रीष्टका न्याय-आसनको सामुन्ने खडा हुनुपर्छ"* (२ कोरन्थी ५:१०)। अनन्त जीवनको महत्त्वलाई ध्यानमा राखी जिउँदा त्यसले आउने परीक्षाको खिललाई हटाइदियो। यो संसारमा सही तरिकाले जिउनु नै पछि आउने जीवनको आधार हो; मैले धार्मिकताको जीवन जिउनुपर्छ भनी भनेको मात्र होइन, तर पवित्र वचनले देखाएबमोजिम जिउनुपर्छ भनेको हो। पावल परमेश्वरको पुत्रको स्वरूपमा यति बनिनुभएको थियो, कि तिनले भन्न सके, "जुन कुरा मबाट सिक्यौ, र ग्रहण गऱ्यौ र सुन्यौ र ममा देख्यौ, त्यही गर।" (फिलिप्पी ४:९)। नक्कलबाट उतारेर अर्को नक्कल बनाउनु भरपर्दो हुँदैन, तर पावलबाट उतारेर बनाउनु भरपर्दो नै हुन्छ, किनभने तिनी पूर्ण रूपमा समर्पित थिए, र पवित्र थिए र सन्तुष्ट थिए, हो, "ख्रीष्टमा पूर्ण थिए।" भूतात्माले "र पावललाई पनि म चिन्छु" भनी भनेकोमा अझै तपाईं छक्क पर्नुहुन्छ? मचाहिँ होइन।

**-समाप्त-**



लियोनार्ड रेभेनहिल

लियोनार्ड रेभेनहिल (१९०७-१९९४) २०औं शताब्दीका एक प्रख्यात बेलायती इभान्जलिस्ट र लेखक हुनुहुन्थ्यो। उहाँको जन्म बेलायतको लिड्समा भएको थियो। उहाँ जन्मिएको दुई घण्टापछि उहाँकी आमाले ओछ्यानबाटै उहाँतिर हात बढाउनुभयो, उहाँमाथि आफ्ना हात राख्नुभयो र एउटा कडा शर्तसहित प्रार्थना गर्नुभयो, "हे प्रभु, यो बालकलाई प्रचारक बनाउनुहोस्, नत्र यसलाई बाँच्न नदिनुहोस्।"

यसरी बाल्यकालमा नै सेवाका लागि अर्पित रेभेनहिलले मण्डली इतिहास र इसाई जागृतिको क्षेत्रमा ठूलो प्रभाव पार्नुभएको छ। उहाँको प्रचारले बेलायत र अमेरिकाका मण्डलीहरूलाई भित्रैसम्म छेड्ने गरी, ऐश्वर्य भन्ने बोसोमुनि लुकेको पाप र दागलाई बाहिर ल्याएको थियो। उहाँले मण्डलीको बारेमा एकपल्ट यसो भन्नुभएको थियो: "मण्डली नष्ट भइरहेकाहरूलाई बचाउने उद्धारको नाउ (Lifeboat) को रूपमा रहँदै आएको थियो, तर अहिले दिन सक्नेहरूलाई ठाउँ दिने मनोरञ्जनको जहाज (Cruise Ship) भएको छ।"

उहाँको सेवकाइद्वारा लाखौं प्रभावित भए, तीमध्ये धेरैले सेवाको लागि आफ्नो जीवन समर्पण गरे र अन्य कतिपय व्यक्तिहरूले मिशनको यात्रा सुरु गरे।

अङ्ग्रेजी भाषामा मात्रै यो किताबका दश लाखभन्दा बढी प्रतिहरू अहिलेसम्म छापिएका छन्, साथै युरोपेली र अन्य भाषाहरू जस्तै चाइनिज, कोरियन, हिन्दी, तमिल, तेलुगु, उर्दू जस्ता बीसभन्दा बढी भाषाहरूमा यो किताब अनुवाद भएको छ।

परमेश्वरको अगुवाइ र अनुग्रहद्वारा नेपाली इसाई समाजमा जागृतिका लागि हामीले यस किताबलाई नेपाली भाषामा अनुवाद गरेका छौं।

लियोनार्ड रेभेनहिलले जागृतिको बारेमा यसो भन्नुभएको थियो: "हाम्रो बिचमा जागृति नआएको कारण एउटा मात्र छ, त्योचाहिं हामी जागृतिविना नै जिउन सन्तुष्ट भएका छौं।"

जागृति भनेको के हो, र त्यसका बाधाहरू के-के छन् र मण्डली र देशमा जागृति आउनको लागि के गर्नुपर्छ भन्ने कुराहरूलाई यो किताबले प्रस्ट्याउँछ।

**Tabernacle of God Ministries**
Bahrabise, Sindhupalchowk, Nepal